# समान पहुँच

## अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन र राजनीतिक प्रक्रियाहरूमा कसरी समावेश गर्ने



INTERNATIONAL FOUNDATION FOR ELECTORAL SYSTEMS
IFES
25 YEARS

NDI
NATIONAL DEMOCRATIC INSTITUTE

*यो निर्देशिका अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID) द्वारा गरिने पुनरावलोकनका लागि तर्जुमा गरिएको थियो । इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स (IFES) र नेशनल डेमोक्र्याटिक इन्स्टिच्युट (NDI) ले यो निर्देशिका तयार पारेको थियो । यो पुस्तकमा व्यक्त भएका लेखकका विचारले युएसएआईडी वा अमेरिकी सरकारको दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन् ।*

# समान पहुँच

## अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन र राजनीतिक प्रक्रियाहरूमा कसरी समावेश गर्ने

INTERNATIONAL FOUNDATION FOR ELECTORAL SYSTEMS
IFES
25 YEARS

NDI
NATIONAL DEMOCRATIC INSTITUTE

**समान पहुँचः अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन तथा राजनीतिक प्रक्रियाहरूमा कसरी समावेश गर्ने**
आईएफईएसद्वारा सन् २०१४ मा प्रकाशित । सर्वाधिकार प्रकाशकमा निहित ।

अनुमति लिनुपर्नेः आईएफईएसको लिखित अनुमति विना यो निर्देशिकाको कुनै पनि भागको कुनै पनि किसिमको प्रतिलिपि निकाल्न, रेकर्डिङ लगायतका कुनै पनि माध्यम (इलेक्ट्रोनिक वा भौतिक) द्वारा सूचना भण्डारण तथा पुनः उत्पादन गर्न पाइने छैन ।

प्रतिलिपिको लागि अनुरोध गर्दा निम्न सूचनाहरू समावेश गर्नुपर्ने छ :

- प्रतिलिपि गर्न अनुमति चाहेको सामग्रीको विस्तृत विवरण,
- प्रतिलिपि गरिने सामग्री प्रयोग गर्नुको उद्देश्य तथा प्रयोग गर्ने तरिका,
- अनुमति माग्ने व्यक्तिको नाम, पद, संस्थाको नाम, टेलिफोन नम्बर, फ्याक्स नम्बर, ई-मेल र पत्र पठाउने ठेगाना ।

कृपया अनुमतिका लागि सबै आवश्यक सूचनासहितको निवेदनलाई देहायको ठेगानामा पठाउनुहोस् :

International Foundation for Electoral Systems
1850 K Street, NW, Fifth Floor
Washington, D.C. 20006
E-mail: editor@ifes.org
Fax: 202.350.6701

*कभर फोटो, छितेन दोर्जी, भुटान*
*पेज नं. २८, ३५, ६१, ६२ (माथि) मा भएका फोटोहरू एनडीआईको स्वामित्वका हुन् ।*
*अन्य सबै फोटोहरू आईएफईएसका स्वामित्वका हुन् ।*
*पढ्न र बुझ्न सरल भाग डाउन सिन्ड्रोम, आयरल्याण्डका ग्राने डे पउरद्वारा तयार गरिएको हो ।*

यो प्रकाशन अपाङ्गता समुदायका राजदूत युस्डाएनाप्रति समर्पण गरिएको छ । उहाँको अथक प्रयासहरूले दक्षिणपूर्वी एशिया तथा अन्य स्थानमा रहेका उहाँका साझेदारहरूलाई निरन्तर प्रेरणा प्रदान गरेका छन् ।

# आईएफईएस र एनडीआई का बारेमा

### इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स

इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स (आईएफईएस) ले स्वतन्त्र एवं निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने नागरिकको अधिकारका लागि सहयोग गर्दछ। हाम्रा स्वतन्त्र विशेषज्ञहरूले निर्वाचन प्रणालीको सबलीकरण गरी दीर्घकालीन समाधानका लागि स्थानीय क्षमता अभिवृद्धि गर्नमा सहयोग गर्दछन्।

विश्वभर लोकतन्त्रको प्रवर्द्धनको नेतृत्व गरेको हुनाले हामी असल शासन र लोकतान्त्रिक अधिकारलाई निम्न अनुसार प्रवर्द्धन गर्दछौं :

- निर्वाचन अधिकारीहरूलाई प्राविधिक सहायता उपलब्ध गराएर,
- प्रतिनिधित्व हुन नसकेका समुदायलाई राजनीतिक प्रक्रियामा सहभागी हुन सशक्तीकरण गरेर,
- निर्वाचन चक्रका विभिन्न चरणमा सुधार ल्याउनका लागि कार्यक्षेत्रमा आधारित अनुसन्धानको उपयोग गरेर।

आईएफईएसले निर्वाचन तथा राजनीतिक प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको नागरिक हक वा मताधिकारको हकको प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गरेका अनुभव छन्। आईएफईएसले अपाङ्गता भएका व्यक्तिहरूको संस्थाका साथै नागरिक समाज र सरकारसँग पनि सहकार्य गर्दछ। यस अन्तर्गत विश्वव्यापी निर्वाचन सामग्रीहरू जस्तै : www.ElectionAccess.org को प्रयोग पनि पर्दछ। यो अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागीता सम्बन्धी पहिलो विश्वव्यापी अनलाइन स्रोत हो। संस्थाका कामको कदर स्वरूप सन् २०११ मा आईएफईएसलाई इन्टर एक्सन डिस्अबिलिटि इन्क्लुजन अवार्ड पनि प्राप्त भएको थियो।

सन् १९८७ देखि आईएफईएसले १३५ देशमा लोकतन्त्रको विकास गर्नेदेखि लोकतन्त्रलाई संस्थागत गर्नेसम्मका काम गरिसकेको छ। थप जानकारीका लागि www.IFES.org / www.ElectionAccess.org हेर्नुहोस्।

### नेशनल डेमोक्र्याटिक इन्स्टिच्युट

नेशनल डेमोक्र्याटिक इन्स्टिच्युट (एनडीआई) एउटा नाफारहित, कुनै पनि दल, व्यक्ति वा समूहको पक्ष नलिने गैरसरकारी संस्था हो, जसले विश्वभरका मानिसको आधारभूत मानव अधिकारको पहिचान एवं प्रवर्द्धन गरी लोकतान्त्रिक समाजमा बाँच्न पाउने अपेक्षालाई सम्बोधन गर्दछ।

सन् १९८३ मा यसको स्थापना भएदेखि एनडीआई र यसका स्थानीय साझेदार संस्थाहरूले लोकतान्त्रिक संस्थाहरू र अभ्यासहरू लाई सहयोग गर्दै सबल बनाउनका लागि राजनीतिक दल, नागरिक समाज एवं संसद्, निर्वाचन सुरक्षाका साथै सरकारमा नागरिकको सहभागीता, खुल्लापन तथा जवाफदेही प्रवर्द्धनका लागि काम गर्दै आइरहेका छन्।

एक सयभन्दा बढी देशमा भएका कर्मचारी तथा सिकारू राजनीतिक स्वयंसेवकमार्फत एनडीआईले व्यक्ति तथा समूहलाई एकिकृत गरी विचार, ज्ञान, अनुभव एवं विशेषज्ञताको अदानप्रदान गर्ने गर्दछ। साझेदार संस्थाहरूले अन्तर्राष्ट्रिय लोकतान्त्रिक विकास सम्बन्धी उत्कृष्ट अभ्यासहरू आदानप्रदान गर्न बृहत मौका पाउँदछन्, जसलाई

उनीहरूको देशका आवश्यकता अनुसार लागू गर्न सक्छन् । एनडीआईको बहुराष्ट्रिय अवधारणाले संसारभर कुनै एकमात्र लोकतान्त्रिक मोडेल नभएकाले सबै लोकतन्त्रमा भएका मुख्य सिद्धान्तहरूलाई पालना गर्नुपर्दछ भन्ने कुरालाई जोड दिन्छ ।

संस्थाका कार्यहरू मानव अधिकारको विश्वव्यापी घोषणामा निहित सिद्धान्तमा आधारित हुन्छन् । यसले नागरिक, राजनीतिक संस्था र निर्वाचित प्रतिनिधिहरूबीच संवादका लागि संस्थागत संयन्त्रको विकासलाई प्रवर्द्धन गर्दछ र सबै नागरिकको गुणस्तरीय जीवनमा सुधारका लागि तिनीहरूको क्षमता अभिवृद्धि गर्दछ । नेशनल डेमोक्र्याटिक इन्स्टिच्युट (एनडीआई) सम्बन्धी थप जानकारीका लागि www.NDI.org मा हेर्नसक्नुहुन्छ ।

# कृतज्ञता

*समान पहुँच* सम्बन्धी यस निर्देशिकालाई इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स (आईएफईएस) का भर्जिनिया एट्किन्सन र नेशनल डेमोक्र्याटिक इन्स्टिच्युट (एनडीआई) का आरोन एजेल्टन र केन्ट फगले लेख्नुभएको थियो ।

यो निर्देशिकाको निर्माणमा आफ्नो विशेषज्ञता र समय प्रदान गर्ने थुप्रै संस्था तथा व्यक्तिहरूप्रति इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स तथा नेशनल डेमोक्र्याटिक इन्स्टिच्युट हार्दिक कृतज्ञता व्यक्त गर्दछ । निर्देशिका लाई अन्तिम रूप दिन तल उल्लेखित पुनरावलोकनकर्ता तथा संस्थाहरूले प्रदान गरेको पृष्ठपोषण अतुलनीय रहेको छ ।

- प्याट्रिक क्लार्क - कार्यकारी प्रमुख, डाउन सिन्ड्रोम, आयरल्याण्ड
- क्रिस्टिना फ्रान्सिस्को - संस्थापक, सर्कल अफ वुमेन विथ डिस्अबिलिटिज, डोमीनीकन रिपब्लिक
- सुसन हेन्डर्सन - कार्यकारी निर्देशक, डिस्अबिलिटी राईट्स एण्ड एडुकेशन डिफेन्स फण्ड, यु.एस. बेस्ड
- एना लसन - एसोशियट प्रोफेसर, डिस्अबिलिटी राईट्स एण्ड ल, युनिभर्सिटी अफ लिड्स, युनाईटेड किङडम
- फराई मुकुटा - कार्यकारी निर्देशक, नेशनल एसोशियसन अफ सोसाइटी फर द केयर अफ द ह्याण्डीक्याप, जिम्बाब्वे
- एलेक्जेन्ड्रिया पनेहल - मिशन निर्देशक, युनाईटेड स्टेट एजेन्सी फर इन्टरनेशनल डिभलपमेन्ट/डोमीनीकन रिपब्लिक
- हिछाम रचिडि - कन्सल्ट्यान्ट, मोरक्कन कलेक्टिभ फर द प्रमोशन अफ द राईट्स अफ द पर्सन विथ डिस्अबिलिटिज
- सुसन साईगल - सह-संस्थापक तथा कार्यकारी अधिकृत, मोबिलिटी इन्टरनेशनल, युएसए
- स्टेफन ट्रोमेल - कार्यकारी निर्देशक, इन्टरनेशनल डिस्अबिलिटी एलाएन्स, स्वीट्जरल्याण्ड
- युस्डाएना - सिनियर डिस्अबिलिटी राइट्स एड्भाइजर, इन्डोनेशिया डिस्एबल पिपल्स एसोशियसन
- सेन्टर फर सोसाईटी ओरियन्टेशन, सर्बिया
- युथ विथ डिस्अबिलिटिज फोरम, सर्बिया

आईएफईएसका डेभिड इनिस, काइल लेमार्जी र म्याक्सिमो जाल्डिभार तथा एनडिआईका जेलेना एब्रामोभिक,

प्याट मोर्लो र थोमस केली लगायत सबै कर्मचारी, जसले निर्वाचन व्यवस्थापन निकाय र नागरिक समाजसँग काम गर्दाका आफ्ना अनुभवहरूका आधारमा प्रदान गर्नुभएको प्राविधिक सहयोगका लागि आईएफईएस र एनडिआई हार्दिक धन्यवाद व्यक्त गर्दछ। यो निर्देशिकालाई अझ राम्रो बनाउन महत्त्वपूर्ण सुझाव दिनुहुने आईएफईएसका इरिका शेनका साथै बेला देसाई र ज्यानी मिलरको सम्पादन र ग्राफिक डिजाइनका लागि पनि हार्दिक धन्यवाद छ।

अन्त्यमा, *समान पहुँच* सम्बन्धी यस निर्देशिकाको निर्माण अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोगको सहयोग विना सम्भव हुँदैनथ्यो। त्यसैले युएसएआईडीका रोव होरभाथ र लि म्याक्सनलाई विशेष धन्यवाद।

# विषय-सूची

**संक्षिप्त शब्दावली र तिनको अर्थ** ........ **३**

**मुख्य शब्दावलीहरूको परिभाषा** ........ **५**

**पढ्न र बुझ्न सरल ढाँचामा  सारांश** ........ **८**

**परिचय** ........ **२१**

**परिच्छेद १: अपाङ्गता १०१** ........ **२७**
अपाङ्गता भनेको के हो ? ........ २७
अधिकारमा आधारित भाषा ........ २८
अपाङ्गता समुदायको विविधता ........ २९
अपाङ्गता भएका व्यक्तिहरूका संस्था ........ ३१
अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको नक्शाङ्कन ........ ३२
अपाङ्गता भएका व्यक्तिहरूका राजनीतिक अधिकारहरूको कानूनी आधार ........ ३३
विकास अनुदान प्रदान गर्ने निकायहरूका अपाङ्गता सम्बन्धी नीति ........ ३६
अवरोधहरू हटाउने ........ ३६
समावेशी निर्वाचन तथा राजनीतिक प्रक्रियाहरूका लागि सहयोग गर्ने रणनीतिहरू ........ ३९
निर्वाचन चक्र ........ ४१

**परिच्छेद २: निर्वाचन पूर्वको अवधि** ........ **४३**
अपाङ्गताका दृष्टिकोणबाट मूल्याङ्कन ........ ४४
निर्वाचन सम्बन्धी कानून सुधार ........ ४४
समावेशी निर्वाचन सञ्चालन ........ ४६

**परिच्छेद ३: निर्वाचनको अवधि** ........ **५७**
पर्यवेक्षण ........ ५७
मनोनयन ........ ५९
निर्वाचन अभियानहरू ........ ६०
निर्वाचनको दिनका गतिविधि ........ ६२
निर्वाचन परिणामको घोषणा ........ ६३
निर्वाचन विवाद निरूपण ........ ६३

**परिच्छेद ४: निर्वाचन पछिको अवधि** ........ **६५**
मतदानस्थलको लेखाजोखा ........ ६६
सिकाइहरूको संकलन ........ ६६
सरकारी कार्यालयहरूको पहुँचयुक्तता ........ ६६
अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको क्षमता अभिवृद्धि ........ ६६

निर्वाचन आयुक्तको छनौट मापदण्ड ...... ६७
समावेशी नागरिक शिक्षा ...... ६८

**परिच्छेद ५ः चुनौतीहरू** ...... **७१**
तथ्याङ्कको अभाव ...... ७१
विभेद ...... ७१
निर्वाचन सञ्चालन हुँदाको वातावरण ...... ७२
अनिवार्य मतदान ...... ७२
नेतृत्व ...... ७२
पहुँचयुक्त प्रविधि ...... ७३
अनुगमन र मूल्याङ्कन ...... ७३
सिकाइहरूको आदानप्रदान ...... ७४

**परिच्छेद ६ः डोमीनीकन रिपब्लिकको अवस्था-अध्ययन** ...... **७७**
समीक्षा ...... ७७
परियोजनाले अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन र राजनीतिक जीवनमा कसरी संलग्न गरायो ?.. ७७
चुनौती तथा सिकाइहरू ...... ८१
प्रभाव ...... ८१
सिफारिशहरू ...... ८२

**अनुसूचीः निर्वाचन पहुँच सम्बन्धी समयावधि** ...... **८५**
डिसेम्बर १९४८- मानव अधिकारको विश्वव्यापी घोषणापत्र-धारा २१ ...... ८५
मार्च १९७६- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र-धारा २५ ...... ८५
सेप्टेम्बर २००१- अपाङ्गता भएका व्यक्तिहरूविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी अन्तर अमेरिकी महासन्धि-धारा ३ ...... ८६
मे २००८- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि-धारा २९ ...... ८६
मे २०१०- मानव अधिकार सम्बन्धी युरोपेली अदालत – किसंविरूद्ध हंगेरी ...... ८७
नोभेम्बर २०११- आसियान समुदायमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागीता तथा भूमिका अभिवृद्धि सम्बन्धी बाली घोषणापत्र ...... ८८
नोभेम्बर २०११- अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागीता सम्बन्धी पक्ष राष्ट्रहरूका मन्त्रीस्तरीय समितिको युरोप सिफारिश परिषद् ...... ८८
डिसेम्बर २०११- अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा सहभागीता सम्बन्धी राम्रो अभ्यासको संहिता सम्बन्धी परिमार्जित भेनिस आयोगको व्याख्यात्मक घोषणा ...... ९०
डिसेम्बर २०११- एशिया तथा प्यासिफिक क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग- अपाङ्गता भएका व्यक्तिहरूको एशिया तथा प्यासिफिक दशक - २००३-२०१३ (दोस्रो सत्र) कार्यान्वयनको अन्तिम पुनरावलोकनमा उच्चस्तरीय अन्तरसरकारी बैठकका लागि सरोकारवालाहरू सँग गरिएको क्षेत्रीय परामर्श ...... ९२
डिसेम्बर २०११-अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागीता सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयद्वारा गरिएको विषयगत अध्ययन ...... ९२
नोभेम्बर २०१२- निर्वाचनमा समान पहुँच सम्बन्धी बाली प्रतिबद्धता ...... ९४

# संक्षिप्त शब्दावली र तिनको अर्थ

| | |
|---|---|
| **ADA** | अपाङ्गता सम्बन्धी अमेरिकी ऐन |
| **AGENDA** | दक्षिणपूर्वी एशियामा अपाङ्गता भएका व्यक्तिको पहुँचका लागि निर्वाचन सञ्जाल |
| **ASEAN** | दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको संघ |
| **CRPD** | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि |
| **CSO** | नागरिक समाजका संस्था |
| **DPO** | अपाङ्गता भएका व्यक्तिहरूको संस्था |
| **EMB** | निर्वाचन व्यवस्थापन निकाय |
| **ICCPR** | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र |
| **IFES** | इन्टरनेशनल फाउण्डेशन फर इलेक्टोरल सिस्टम्स |
| **INGO** | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| **LGBT** | महिला समलिङ्गी, पुरूष समलिङ्गी, द्विलिङ्गी, तेस्रोलिङ्गी समुदाय |
| **NDI** | नेशनल डेमोक्र्याटिक इन्स्टिच्युट |
| **NGO** | गैरसरकारी संस्था |
| **PSA** | सार्वजनिक सेवा सम्बन्धी सूचना |
| **UN** | संयुक्त राष्ट्रसंघ |
| **UDHR** | मानव अधिकारको विश्वव्यापी घोषणापत्र |
| **UN ESCAP** | एशिया तथा प्यासिफिकका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग |
| **UN OHCHR** | मानव अधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालय |
| **USAID** | अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग |
| **WHO** | विश्व स्वास्थ्य संगठन |

# मुख्य शब्दावलीहरूको परिभाषा

तल उल्लेखित शब्दावलीहरू यस निर्देशिकामा बारम्बार प्रयोग गरिएका छन् । तलको तालिका १ मा कुन शब्द के सन्दर्भमा कसरी प्रयोग भएको छ भनेर परिभाषित गरिएको छ । परिभाषालाई थप प्रष्ट पार्नको लागि उदाहरण पनि दिइएको छ ।

| शब्द | परिभाषा | उदाहरण |
|---|---|---|
| पहुँचयुक्त | अपाङ्गता भएका व्यक्तिहरूले सुरक्षित रूपले, स्वतन्त्र र स्वाभिमानका साथ सजिलै वा सहजरूपमा पुग्नसक्ने, प्रवेश वा प्रयोग गर्न सक्ने, सहभागी हुन पाउने स्थान, संस्था, कार्यस्थल, सेवा वा कार्यक्रम | एउटा ह्वीलचेयर प्रयोग गर्ने व्यक्तिले अरूको सहयोग विना नै मतदानस्थलमा गई भोट हाल्न सक्ने गरी मतदान केन्द्रको व्यवस्थापन गरिएको |
| पहुँचयुक्त ढाँचा | अपाङ्गता भएका व्यक्तिको पहुँच हुने छापा, श्रव्य वा दृश्य सूचना | ब्रेल, स्पर्श संचार (छोएर थाहा हुने), ठूलो छापा अक्षर, साङ्केतिक भाषा, पढ्न र बुझ्न सरल ढाँचाका सामग्री |
| सहयोग सामग्री | कुनै कार्य वा अन्य क्रियाकलाप सम्पन्न गर्न सहयोग पुऱ्याउने उपकरण, जसको प्रयोगविना उक्त कार्य गर्न कठिन वा असम्भव हुन्छ | छोएर थाहा पाउने मतपेटिका (टेक्टाईल) वा चित्र ठूलो देखाउने सिसा |
| ब्रेल | दृष्टिविहीन वा न्यूनदृष्टि भएका व्यक्तिले लेख्न वा पढ्नका लागि प्रयोग गर्ने उठेका चिन्हहरू भएको लेख्ने प्रणाली |  |
| विविध प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका संस्था | विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू सम्मिलित संस्था | अन्तर्राष्ट्रिय अपाङ्ग जनपरिषद्[1] भनेको अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय संस्थाहरूको सञ्जाल हो । |

१ अन्तर्राष्ट्रिय अपाङ्ग जनपरिषद, <http://www.dpi.org/>

| | | |
|---|---|---|
| अपाङ्गता भएका व्यक्तिहरूका संस्था | अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित नागरिक समाजका संस्था | नाइजेरियन राष्ट्रिय बहिरा संघमा[२] बहिरा तथा सुनाई सम्बन्धी अपाङ्गता भएका नाइजेरियालीहरूको संलग्नता रहेको छ र त्यसले उनीहरूको अधिकार प्रवर्द्धन तथा संरक्षणका लागि काम गर्दछ । |
| पढ्न र बुझ्न सरल (इजि टु रिड) | बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू र/वा मातृभाषामात्र बोल्ने व्यक्तिका लागि सजिलैसँग प्रयोग गर्न सकिने गरी तयार गरिएको लिखत, जहाँ विषयवस्तु, भाषा, व्याख्या र रेखाचित्रबाट बनाइएका आकृति सजिलो वा सहजरूपमा सबैले बुझ्ने गरी प्रस्तुत गरिएको हुन्छ । | युरोपमा पहुँचयुक्त निर्वाचनका लागि समावेशी युरोपको[३] सिफारिश वा यस निर्देशिकाको पेज नं. ८ मा लेखिएको कार्यकारी सारांश |
| समावेशीकरण | अपाङ्गता भएका व्यक्तिहरूलाई सामान्यरूपमा समायोजनमात्र गर्ने कार्यले उनीहरूलाई अन्य नागरिकबाट छुट्याउन सक्ने भएकाले उनीहरूलाई नेतृत्व तह लगायत निर्वाचनसम्बन्धी सबै गतिविधिमा अन्य नागरिकसरह संलग्न गराइन्छ । | मतदानका लागि मतदाताको घरमा नै मतपेटिका पुऱ्याइदिने अर्थात् मोबाइल मतपेटिकाको प्रयोग गर्नुको सट्टा मतदाताले चाहेको खण्डमा अन्य नागरिकले जस्तै मतदान केन्द्रमा गएर मतदान गर्न सक्ने गरी मतदानस्थललाई पहुँचयुक्त बनाउनुपर्दछ । |
| बौद्धिक अपाङ्गता | व्यक्तिले अपेक्षा गरेजति सिक्ने र दैनिक कार्य गर्ने क्षमतामा सिमितता भएको अवस्थामा यो शब्दको प्रयोग गरिन्छ । | डाउन सिन्ड्रोम वा सुस्तमनस्थिति भएका व्यक्तिहरू |
| मूलप्रवाहीकरण | अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न सहायता कार्यक्रम तथा समाजमा अन्य व्यक्तिसरह समान सहभागी र अगुवाका रूपमा समावेश गराउने प्रक्रिया । | ग्वाटेमालामा गरिए जस्तै[४] अपाङ्गता भएका कलाकारहरूलाई समेत संलग्न गराई टेलिभिजनमा सार्वजनिक सेवा सम्बन्धी सूचनाको निर्माण । |
| मनोसामाजिक अपाङ्गता | व्यक्तिको ज्ञान, उत्तेजना र व्यवहारमा प्रभाव पार्ने अवस्थाहरू | उदासिपन वा अति तिब्रखालको मानसिक रोगको अवस्था (स्काइजोफ्रेनिया) |

२ नाइजेरियन राष्ट्रिय बहिरा संघ <http://www.nnadeaf.org/>

३ समावेशी युरोप । युरोपमा पहुँचयुक्त निर्वाचनका लागि सिफारिश । युरोपियन युनियन । <http://www.inclusion-europe.org/ images/stories/documents/Project_ADAP/ETR_Policy_Recommendations_EN.pdf>

४ ग्वाटेमालाको निर्वाचन सम्बन्धी सर्वोच्च अदालतको आदेश २०११

| | | |
|---|---|---|
| उपयुक्त अनुकूलता | अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह सहभागी हुन र योगदान पुऱ्याउन सक्नेगरी व्यवस्था गरिएका सामग्रीहरू वा अनुकूल वातावरण । | छोएर थाहा हुने मतपेटिकाको प्रयोग गर्नु भनेको वातावरण अनुकूलगर्नु हो किनभने यसले दृष्टिविहीन वा न्यूनदृष्टि भएका मतदातालाई अन्यसरह गोप्य र अरूको सहयोगविना नै मतदान गर्ने अवसर प्रदान गर्दछ । |
| स्पर्श संचार (टेक्टाईल) | ब्रेल लिपिमा पोख्त नभएका व्यक्तिहरूले प्रयोग गर्ने उठेका चिन्हहरू भएको छामेर थाहा पाउन सकिने सामग्री । |  |
| दुईद्वार अवधारणा | यस अन्तर्गत क्रियाकलापहरू सञ्चालन र नीति-निर्माणका क्रममा अपाङ्गताको विषयलाई मूलप्रवाहीकरण गर्नुका साथै अपाङ्गता सम्बन्धी निश्चित कार्यक्रमहरू छुट्टै सञ्चालन गर्ने दुवै पर्दछन् । यो अपाङ्गता भएका व्यक्तिहरूको समावेशी विकासका लागि अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोगले अपनाउने अवधारणा हो । | मतदाता शिक्षा सामग्रीमा अपाङ्गता भएका व्यक्तिहरूको सवाललाई समावेश गर्नुका साथै अपाङ्गता भएका व्यक्तिहरूलाई मात्र लक्ष गरी छुट्टै मतदाता शिक्षा सामग्रीको विकास गर्ने । |
| छाता समूह | निश्चित प्रकारको अपाङ्गता भएका व्यक्तिहरू वा अपाङ्गता भएका व्यक्तिहरूको समूहको लागि लक्षित संस्थाहरू सदस्य संस्था भएको अपाङ्गता भएका व्यक्तिहरूको संस्था | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल[५] मा नेपाल मानसिक स्वास्थ्य प्रतिष्ठान र नेपाल अपाङ्ग महिला संघ सदस्यको रूपमा समावेश भएका हुन्छन् । |
| सर्बमान्य संरचना | सबै भवन, सामग्रीहरू र प्रक्रियाहरूको निर्माण गर्दा अपाङ्गता भएका व्यक्ति र अपाङ्गता नभएका व्यक्ति दुवैको दृष्टिकोणबाट पहुँचयुक्त हुनेगरी बनाउनुपर्दछ । | एउटा नयाँ भवन निर्माण गरिसकेपछि र्‍याम्प र इलेभेटर थप्नुको सट्टा निर्माण गर्दाखेरी नै तिनीहरूलाई राखेर निर्माण गरिनुपर्दछ । |

५ राष्ट्रिय अपाङ्ग महासंघ नेपाल । <http://www.nfdn.org.np/>

## समान पहुँचः अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन तथा राजनीतिक प्रक्रियाहरूमा कसरी समावेश गर्ने



यो निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरूले निर्वाचन तथा राजनीतिक गतिविधिहरूमा कसरी भाग लिन सक्छन् भन्ने बारेमा जानकारी गराउँछ ।



यो निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरूको जीवनको लागि महत्वपूर्ण हुने **नीतिहरूलाई** प्रभाव पार्न उनीहरूको राजनीतिक संलग्नताले कसरी सहयोग पुऱ्याउँछ भन्ने कुरा उल्लेख गरेको छ ।

**नीतिहरू** भनेको सरकारले सञ्चालन गर्ने कार्ययोजनाहरू हुन् ।



अपाङ्गता भएका व्यक्तिहरूले राजनीतिक गतिविधिहरूमा भाग लिने तरिकाहरू मध्ये निर्वाचनमा मतदान गर्नु पनि एउटा तरिका हो ।

मतदानले अपाङ्गता भएका व्यक्तिहरूका आवाजलाई राजनीतिकरूपमा अझ बलियो बनाउँछ ।

अपाङ्गता भएका व्यक्तिहरूले निर्वाचनमा मतदान गरेर उनीहरू पनि सर्बसाधारण नागरिक समान हुन् भन्ने देखाउन सक्छन् ।



यो निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरूले राजनीतिमा भाग लिंदा भोग्नुपर्ने चुनौतीहरूको बारेमा जानकारी गराउँछ । यो निर्देशिकाले ती चुनौतीहरूलाई कसरी सम्बोधन गर्ने भन्ने उपायहरूका बारेमा पनि बताउँछ ।




यो निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरूले निर्वाचन तथा राजनीतिमा भाग लिनसक्ने विभिन्न उपायका बारेमा जानकारी प्रदान गर्दछ ।

यो निर्देशिकाले साझेदारीमा काम गर्नु महत्वपूर्ण हुन्छ भन्ने कुरा उल्लेख गरेको छ ।

आफ्नो जीवनमा असर पार्ने कुनै पनि निर्णयहरुमा अपाङ्गता भएका व्यक्तिहरुको संलग्नता हुनुपर्दछ ।

राजनीतिकर्मी, सञ्चार माध्यम तथा अपाङ्गता भएका व्यक्तिहरूका संस्था संगसंगै मिलेर कार्य गर्नु पर्ने समूहहरू हुन् ।




अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिलाई छोटकरीमा सीआरपीडी भनिन्छ । सीआरपीडी भनेको अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक जीवनमा सहभागी हुनपाउने अधिकार सम्बन्धी कानूनी दस्तावेज हो ।

यो दस्तावेजको दफा १२ र २९ ले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागीताका बारेमा उल्लेख गरेको छ ।



यो निर्देशिकाले सीआरपीडीका लक्ष्यहरू हासिल गर्नमा सहयोग गर्दछ ।

यो निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिमा भाग लिने ४ वटा मुख्य तरिकाहरू दिएको छ । ती निम्नानुसार छन् :

१. अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई राजनीति सम्बन्धी तालिम दिने ।

२. धेरै भन्दा धेरै अपाङ्गता भएका व्यक्तिहरूले राजनीतिमा सहभागीता जनाउनको लागि सरकार तथा राजनीतिकर्मीहरूलाई नीति निर्माण गर्न तथा साझेदारीमा काम गर्ने सम्बन्धमा सहयोग गर्ने ।

३. सर्बसाधारणको लागि प्रदान गरिने मतदान सम्बन्धी मतदाता शिक्षा अभियानमा अपाङ्गता भएका व्यक्तिहरूको संस्थाहरूलाई संलग्न गराउने ।

४. निर्वाचनको योजना तथा तयारीहरू गर्दा राजनीतिक दलहरूलाई अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न सहयोग गर्ने ।



यो निर्देशिकामा मुख्य चारवटा भाग रहेका छन् ।

भाग १ मा विभिन्न अपाङ्गताका बारेमा कुराकानी गर्दा प्रयोग हुने सही शब्दावलीका बारेमा उल्लेख गरिएको छ ।



भाग २ मा निर्वाचनभन्दा पहिले के के गतिविधि हुन्छन् भन्ने बारेमा चर्चा गरिएको छ। यो भागले अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचन तथा राजनीतिक सहभागीता सुनिश्चित गर्ने बारेमा चर्चा गर्दछ। यो भागमा व्यक्त गरिएका केही धारणा निम्नानुसार छन् :

- निर्वाचन सम्बन्धी जानकारीहरू **पहुँचयुक्त** भएको सुनिश्चित गर्ने ।

> **पहुँचयुक्त** भन्नाले कुनै पनि व्यक्ति प्रवेश गर्न सक्ने स्थानलाई जनाउँछ ।
> **पहुँचयुक्त** भनेको व्यक्तिले सजिलै बुझ्न सक्ने जानकारी पनि हो ।

- अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचनमा भाग लिनको लागि अवरोध गर्ने कानूनहरू परिवर्तन गर्ने ।

भाग २ मा निर्वाचनको विभिन्न समयमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले आफ्ना आवाजलाई बलियो बनाउन उपयोग गर्न सक्ने कार्यक्रमहरूका बारेमा समेत चर्चा गरिएको छ ।




यो निर्देशिकाको भाग ३ मा निर्वाचनको अवधिमा के के गतिविधि हुन्छन् भन्ने बारेमा चर्चा गरिएको छ । भाग ३ मा निम्नानुसारका धारणाहरुको व्याख्या गरिएको छ :

- अपाङ्गता भएका व्यक्तिहरू र तिनका संस्थाहरूले अन्य समूहहरूसँग साझेदारीमा गर्ने कार्यहरू ।
  साझेदारीमा गरिने कार्य अन्तर्गत निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूले पनि भाग लिन सक्छन् भन्ने सुनिश्चित गर्नका लागि निर्वाचनको पर्यवेक्षण गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूले चाहेमा उनीहरू निर्वाचनमा उम्मेदवार हुनसक्ने उपायहरू खोज्ने ।
- राजनीतिक दलहरूलाई जानकारी तथा सूचनाहरू पहुँचयुक्त ढाँचामा तयार पार्न सहयोग गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई निर्वाचनको बेलामा उनीहरूका सवालहरू उठाउन सहयोग गर्ने ।
- निर्वाचन सम्बन्धी जानकारीहरू पहुँचयुक्त ढाँचामा भएको सुनिश्चित गर्नका लागि कानूनहरू बनाउने ।
- निर्वाचनमा हुने मतदानलाई पहुँचयुक्त बनाउन सहयोग गर्ने ।
- निर्वाचनको परिणाम घोषणा गर्दा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई सुनिश्चित गर्ने ।




यो निर्देशिकाको भाग ४ मा निर्वाचन पछि के के गतिविधि हुन्छन् भन्ने बारेमा चर्चा गरिएको छ।




यो निर्देशिकाको अन्तिम भागमा डोमिनिकन रिपब्लिकमा अपाङ्गता भएका व्यक्तिहरूले निर्वाचन तथा राजनीतिमा भाग लिएको घटना-अध्ययन उल्लेख गरिएको छ।

# कार्यकारी सारांश

*समान पहुँचः अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन तथा राजनीतिक प्रक्रियाहरूमा कसरी समावेश गर्ने* भन्ने शीर्षकको यो निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचन तथा राजनीतिक सहभागीतालाई अभिवृद्धि गर्न आवश्यक पर्ने रणनीतिहरू एवं सामग्रीहरू उपलब्ध गराउँछ । इन्टरनेशनल फाउण्डेशन फर इलेक्टोरल सिस्टम्स (आईएफईएस) र नेशनल डेमोक्र्याटिक इन्स्टिच्युट (एनडीआई) का अनुभवहरूबाट प्राप्त सिकाइहरूका आधारमा तयार गरिएको यो निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरूको जीवनलाई असर पार्नसक्ने नीतिहरूमा प्रभाव पार्नका लागि उनीहरूको राजनीतिक सहभागीताले मुख्य भूमिका खेल्छ भनी उल्लेख गरेको छ । राजनीतिक सहभागीताले अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको समुदाय, समाज तथा आर्थिक समायोजनका लागि आधार तयार गर्दछ ।

निर्वाचनले अपाङ्गता भएका व्यक्तिहरूको सहभागीतामा वृद्धि गर्न र उनीहरूका क्षमताको बारेमा सर्बसाधारणमा रहेका गलत धारणाहरूमा परिवर्तन ल्याउन विशेष अवसरहरू प्रदान गर्दछ । त्यसको परिणामस्वरूप, अपाङ्गता भएका व्यक्तिहरूका सवालहरू राजनीतिकरूपमा बलिया हुनगई उनीहरूलाई समान नागरिकको हैसियत प्राप्त गर्नमा सहयोग पुग्दछ । त्यसले उनीहरूको समुदायमा हुने निरन्तर सहभागीता र सामाजिक एवं आर्थिक समावेशीकरणको अवस्थासमेत सिर्जना गर्दछ ।

*समान पहुँचः* सम्बन्धी यो निर्देशिकाले राजनीतिक सहभागीताका लागि अपाङ्गता भएका व्यक्तिहरूले भोग्नुपरेका चुनौतीहरूको पहिचान गर्दछ । साथै ती चुनौतीहरूलाई सामना गर्ने उपायहरू समेत प्रदान गर्दछ । यो निदर्शिका ले अपाङ्गता भएका व्यक्तिहरूले भोग्ने विशेष अवरोधहरूका साथै नयाँ तथा उदाउँदै गरेका लोकतान्त्रिक व्यवस्थाहरूमा अन्य व्यक्तिहरूले भोग्ने चुनौतीहरूसँग पनि समानरूपमा अपाङ्गता भएका व्यक्तिहरूले संघर्ष गर्नुपर्ने बाध्यता रहेको तथ्यसमेत पहिचान गरेको छ । समान पहुँचमा अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन प्रक्रियाहरूमा निर्वाचन प्रशासकहरू, निर्वाचनमा खटिने कर्मचारीहरू, मतदाताहरू, उम्मेदवारहरू, नीति-पैरवीकर्ताहरू, अनुगमनकर्ताहरू, शिक्षकहरू वा अभियानकर्ताहरूको रूपमा सक्रिय भूमिकाहरू निर्वाह गर्नसक्ने गरी सशक्त बनाउन आवश्यक मार्गनिर्देशनहरू समावेश गरेको छ । राजनीतिक संलग्नताले अपाङ्गता भएका व्यक्तिहरूलाई सशक्त बनाउँछ । साथै, उनीहरूको सहभागीताले राजनीतिक प्रक्रियाहरू र लोकतान्त्रीकरणका परिणामहरूलाई सही आकारसमेत प्रदान गर्न सक्छ ।

समान पहुँचमा समावेश गरिएका धेरै अवधारणाले विभिन्न तहका सरोकारवालाहरू जस्तैः निर्वाचन अधिकारी, सञ्चार माध्यम, राजनीतिक दल, अपाङ्गता भएका व्यक्तिहरूका संस्था तथा अन्य नागरिक समाजका संस्थाहरूसँग साझेदारी गर्नुपर्नेमा जोड दिएका छन् । तथापि, राजनीतिक समावेशीकरणको लागि प्रयोग हुने अवधारणा जेसुकै भएतापनि अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यक्रम तर्जुमा गर्दा शुरूदेखि नै संलग्न गराउनु महत्वपूर्ण हुन्छ । यसले अपाङ्गता भएका व्यक्तिहरू भनेका समान साझेदार हुन् र उनीहरूको जीवनमा असर गर्ने निर्णयहरूमा उनीहरूका आवाज पनि समावेश हुनुपर्दछ भन्ने कुराको सुनिश्चितता गर्दछ ।

यो निर्देशिकाको कार्यढाँचाको रूपमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिले मार्गदर्शनको काम गरेको छ । साथै यो निर्देशिकाका लागि कानूनी आधारसमेत प्रदान गरेको छ र अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण तथा समान सहभागीताका लागि मापदण्डहरू समेत तोकेको छ । त्यसमध्ये धारा २९ र धारा १२ निर्वाचन सम्बन्धी क्रियाकलापहरूको लागि विशेषरूपले सान्दर्भिक रहेका छन् ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिका उद्देश्यहरूको पक्षमा, अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागीतामा वृद्धि गर्न यो निर्देशिकामा चार वटा छुट्टाछुट्टै सहयोगी रणनीति उल्लेख गरिएका छन् ।

- अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको क्षमता वृद्धि गर्ने र उनीहरूका सदस्यहरूलाई सशक्तीकरण गर्ने । त्यसका लागि उनीहरूलाई निर्वाचन प्रणाली, सरकारी संरचनाका साथै आधारभूत संगठनात्मक तथा वकालत सम्बन्धी सिपहरूका बारेमा तालिम प्रदान गर्ने । यसले अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको राजनीतिक पृष्ठभूमि तयार गर्न सहयोग पुऱ्याउँछ र ती संस्थाहरूलाई आफ्ना सवालहरूलाई राजनीतिक एजेन्डामा समावेश गराउन सक्षम बनाउँछ ।

- सरकारी निकायहरू जस्तै : व्यवस्थापिका संसद तथा निर्वाचन व्यवस्थापन निकायलाई कानूनी तथा नियमनकारी आधारहरू तयार गर्न सहयोग गर्ने जसले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागीताको अवसर वृद्धि गर्न तथा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँग साझेदारी गर्नका लागि अवसर प्रदान गर्दछन् ।

- स्वदेशी निर्वाचन पर्यवेक्षण वा मतदाता शिक्षा अभियानहरू सम्पन्न गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई नागरिक समाजको बृहत्तर गठबन्धनमा समावेश गराउने ।

- निर्वाचन अभियान सम्बन्धी रणनीतिहरू एवं पदहरू सम्बन्धी नीति-निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण रूपमा खोजी गर्नका लागि राजनीतिक दलहरूलाई सहयोग गर्ने । त्यसका साथै राजनीतिक दलहरूलाई अपाङ्गता भएका व्यक्तिहरूलाई उम्मेदवार बनाउन तथा नेतृत्वदायी भूमिकाहरूमा समावेश गराउन प्रोत्साहन गर्ने ।

यो निर्देशिकाको शुरूवात अपाङ्गता सम्बन्धी धारणाहरूको पुनरावलोकन र अपाङ्गता समुदायमा प्रयोग हुने शब्दावलीहरूबाट गरिएको छ । यसले अपाङ्गता भएका व्यक्तिहरूको समुदायको विविधता र उनीहरूलाई मनपर्ने शब्दावलीका लागि स्थानीय अपाङ्गता भएका व्यक्तिहरूको समुदायसँग परामर्श गर्नुपर्ने कुरालाई जोड दिएको छ । समान पहुँचको केन्द्रीय भागमा निर्वाचन चक्रलाई राखिएको छ । यसले कसरी निर्वचन कार्यक्रमहरूले अवरोधहरूको सम्बोधन गर्न सक्छन् र निर्वाचनका विभिन्न चरणहरूमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको क्षमतालाई वृद्धि गर्न सक्छन् भन्ने कुरालाई स्पष्ट पार्न खोजेको छ । यो निर्देशिकाको अन्त्यमा निर्वाचनमा पहुँच वृद्धि गर्नका लागि डोमिनिकन रिपब्लिकमा चालिएका कदमहरूको एउटा घटना-अध्ययन राखिएको छ । यस अध्ययनले कार्यक्रमको दीर्घकालीन असरलाई कसरी वृद्धि गर्न सकिन्छ भन्ने सिकाइसमेत प्रदान गर्दछ ।

*समान पहुँच* सम्बन्धी यो निर्देशिकामा समावेशी निर्वाचन कार्यक्रमहरू कार्यान्वयन गर्दा आइपर्नसक्ने चुनौतीहरूसमेत उल्लेख गरिएका छन् । ती चुनौतीहरूमा निम्न कुराहरू समेत समावेश गरिएका छन् :

- विकासशील देशमा अपाङ्गता भएका व्यक्तिहरूको संख्या र तिनीहरू रहेको स्थान सम्बन्धी तथ्याङ्कको अभाव,

- सामाजिक भेदभाव,

- राजनीतिकरूपले चुनौतीपूर्ण राज्य सञ्चालनको वातावरण, जहाँ सरकारी अधिकारीहरूबाटै नागरिकको सहभागीतालाई हतोत्साहित गरिन्छ,

- मतदान सम्बन्धी बाध्यात्मक प्रावधानहरू, जसले अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान नगर्न वा उनीहरूलाई स्वतः मतदाता नामावलीबाट नाम हटाउन बाध्य बनाउँछन्,

- अपाङ्गता भएका व्यक्तिहरूलाई नेतृत्वदायी अवसरहरूको अभाव,

- पहुँचयुक्त प्रविधिको कार्यान्वयनका लागि निर्वाचन व्यवस्थापन निकायको सिमित क्षमता ।

त्यसका अतिरिक्त निर्देशिकामा निर्वाचन कार्यक्रमले पारेका प्रभावको अनुगमन तथा मूल्याङ्कन गर्नाले हुनसक्ने फाइदाहरूका बारेमा समेत छलफल गरिएको छ । त्यस अन्तर्गत तथ्याङ्कलाई अपाङ्गता अनुसार विभाजन गरेर संकलन गर्नुका साथै अपाङ्गता समावेशीकरणका लागि गुणात्मक तथ्याङ्कको संकलन गर्ने कार्यसमेत पर्दछन् । यी चुनौतीहरूको सम्बोधन गर्ने क्रममा सिकेका अनुभवहरूलाई आदानप्रदान गर्नका लागि इन्टरनेशनल फाउण्डेशन फर इलेक्टोरल सिस्टम्सले www.ElectionAccess.org को शुरूवात गरेको छ ।[६]

निर्देशिकामा दिइएका अवधारणहरू र कार्यक्रम सम्बन्धी उदाहरणहरूले अपाङ्गता भएका व्यक्तिहरूको अन्य नागरिकसरह राजनीतिक जीवनमा हुने सहभागीता सुनिश्चित गर्नका लागि सहयोग गर्न सक्छन् । अवरोधहरूका सम्पूर्ण तहलाई सम्बोधन गर्नका लागि निर्वाचनको दिनमात्र होइन कि त्यस भन्दा अघि र पछि चाल्नुपर्ने कदमहरूमा समेत जोड दिनुपर्दछ । शुरूवात गर्नु महत्वपूर्ण कुरा भए तापनि एउटामात्र निर्वाचनले सबै शारीरिक तथा सामाजिक अवरोधहरूलाई हटाउन सक्दैन अर्थात् अपाङ्गता भएका व्यक्तिहरूप्रतिका विद्यमान नकारात्मक धारणाहरूमा परिवर्तन ल्याउन सक्दैन । *समान पहुँच* सम्बन्धी यो निर्देशिकाले स्थानीय तथा राष्ट्रिय सरकार, अन्तर्राष्ट्रिय संस्थाहरू, नागरिक समाज, विकासकर्मीहरू र दाताहरूलाई निर्वाचनका दिन र सो भन्दा अघि/पछि पनि हरेक नागरिकका आवाज सुन्नका लागि सामग्रीहरू तथा ज्ञान उपलब्ध गराउन चाहन्छ ।

*साँचो लोकतन्त्र त्यो हो, जसले अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै नागरिकलाई समावेश गरेको हुन्छ ।*

६ www.ElectionAccess.org सन् १९९८ मा शुरूवात गरिएको थियो । यो वेवसाइट अहिले पुनःनिर्माणको क्रममा छ ।

**यस निर्देशिकामा के के छन् ?**

परिच्छेद १ मा अपाङ्गता सम्बन्धी अवधारणाको पुनरावलोकन गरिएको छ र उपयुक्त शब्दावलीहरू दिइएको छ । यसमा अपाङ्गता भएका व्यक्तिहरूको समुदायको विविधतालाई जोड दिइएको छ ।

परिच्छेद २ मा निम्न अवधारणाहरू र निर्वाचन पूर्वको अवधिमा ध्यान दिनुपर्ने कुराहरूको संक्षेपीकरण गरिएको छ :

- निर्वाचन पूर्व अपाङ्गताको दृष्टिकोणबाट गरिने मूल्याङ्कन,
- मतदान गर्न पाउने अधिकार विरूद्धका अवरोधहरू हटाउन तथा समग्र पहुँच वृद्धि गर्न निर्वाचन कानूनमा सुधार,
- अपाङ्गताको दृष्टिकोणबाट तयारीका सबै क्षेत्रहरूमा समावेशी निर्वाचन सञ्चालन ।

परिच्छेद ३ मा निम्नानुसारका निर्वाचनको अवधिका पक्षहरू र सम्भावित कार्यक्रमहरूका बारेमा विश्लेषण गरिएको छ :

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण समूहहरू र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूबीचको साझेदारीलाई सहयोग पुऱ्याउने तथा अपाङ्गता भएका व्यक्तिहरूलाई छोटो तथा लामो अवधिका लागि पर्यवेक्षकहरू र अनुगमनकर्ताहरूमा समावेश गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई उम्मेदवारी मनोनयन प्रक्रियामा सम्भावित उम्मेदवार हुनका लागि सशक्तीकरण गर्ने,
- निर्वाचन व्यवस्थापन निकाय र राजनीतिक दलहरूलाई पहुँचयुक्त ढाँचामा जानकारी उपलब्ध गराउन र निर्वाचन अभियानमा विशेषगरी अपाङ्गता भएका व्यक्तिहरूसम्म पुग्नका लागि सहयोग गर्ने,
- उम्मेदवारहरू र राजनीतिक दलहरूबाट वकालत सम्बन्धी पहलहरूलाई बढाउने एवं संवैधानिक चासोका विषयहरूलाई निर्वाचन प्रतिबद्धतामा समावेश गराउन र निर्वाचित अधिकारीहरूलाई उत्तरदायी बनाउनका लागि अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई सहायता प्रदान गर्ने,
- राजनीतिक दलहरू र उम्मेदवारहरूले पालन गर्नुपर्ने आचारसंहितालाई पहुँचयुक्त ढाँचामा उपलब्ध हुने भाषामा लेख्न तथा ती क्रियाकलापहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गरी प्रवर्द्धन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई असर पार्ने नीतिहरूका बारेमा उम्मेदवारहरूसँग संवाद कार्यक्रमहरू आयोजना गर्ने । साथै सबै उम्मेदवारले गर्ने ती संवाद अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भएको सुनिश्चितता गर्ने,
- निर्वाचन व्यवस्थापन निकायलाई निर्वाचन हुने दिन पहुँचयुक्त प्रावधानहरूको कार्यान्वयन गर्न सहयोग गर्ने,
- निर्वाचनको परिणामलाई पहुँचयुक्त ढाँचामा प्रसारण गर्ने,
- निर्वाचनसँग सम्बन्धित विवाद हेर्ने संयन्त्रहरू र उजुरीको निर्णय गर्ने प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच भएको सुनिश्चित गर्ने ।

परिच्छेद ४ मा निर्वाचन पछिको अवधिमा हुनसक्ने निम्नानुसारका पक्षहरूका बारेमा उल्लेख गरिएको छ :

- निर्वाचन केन्द्रहरूको लेखाजोखा, जसमा निर्वाचन अधिकारीहरूले पहुँच सम्बन्धी मापदण्ड पालना नगरेमा जरिवाना गर्ने समेत पर्दछन्,
- समावेशी पुनरावलोकन प्रक्रिया, जसमा सञ्चालन गरिएका क्रियाकलापहरूबाट सिकेका कुराहरू समावेश गर्नुका साथै पहुँच बढाउन गरिएका क्रियाकलापको असर लेखाजोखा गर्ने समेत पर्दछन्,
- सरकारी निकायहरूको पहुँचयुक्तताको सुनिश्चितता ।

यो निर्देशिकाको अन्त्यमा डोमिनिकन रिपब्लिकको घटना-अध्ययन समावेश गरिएको छ, जस अन्तर्गत :

- सिकाइहरू दिइएको छ,
- अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यक्रम तर्जुमाका बेलामा समावेश गर्दा कसरी कार्यक्रमको प्रभावकारितामा वृद्धि हुन्छ भन्ने देखाइएको छ ।



*मतदानको दिन मतदान गरेको संकेत गर्न एकजना लिबियाली मतदातालाई औंलामा मसी लगाइँदै ।*

# परिचय

> *"अपाङ्गता भएका व्यक्तिहरूको समान सहभागीताका लागि आइपर्ने अवरोधहरू हटाउनु र अपाङ्गता भएका व्यक्तिहरूमा भएका प्रचुर सम्भावनाहरूको प्रस्फुटनका लागि पर्याप्त मात्रामा वित्तीय तथा विशेषज्ञताको लगानी गर्नु हाम्रो नैतिक दायित्व हो।"*

स्टेफन हकिंग
लेखक, भौतिकशास्त्री, एड्भोकेट
विश्व स्वास्थ्य संगठन, अपाङ्गता सम्बन्धी विश्व प्रतिवेदन-२०११

प्रभावकारी लोकतान्त्रिक विकास अन्तर्गत अति गरिब तथा अति पिछडिएका व्यक्तिहरूका आवाजलाई उनीहरूको हितलाई प्रभाव पार्नसक्ने गरी अर्थपूर्णरूपमा निर्णय प्रक्रियामा समावेश गरिएको हुन्छ। अहिले पनि अपाङ्गता भएका व्यक्तिहरू, जो अति गरिब छन्, उनीहरू जहिलेपनि बेवास्ता गरिन्छन् र उनीहरू राम्रो गुणस्तरीय जीवन प्राप्तिका लागि संघर्ष गरिरहेका हुन्छन्। विश्व स्वास्थ्य संगठनले विश्वको जनसंख्यामध्ये झण्डै १५ प्रतिशतमा अपाङ्गता भएको अनुमान गरेको छ भने ती अपाङ्गता भएका व्यक्तिहरूमध्ये ८० प्रतिशत विकासशील देशमा रहेका छन्। त्यसमध्ये पनि द्वन्दपश्चातको अवस्थामा रहेका देशमा त्यसको तह अझ बढी हुने सम्भावना हुन्छ। लोकतन्त्रका लागि गरिने सहयोग कार्यक्रमहरूले अन्य नागरिकसरह अपाङ्गता भएका व्यक्तिहरूलाई पनि उनीहरूका अधिकार, जिम्मेवारी र सम्मानका साथ राजनीतिक र सामाजिक गतिविधिमा संलग्न हुनसक्ने गरी सशक्तीकरण गर्न सक्छन्। अपाङ्गता भएका व्यक्तिहरू विभिन्न जनजाति, धार्मिक, सामाजिक-आर्थिक तथा लैङ्गिक समूहका हुन्छन्। त्यसैले समाजको अभिन्न हिस्साका रूपमारहेको त्यो बृहत समूहले राजनीतिकरूपमा सहभागीता हुन पाएनभने सबै नागरिकलाई उनीहरू कसरी शासित हुन चाहन्छन् भन्ने आवाजलाई अभिव्यक्त गर्ने लोकतान्त्रिक परिपाटीले काम गर्न पाउँदैन।

अपाङ्गता भएका व्यक्तिरू विभिन्न कारणले राजनीतिकरूपमा सहभागी हुन्छन्। केही व्यक्तिले विशेषगरी उनीहरूको अपाङ्गतासँग सम्बन्धित कुराहरू जस्तैः सार्वजनिक भवनहरूलाई पहुँचयुक्त बनाउने वा विद्यालयमा साङ्केतिक भाषा लागू गर्ने लगायतका विषयलाई उठाउँछन्। केहीले चाहिँ आफ्ना चाहनाहरूलाई आधारभूत मानव आवश्यकताका लागि समाजको बृहत्तर हिस्सासँग जोडेर उठान गरेका हुन्छन्, जस्तैः सफा पिउनेपानी, बालबच्चाका लागि शिक्षा वा सुरक्षित एवं संरक्षित समाजको विकास आदि। अन्य नागरिकसरह अपाङ्गता भएका व्यक्तिहरूले पनि आफ्नो समुदाय लाई निश्चित स्वरूप दिने अवसर चाहन्छन् र त्यसो गरेर समुदायको मूल्यवान एवं परिचित सदस्य बन्न सक्छन्।

त्यो अवस्था हासिल गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूले राजनीतिकरूपमा सहभागी हुनु जरूरी हुन्छ। निर्वाचनले उनीहरूका अधिकार एवं शक्तिको उपयोग गर्न तथा त्यसलाई थप मजबुत गराउने अवसर प्रदान गर्दछ। अन्य नागरिकले जस्तै अपाङ्गता भएका व्यक्तिहरूले पनि उनीहरूका प्राथमिकता व्यक्त गर्ने तथा राजनीतिक परिणामलाई निश्चित स्वरूप दिने आधारभूत उपाय भनेको निर्वाचन नै हो। निर्वाचनले अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्व तथा संगठनात्मक सिप विकास गराउँछ। यसका साथै सम्बन्ध निर्माण गर्न, उनीहरूका महत्वपूर्ण सवालहरूलाई सार्वजनिकरूपमा उठाउन, आफ्ना क्षमताहरू प्रदर्शन गर्न र निरन्तर सहभागीता र नेतृत्वका लागि चरण निर्धारण गर्नमा समेत निर्वाचनले सहयोग पुऱ्याउँछ। यी कारणले गर्दा यो निर्देशिकामा व्याख्या गरिएको निर्वाचन कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य नागरिकसरह निर्वाचन अघि, निर्वाचनका बेला र निर्वाचन पछि समान र सक्रिय रूपमा संलग्न गराउन सकिने उपायहरू सहित तयार गरिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूलाई प्रत्यक्ष आर्थिक सहायता प्रदान गरिनु समानताका लागि चालिएको एउटा अंशमात्र हुनसक्छ । अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन तथा राजनीतिक प्रक्रियाहरूमा समावेश गर्ने अन्य थुप्रै उपाय हुन्छन् । त्यसका लागि उनीहरूलाई कार्यक्रम योजनाको निर्णय प्रक्रियाको थालनीदेखि नै संलग्न गराउन सकिन्छ । यसको अर्थ के हो भने अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका आवाजलाई उनीहरूलाई प्रभाव पार्ने कार्यक्रमहरूमा जहिले पनि समेटिएको हुनुपर्दछ । "हामीबिना हाम्रो बारेमा केहि हुँदैन" भन्ने सिद्धान्त नै अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणको आधारस्तम्भ हो ।

अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाको आवाजलाई उनीहरूलाई प्रभाव पार्ने कार्यक्रममा जहिले पनि समेटिएको हुनुपर्दछ । "हामीबिना हाम्रो बारेमा केहि हुँदैन" भन्ने सिद्धान्त नै अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणको आधारस्तम्भ हो ।

## यस निर्देशिकाको बारेमा

समान पहुँचः अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी निर्वाचन तथा राजनीतिक प्रक्रियाहरूमा समावेश गर्ने भन्ने निर्देशिकाले स्थानीय तथा राष्ट्रिय सरकार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, विकासकर्मीहरू र दातृ निकायहरूलाई निर्वाचन तथा राजनीतिक प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागीतालाई सुदृढ गर्न आवश्यक सामग्री तथा ज्ञान उपलब्ध गराउँछ । त्यसले गर्दा अपाङ्गता भएका व्यक्तिहरूको हित र समुदायलाई प्रभाव पार्ने निर्णयहरूमा उनीहरूको आवाज बृहत हुन्छ । यो निर्देशिकामा इन्टरनेशनल फाउण्डेशन फर इलेक्टोरल सिस्टम्स र नेशनल डेमोक्र्याटिक इन्स्टिच्युटका अनुभवहरूलाई समावेश गरिएको छ । साथै यो निर्देशिकाले निर्वाचन व्यवस्थापन निकाय र अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालन गरेका संस्थाहरू बीचको साझेदारीलाई जोड दिएको छ ।

## अपाङ्गता समावेशी निर्वाचन कार्यक्रमका फाईदा

अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण लोकतन्त्रको आधारभूत मान्यता हो । सबै नागरिकको समावेशीकरणविना कुनै पनि राष्ट्र सहीरूपमा लोकतान्त्रिक हुनैसक्दैन । अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक जीवनमा समावेश गराउनाले समाजका सबै पक्षहरूमा उनीहरूको समावेशीकरणलाई मूलप्रवाहीकरण गर्न आधार प्रदान गर्दछ । निर्वाचनका बेलामा सरकारी तथा निजी सञ्चारमाध्यममा व्यक्त भएका नागरिक अवधारणाहरु लाई आम जनताका भावना अनुसार परिभाषित गरिएको हुन्छ । यसले अपाङ्गता भएका व्यक्तिहरू राजनीतिक प्रक्रियामा अन्य नागरिकसँगै सक्रिय सहभागी भई सामाजिक लाञ्छनालाई हटाउन उपयुक्त अवसर प्रदान गर्दछ । अपाङ्गता भएका व्यक्तिहरूले निर्वाचनको प्रक्रियामा अन्य नागरिकसरह नै भूमिका खेल्न सक्छन्, जस्तैः निर्वाचन अधिकृत भई काम गर्ने वा मतदान कर्मचारीको रूपमा काम गर्ने, मतदान गर्ने, कार्यालय सञ्चालन गर्ने, नीति निर्माणको लागि वकालत गर्ने, मतदान तथा मतगणना प्रक्रियाको अनुगमन गर्ने, रिपोर्टिङ गर्ने, मतदाता शिक्षा प्रदान गर्ने, उम्मेदवार तथा राजनीतिक दलका लागि अभियान सञ्चालन गर्ने आदि । यी विविध गतिविधिमा अपाङ्गता भएका व्यक्तिहरूको संलग्नताले उनीहरूलाई सशक्तीकरण गर्ने मात्र नभई निर्वाचन प्रक्रिया तथा राजनीतिक धारणामा परिवर्तन ल्याउन समेत सहयोग पुग्छ । त्यसले समाजमा अपाङ्गता भएका व्यक्तिहरूको समान अधिकार सुनिश्चित गरी समाजमा सहभागीता तथा समावेशीकरणको अवस्था ल्याउँछ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य नागरिकसरह हैसियत हासिल गर्न सक्नेगरी सशक्तीकरण गरेमा उनीहरूविरूद्धका अवरोधहरू हट्दै जान्छन् र समानताको प्रवर्द्धन हुन्छ । उदाहरणका लागि, अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान केन्द्रमा काम गर्नका लागि नियुक्त गरेमा त्यसले उनीहरुलाई सशक्त बनाउँछ र गलत मानसिक सोंच हटाउने मूल्यवान अवसर प्रदान गर्दछ । त्यसैगरी, महिलाको राजनीतिक सहभागीतामा वृद्धि गर्ने कार्यक्रम तर्जुमा गर्दा अपाङ्गता भएका महिलाहरूको संलग्नतालाई सुनिश्चित गरेमा त्यसले अपाङ्गता र लैङ्गिक विविधता सम्बन्धी धारणामा परिवर्तन ल्याउने अवसर प्रदान गर्दछ । अपाङ्गता समावेशी निर्वाचन कार्यक्रमका अन्य फाइदाहरू निम्नानुसार हुन्छन् :

*सरकारी नीतिहरू थप समावेशी हुन्छन्*

निर्वाचन सम्बन्धी कार्यक्रमहरूले समग्र सरकारी नीतिहरूलाई थप समावेशी बनाउन सक्छन् । यदि अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको संख्या र मतदानप्रतिको चाहना प्रदर्शन गर्न सकेको खण्डमा राजनीतिज्ञहरू त्यसको आधारमा नीति बनाउनतर्फ सोच्न सक्छन्, जस्तैः समावेशी शिक्षा, रोजगारी, यातायात तथा स्वास्थ्य सेवा आदि । राजनीतिक जीवनमा सहभागी भई अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न प्रकारका नीतिहरूमा प्रभाव पार्ने अवसर पाउँछन् । उदाहरणका लागि, कहिले काहीँ निर्वाचन प्रक्रियामा निर्वाचन सम्बन्धी कानूनी कार्यविधिको पुनरावलोकनगर्ने कुरासमेत समावेश हुन्छ । त्यसले राष्ट्रको उच्च महत्वको कानूनमा अपाङ्गता सम्बन्धी धारणालाई समेत समावेश गरी अग्रगामी कानून तर्जुमा गर्ने अवसर प्रदान गर्न सक्छ ।



*ग्वाटेमालामा निर्वाचनको दिन एकजना मानिसले आफ्नो छोरीलाई मतदान केन्द्रमा लैजानको लागि र्‍याम्प प्रयोग गर्दै ।*

*नागरिक समाजको प्रभावकारी अगुवाका रूपमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू सशक्त हुन्छन्*

अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले राजनीतिक गतिविधिमा राम्रो भूमिका निर्वाह गर्न सक्छन् किनभने प्रायःधेरै जसो ती संस्थाहरू विभिन्न प्रकारका सहयोगी समूह एवं सञ्जालमार्फत पहिलेदेखि नै संगठित भएका हुन्छन् । त्यसैले तिनीहरूलाई केही प्राविधिक सहयोग गरेको खण्डमा नागरिक समाजको गतिशील तथा उत्साही हिस्साको रूपमा परिचालन गर्न सकिन्छ । अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू भर्खरै स्थापना भएका नागरिक समाजका संस्थाहरूको तुलनामा अग्रणी हुन्छन् । भर्खरै स्थापना भएका नागरिक समाजका संस्थाहरूको आफ्नो स्पष्ट विधान तथा केन्द्रित हुनुपर्ने विषयवस्तुहरू नहुन पनि सक्छन्, जुन कुराहरू राजनीतिक गतिविधिका लागि अति आवश्यक हुन् । कितपय अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई प्रभावकारीरूपमा राजनीतिक गतिविधिमा सक्रिय बनाउन थप क्षमतावान बनाउनु जरूरी हुनसक्ने भएता पनि तिनीहरूका आधारभूत विशेषताहरूले राजनीतिकरूपमा संगठित हुन एवं गतिविधि गर्न तिनीहरूलाई बलियो आधार प्रदान गरेका हुन्छन् ।

*सबै नागरिकको बृहत्तर समावेशीकरण*

समावेशी निर्वाचन कार्यक्रमले अन्य नागरिकलाई पनि फाइदा पुऱ्याउन सक्छ । अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरि गरिएका सुधारहरूले जनसंख्याको बृहत्तर हिस्सालाई फाइदा पुगेको हुन्छ । उदाहरणका लागि, मतदाता नामावली दर्ता प्रक्रियालाई सजिलो बनाउनाले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका साथै वृद्धवृद्धा, बसाइसराइ गरेर आएका तथा कम शिक्षित व्यक्तिहरूका लागि पनि फाइदाजनक हुन्छ । मतदान केन्द्रहरूमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँच सुनिश्चित गर्नाले बच्चा बोकेर आउने आमाबुवा, वृद्ध व्यक्तिहरू एवं शारीरिक चोट भएका जस्तैः खुट्टा भाँचिएका व्यक्तिहरूले समेत फाइदा लिन सक्छन् । सबै भवन, सामग्री र प्रक्रियाहरू अपाङ्गता भएका र नभएका दुवै खाले व्यक्तिहरूका लागि पहुँच हुनेगरी निर्माण गरिनुपर्दछ भन्ने मान्यतालाई नै सर्बमान्य संरचना भनिन्छ ।

*सबै मानिसका अवरोधहरूलाई हटाउने बाटो खुल्छ*

दबिएर रहेका स्थानीय साझेदार संस्थाहरूलाई वकालतका लागि सहयोग गर्दा सरकारले चुनौतीको रूपमा नलिने गतिविधिहरूबाट शुरू गर्न सकिन्छ । सामान्यतया निर्वाचन व्यवस्थापन निकायले बृहत्तर तहको सुधार गर्नुपर्ने सवाललाई त्यति चासो दिँदैनन् तर ती निकायले पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि मतदानमा पहुँच गराउने


जस्ता विल्कुल तटस्थ विषयमा छलफल गर्न चाहन्छन् । अन्य सिमान्तकृत समूहहरूलाई पहुँच प्रदान गर्ने विषय राजनीतिकरूपले विवादास्पद पनि हुनसक्छ तर अपाङ्गता भएका व्यक्तिहरूलाई उपकारको रूपमा हेर्ने सरकारी अधिकारीहरूको धारणाले गर्दा कहिले काहीँ अधिकार समेत प्राप्त हुनसक्छ । अपाङ्गता सम्बन्धी अधिकारका बारेमा पहिले नै छलफल गरिएको खण्डमा मानव अधिकारका बारेमा थप छलफल गर्न धेरै सजिलो हुन्छ । राजनीतिकर्मीहरू र सरकारी निकायहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका संस्थासँग साझेदारी गर्न प्रोत्साहित गरिएमा त्यसले अपाङ्गता भएका व्यक्तिहरूका समुदायका सवाल सम्बोधन गर्न सकिन्छ । साथै त्यसबाट नागरिक समाजको संलग्नताको उदाहरणको रूपमा उक्त अभ्यासलाई अन्य क्षेत्रहरूमा पनि लागू गर्ने नजिर बन्दछ ।

### यो निर्देशिकाको प्रयोग कसरी गर्ने

यो निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरूले राजनीतिक जीवनमा सहभागीता जनाउँदा भोग्नुपर्ने अवरोधहरूलाई पहिचान गरी ती अवरोधहरूलाई हटाउने उपायहरू पनि प्रदान गर्दछ । यसमा निर्वाचन प्रक्रियामा संलग्न हुने मुख्य सरोकारवालाहरू, जस्तैः मतदान अधिकारीहरू, सञ्चारमाध्यम, नागरिक समाजका संस्थाहरू तथा राजनीतिक दलहरू आदिले निर्वाचन प्रक्रियालाई बृहत्तररूपमा समावेशी बनाउन चाल्नुपर्ने कदमहरूको समेत उल्लेख गरिएको छ । यो निर्देशिकामा दुईद्वार अवधारणाको बारेमा छलफल गरिएको छ । अर्थात् केही कार्यक्रमहरू विशेषरूपमा अपाङ्गता भएका व्यक्तिहरूको समुदायलाई लक्षित गरिएका हुन्छन् भने केही सम्पूर्ण जनसंख्यालाई लक्षित गरिएका कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गरी मूलप्रवाहमा कसरी ल्याउने भन्ने कुराको व्याख्या गरिएको छ ।

यो निर्देशिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन तथा राजनीतिक प्रक्रियामा समावेश गराउने व्यवहारिक उपायहरूको बारेमा छलफल गरिएको छ । सबै अवरोध हटाउने सजिला उपायहरू हुँदैनन् । कहिले काहीँ स्पष्टरूपमा उत्तम उपाय नहुन पनि सक्छ । यो निर्देशिकाले तिनीहरूमध्ये केही सवाल र तीनलाई सम्बोधन गर्ने विकल्पहरूका साथै निर्वाचनका मापदण्डबाट हुनसक्ने सम्भाव्य अप्ठेराहरूलाई पनि संक्षेपमा व्याख्या गर्ने प्रयास गरेको छ ।

यो निर्देशिकाले अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकता, चाहना र अपेक्षाहरूको बारेमा बुझ्नका लागि थुप्रै सिकाईहरूलाई पनि समावेश गरेको छ, जसले सान्दर्भिक अवधारणको विकास गर्नसमेत सहयोग गर्दछ । आपसी सम्मान र सिक्ने इच्छा प्रकट भएसम्म गलत कुरा बोलिने वा विरोध हुने डरले सञ्चार तथा अन्तरक्रियालाई रोक्नु हुँदैन । यो निर्देशिकाले यी सिकाइ प्रक्रियालाई शुरूवात गर्ने उपाय, उपयुक्त शब्दावलीको पहिचान तथा विभिन्न अवस्थामा हुने सञ्चारका लागि विविध माध्यमको प्रयोग गर्ने बारेमा सुझावहरू दिएको छ ।



*यो तस्बिरलाई सेनेगलमा सन् २०१२ मा गरिएको मतदाता शिक्षा कार्यक्रममा प्रयोग गरिएको थियो । चित्रहरू प्रयोगगरि मतदान प्रक्रियाको बारेमा जानकारी दिनाले बौद्धिक अपाङ्गता भएका र कम शिक्षित व्यक्तिहरूलाई बुझ्न सहयोग पुग्दछ ।*

निर्देशिकाको पहिलो अनुच्छेदमा अपाङ्गता सम्बन्धी जानकारी तथा अवधारणाहरूका बारेमा उल्लेख गरिएको छ । निर्देशिकाको बाँकि भागमा निर्वाचन तथा राजनीतिक प्रक्रियामा समावेशीकरण गर्ने कुरालाई जोड दिइएको छ र त्यसलाई निर्वाचन चक्रको रूपमा व्यवस्थित गरिएको छ।[७] त्यसमा अनुच्छेद २ ले निर्वाचनपूर्वको अवधिलाई समेटेको छ भने अनुच्छेद ३ र ४ क्रमशः निर्वाचन र निर्वाचन पछिको अवधिमा केन्द्रित छन् । अनुच्छेद ५ मा चुनौतीहरू र अनुच्छेद ६ मा केही घटना-अध्ययन दिइएको छ, जसले समावेशी निर्वाचन तथा राजनीतिक कार्यक्रमहरूसँग जोडिएका केही सवाल र अवसरहरूलाई व्याख्या गर्दछन् ।



लाइबेरियामा छोएर थाहा पाउने स्पर्श मतपत्र (टेक्टाइल)को प्रयोग गर्ने अभ्यास गर्दै एक मतदाता ।



मे २०१३ मा फिलिपिन्समा भएको निर्वाचनमा आफ्नो मतपत्र मतपेटिकामा खसाल्दै एक महिला ।

# परिच्छेद १ः अपाङ्गता १०१

यो परिच्छेदले अपाङ्गता सम्बन्धी अवधारणा तथा अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा प्रयोग गरिने शब्दावलीका बारेमा सामान्य जानकारी प्रदान गर्दछ । अपाङ्गता सम्बन्धी विषय अहिलेको जल्दोबल्दो विषय हो । त्यसैले विभिन्न देशमा प्रयोग हुने शब्दावलीहरू पनि फरक फरक हुनसक्छन् । तपाईंलाई अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्नुपर्दछ भन्ने बारेमा थाहा नहुन पनि सक्छ । यदि त्यस्तो अवस्था छ भने उनीहरू आफूलाई के भनेर सम्बोधन गरेको रूचाउँछन् भनेर सोध्नुपर्दछ ।

यो परिच्छेद १ ले अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचन अधिकार सम्बन्धी मुख्य अन्तर्राष्ट्रिय मापदण्डहरूका बारेमा समेत परिचय दिनेछ । साथै ती अधिकारहरूका लागि केही अन्तर्राष्ट्रिय विकास निकायहरूले कसरी सहयोग गरिरहेका छन् भन्ने जानकारी पनि गराउनेछ । अवरोधहरू हटाइएको अवस्थामा निर्वाचनले अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्न सक्ने विभिन्न अवसरहरू सम्बन्धी छलफलका निष्कर्षहरूलाई पनि यो परिच्छेदमा समावेश गरिएको छ ।

### अपाङ्गता भनेको के हो ?

कस्तो व्यक्ति अपाङ्गता भएको व्यक्ति हो भन्ने परिभाषा विभिन्न राष्ट्र अनुसार फरक फरक पाइन्छ । यो निर्देशिकाले अपाङ्गताको परिभाषाका लागि अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा १ मा उल्लेखित परिभाषालाई[८] प्रयोग गरेको छ । उक्त महासन्धिको धारा १ मा अपाङ्गतालाई निम्नानुसार परिभाषित गरिएको छ :

> अपाङ्गता भएको व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सृजित विभिन्न अवरोधहरूसँगको अन्तर्क्रियाका कारणले समाजमा अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन किठनाइ भएको व्यक्तिसमेतलाई जनाउँछ ।

अपाङ्गताको सवाललाई सम्बोधन गर्ने विभिन्न अवधारणा छन् । ती अवधारणा अन्तर्गत परम्परागत उपकार र उपचारमा आधारित अवधारणादेखि लिएर अहिलेका सामाजिक र अधिकारमा आधारित अवधारणाहरू समेत पर्दछन् । यी अवधारणाले अपाङ्गता भएका व्यक्तिहरूप्रति हुने सामाजिक धारणाको व्याख्या गर्न सहयोग गर्दछन् । साथै ती अवधारणा एकअर्काबाट विल्कुल अगल पनि हुदैनन् । यी अवधारणाका बारेमा छोटो वर्णन तल गरिएको छ ।

*उपकारमा आधारित अवधारणा-* अपाङ्गता भएका व्यक्तिहरूले समाजमा पूर्णरूपमा सहभागीता जनाउन सक्दैनन्, त्यसैले उनीहरूलाई सहयोग गरिनुपर्दछ भन्ने ठानिन्छ । अपाङ्गता भएका व्यक्तिहरूलाई दया गरिनुपर्ने पीडित व्यक्तिको रूपमा बुझिन्छ ।

*उपचारमा आधारित अवधारणा-* अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको अपाङ्गता नै सबै अवरोधहरूको कारण हो भन्ने ठानेर उनीहरूको उपचार गरिन्छ । यो अवधारणामा अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य उपायहरूको सट्टा उनीहरूको आफ्नै परिवेशमा समाहित रहन जोड दिइन्छ । व्यक्तिलाई केवल विरामीको रूपमा मात्र हेरिन्छ ।

---

८ इन्टरनेशनल फाउण्डेशन फर इलेक्टोरल सिस्टम्स । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरू सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि । <http://www.ifes.org/~/media/Files/Publications/Books/2012/CRPD Final.pdf>.

*सामाजिक अवधारणा-* अपाङ्गतालाई वातावरणसँग हुने व्यक्तिको अन्तर्क्रियाका परिणामका रूपमा व्याख्या गर्दछ । अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धी महासन्धिको प्रस्तावनामा भनिएको छ, अशक्तता भएका व्यक्तिहरू र उनीहरूप्रतिको धारणा तथा वातावरणद्वारा सृजित विभिन्न अवरोधहरूसँगको  अन्तर्क्रियाको कारणले अपाङ्गताको सृजना हुन्छ, जसले समाजमा अन्यव्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन बाधा पुऱ्याउँछ ।

*अधिकारमा आधारित अवधारणा-* यसले निर्भरताबाट सशक्तीकरण गरिनुपर्ने कुरालाई जोड दिन्छ । अपाङ्गता भएका व्यक्तिहरूका पनि अन्य नागरिक सरह आधारभूत मानव अधिकारहरू हुन्छन् । त्यसैले सरकारले ती अधिकारहरू प्राप्तिको सुनिश्चितता गर्नुका साथै अधिकार संरक्षणका लागि उत्तरदायी पनि हुनुपर्दछ ।


Со цел Република Македонија да обезбеди еднакви права и можности за лицата со попреченост, јас во името на ______ изразувам
(партија)

ЗАЛОЖБА

за ратификација на потпишаната Конвенција на Обединетите нации за правата на лицата со попреченост, во првите 100 дена од конституирањето на собранискиот состав 2011 со која ќе се обезбеди целосното и еднакво уживање на сите човекови права и основни слободи за сите лица со попреченост.

11. V 2011
Град датум

Сите вклучени!
Правата да станат реалност!

Име и презиме

*सन् २०११ मा म्यासेडोनियामा भएको निर्वाचन पश्चात नयाँ संसद गठन भएको १०० दिन भित्रै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गर्ने राजनीतिक दलहरूको प्रतिबद्धता सहितको हस्ताक्षरीत प्रतिज्ञापत्र*

सामाजिक तथा अधिकारमा आधारित अवधारणाहरूका पक्षहरूले राजनीतिक सहभागीतालाई समावेशी बनाउनुपर्दछ भन्ने सन्देश दिनमा सहयोग पुऱ्याउन सक्छन्। सामाजिक अवधारणा र अधिकारमा आधारित अवधारणाले एकअर्काको परिपूरकको रूपमा काम गर्छन्। सामाजिक अवधारणाले अपाङ्गता भएका व्यक्तिहरूलाई समाजले सृजना गरेको अवरोधले बञ्चित गर्दछ भन्ने कुरालाई जोड दिएको हुन्छ भने अधिकारमा आधारित अवधारणाले सबै नागरिकको समान मानव अधिकारलाई जोड दिन्छ । साथै अधिकारमा आधारित अवधारणाले अपाङ्गता भएका व्यक्तिहरूको समान अधिकारका लागि वकालत गर्ने भूमिका हुने कुरालाई पनि जोड दिएको हुन्छ ।

## अधिकारमा आधारित भाषा

अपाङ्गतालाई व्याख्या गर्न प्रयोग गरिने शब्दावलीहरूका बारेमा विभिन्न दृष्टिकोण रहेका छन् । सामाजिक अवधारणाका विद्वानहरू "अपाङ्ग व्यक्ति" भन्ने शब्द प्रयोग गर्न रूचाउँछन् किनकि अशक्तता भएका व्यक्तिहरू उनीहरूका अशक्तताको कारणले नभई बाह्य सामाजिक तत्वहरूले गर्दा "अपाङ्ग" हुन्छन् भन्ने विचारसँग यो मिल्दो हुन्छ । यी विद्वानहरूले अशक्तताको कारणले भन्दापनि सामाजिक प्रक्रियाहरूका कारणबाट हुने बञ्चितीकरणलाई "अपाङ्गता" भन्ने शब्द प्रयोग गर्दछन् ।

अर्को तरिका भनेको व्यक्तिलाई प्राथमिकता दिने भाषाको प्रयोग गर्नु हो । यो विधि अनुसार व्यक्तिको अपाङ्गता उसलाई परिभाषित गर्ने गुण होइन, बरू त्यो भनेको धेरै तत्वहरूमध्येको एउटा तत्वमात्र हो । अपाङ्गता भएका व्यक्तिहरू वा अपाङ्गता भएका मानिसहरू भन्ने शब्दावली प्रयोग गर्न सकिन्छ । यो निर्देशिकाले पनि व्यक्तिलाई पहिला राख्ने भाषाको प्रयोग गर्नेछ किनभने यो नै अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धी महासन्धि र युएसएआईडीको राम्रो अभ्यास अन्तर्गत पर्दछ । यो नियमको अपवादको रूपमा अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता भएका व्यक्तिहरूकै लागि खोलेको संस्थालाई बुझाउन अपाङ्ग व्यक्तिहरूका संस्था भन्ने शब्दावलीको प्रयोग गरिएको हुन्छ । यो शब्दावलीमा व्यक्तिलाई पहिला राख्ने भाषाको प्रयोग भएको छैन तर यो त्यस प्रकारको नागरिक समाजको संस्थाको लागि सबैले प्रयोग गर्न रूचाउने शब्द भएको छ । अपाङ्गता निरन्तर जल्दोबल्दो धारणा हो । तल दिइएको चार्टमा व्यक्तिलाई पहिला राख्ने भाषाको उदाहरण दिइएको छ ।

**चित्र २: व्यक्तिलाई प्राथमिकता दिने भाषा**

| यी शब्द प्रयोग गर्नुपर्दछः | यी शब्दको सट्टामा: |
|---|---|
| अपाङ्गता भएका व्यक्तिहरू/मानिसहरू | विशेष आवश्यकता भएका, अपाङ्ग व्यक्ति, ह्याण्डीक्याप |
| उसले ह्वीलचेयरको प्रयोग गर्दछ। | उ ह्वीलचेयरमा आश्रित/निर्भर छ। |
| अपाङ्गता नभएका मतदाताहरू | सामान्य/स्वस्थ मानिस/सक्षम शरीर भएका |
| उनमा शारीरिक अपाङ्गता छ। | उनी घस्रेर हिंड्छिन्। |
| उनी बहिरी हुन्/उनलाई सुन्नमा अवरोध छ। | उनीमा सुनाई सम्बन्धी अशक्तता छ। |
| उसमा अटिज्म छ। | ऊ अटिस्टिक हो। |
| उनीमा बौद्धिक/मनोसामाजिक अपाङ्गता छ। | उनी मानसिक रोगी हुन्। |
| डाउन सिन्ड्रोम भएको बच्चा | उनी मानसिक रोगी हुन्। |
| एड्स भएको व्यक्ति | एड्स भएको व्यक्ति / एड्सबाट प्रभावित व्यक्ति। |

## अपाङ्गता समुदायको विविधता

राजनीतिक समावेशीकरणलाई सहयोग गर्दा अपाङ्गता भएका व्यक्तिहरूबीच रहेका अन्तर तथा विभिन्नताहरूलाई ख्याल गर्नुपर्दछ। अपाङ्गता भएका व्यक्तिहरू एकैखालका हुँदैनन्। तिनीहरू विविध जनजाति तथा धार्मिक समुदायका सदस्य हुन्छन्। अपाङ्गता भएका व्यक्तिहरू हरेक जनजाती समूहमा पर्दछन्। कहिले काहीँ बहुपहिचानहरूका कारणले गर्दा अपाङ्गता भएका व्यक्तिहरू दोब्बर वा तेब्बर तहसम्म सिमान्तकृत हुन पनि सक्छन्।

विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले निश्चित प्रकारका चुनौतीहरूको सामना गर्दछन्। निश्चित शारीरिक र दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता नभएका व्यक्तिहरूसँग सजिलैसँग अन्तरक्रिया गर्न सक्छन् किनभने उनीहरू बीचमा सञ्चारका अवरोधहरू हुँदैनन्। सुनाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई साङ्केतिक भाषा नबुझ्ने अन्य व्यक्तिहरूसँग कुराकानी गर्न एकदमै गाह्रो हुन्छ। यस्तो संवादको कमीले उनीहरूलाई अझ धेरै सिमान्तकृत गराउँछ। निर्वाचन र राजनीतिक प्रक्रियाहरूको सन्दर्भमा कुरा गर्दा निर्वाचन व्यवस्थापन निकाय तथा राजनीतिक दलहरू सञ्चारका विभिन्न तरिकाहरूको बारेमा जानकार हुनैपर्छ। साङ्केतिक भाषामा लेखेर वा भिडियोको क्याप्सनमा साङ्केतिक भाषाको प्रयोग गरिनु समावेशीकरणतर्फको कदम हुन्छ तर कार्यान्वयनकर्ताहरूले विभिन्न देशमा प्रयोग हुने साङ्केतिक भाषा पनि आ-आफ्नै किसिमका हुन्छन् भन्ने कुराको ख्याल राख्नु जरूरी हुन्छ। त्यसैगरी केही देशमा विशेषगरी सुनाई सम्बन्धी अपाङ्गता भएका जनजाति समुदायहरूमा क्षेत्रीय साङ्केतिक भाषाहरूसमेत फरक फरक हुनसक्छन्। अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा समेत बौद्धिक तथा मानसिक अपाङ्गता भएका व्यक्तिहरूलाई बेवास्ता गरिन्छन् र त्यही भेदभावका कारण उनीहरू समावेश हुन पाउँदैनन् अर्थात् बहिस्कार गरिन्छन्। यसैगरी केही अपाङ्गता तत्काल नदेखिनेखालका हुन्छन्, जस्तैः बाइपोलार डिसअर्डर (एक प्रकारको मानसिक रोग) वा दीर्घकालीन दुखाइ सम्बन्धी समस्या। यस्तो अपाङ्गतालाई नदेखिने अपाङ्गताका रूपमा लिइन्छ। यिनै विविधताहरूका कारण अपाङ्गता भएका व्यक्तिहरूलाई एउटामात्र समूहको रूपमा व्यवहार गरिनु हुँदैन।

अपाङ्गता कुनै पनि व्यक्तिलाई कुनै पनि समयमा हुनसक्ने भएकाले अपाङ्गता विशिष्ठ प्रकृति हुन्छ। अपाङ्गता अस्थायी पनि हुनसक्छ। सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई सम्बोधन गर्ने तरिका पनि फरक हुनसक्छन्। युद्धका कारण अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्न चाहने सरकारी चाहनाले सबै अपाङ्गता भएका व्यक्तिहरूले राम्रो सेवा प्राप्त गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारको कदर गरिने परिपाटीको विकास हुनसक्छ। उदाहरणका लागि, अर्मेनियामा युद्धबाट प्रभावितहरूले सम्मानका साथ उपचार सेवा प्राप्त गरेका थिए, जुन पछि गएर पहुँचयुक्त सेवामा सुधार गर्ने राज्यको चाहनामा

बदलियो। कहिले काहीँ प्राकृतिक प्रकोपहरूले पनि सरकारलाई अपाङ्गतालाई समावेश गर्नमा जोड दिनेतर्फ डोऱ्याउँछ। सन् २००८ मा बर्मामा आएको चक्रवातको प्रकोपपश्चात मात्र त्यहाँको सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई लक्ष गरी नीतिहरू तर्जुमा गर्न थालेको थियो। यदिप धेरैजसो परिस्थितिहरूमा, बृहत् समावेशीकरणका लागि अपाङ्गता भएका व्यक्तिहरूको स्थानीय समुदायबाटै वकालत गरिनुका साथै अग्रगामी सोच भएका व्यक्तिहरू सरकारमा हुनुपर्दछ।

*अपाङ्गता भएका महिला*

अपाङ्गता भएका महिलाले कहिले काहीँ उनीहरूको अपाङ्गता र लैङ्गिक अवस्थाका कारणले दोहोरो भेदभावको सामना गर्दछन्। अपाङ्गता भएका महिलालाई अन्य अपाङ्गता नभएका महिलाको तुलनामा शिक्षा वा तालिम, स्वास्थ्य सेवा तथा पुनर्स्थापना र रोजगारीका अवसरहरूमा समेत कम पहुँच हुनेगर्छ। त्यसको फलस्वरूप उनीहरू झन् गरिब हुने तथा एक्लिएर बस्नुपर्ने अवस्था आउन सक्छ। साथै उनीहरूलाई आफ्नो समुदायको राजनीतिक तथा सामाजिक जीवनबाट समेत बञ्चित गराइन्छन्।



*सन् २०१२ मा बर्मामा भएको उप-निर्वाचन अगाडि महिलालाई लक्षित गरि तयार गरिएको ब्रोसर जसमा अपाङ्गता भएका महिलालाई पनि समावेश गरिएको छ।*

युएसएआईडीका अनुसार[९], निम्न तथा मध्यम आम्दानी भएका देशमा अपाङ्गता भएका महिलाले सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको झण्डै तीन तिहाई जनसंख्या समेटेका हुन्छन्। अपाङ्गता भएका व्यक्तिहरूको ठूलो हिस्सा महिला भएकै कारण थप अवरोधहरूको सामना गरिरहेका छन्। त्यसैले पूर्ण राजनीतिक सहभागीताका लागि लैङ्गिक चुनौतीहरूलाई बुझ्नु महत्वपूर्ण हुन्छ। महिलाहरूको राजनीतिक सहभागीतालाई थुप्रै किसमका संरचनागत तथा सामाजिक/सांस्कृतिक व्यवधानहरूले अवरोध गरेका हुन्छन् भने अपाङ्गताले ती अवरोधहरूलाई थप बढाएको हुन्छ।

संस्थागत तहमा, धेरैजसो देशमा विद्यमान भेदभावपूर्ण कानूनका कारण मतदाता नामावलीमा नाम दर्ता गराउनका लागि चाहिने नागरिकता वा अन्य कागजात प्राप्त गर्न पुरूषलाई भन्दा महिलालाई बढी किठन हुन्छ। मतदाता नामावलीमा नाम दर्ता गर्न र मतदान गर्नका लागि कहिले काहीँ लामो समयसम्म कुरेर बस्नुपर्ने हुन्छ अर्थात् त्यसको लागि धेरै टाढाबाट हिंडेर आउनुपर्ने हुन्छ । त्यसका फलस्वरूप महिलाको घरेलु जिम्मेवारीहरू, काम गर्ने तालिका, बच्चाको स्याहार, रकम अभाव तथा हिंड्डुल गर्ने स्वतन्त्रता नहुने आदि कारणले उनीहरू लामो समयसम्म पालो कुरेर बस्न सक्दैनन्। न्यून तथा मध्यम आम्दानी भएका देशमा ६५-७० प्रतिशत अपाङ्गता भएका महिला ग्रामीण भेगमा बसोबास गर्दछन्, जसले मतदान केन्द्रहरूसम्मको उनीहरूको पहुँचलाई अझ कठिन बनाएको हुन्छ।[१०]

**राम्रो अभ्यास**

बर्मामा ईन्टरनेशनल फाउण्डेशन फर इलेक्टोरल सिस्टम्सले अपाङ्गता भएका र नभएका महिलाहरूको सिप अभिवृद्धि गरेको थियो। ती महिलाहरू सबैभन्दा तल्लो तहका नेताहरू थिए । उनीहरूलाई संक्रमणकालिन प्रक्रियाहरूमा भाग लिन तथा उनीहरूका निश्चित प्राथमिकताहरूको लागि वकालत गर्नको लागि मनोबल हासिल गरी सशक्त बनाउन सहयोग गरिएको थियो।

९ अपाङ्गता भएका महिला। अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (युएसएआईडी)। <http://www.usaid.gov/what-we-do/ gender-equality-and-womens-empowerment/women-disabilities>.

१० तथ्याङ्कः अपाङ्गता भएका महिला तथा केटीहरू विरूद्ध हुने हिंसा। वुमन वाच, संयुक्त राष्ट्रसंघ। <http://www.un.org/womenwatch/daw/csw/csw57/ side_events/Fact sheet VAWG with disabilities FINAL .pdf>.

महिलाको राजनीतिक सहभागीतालाई अवरोध गर्ने अर्को तत्व निर्वाचनको क्रममा हुने लैङ्गिक हिंसा सम्बन्धी सुरक्षाको विषय पनि हो । अपाङ्गता भएका महिलाहरूले अपाङ्गता नभएका महिलाहरूले भन्दा तीनगुणा बढी शारीरिक तथा यौन हिंसाको सामना गर्दछन् ।[११]

महिलाको सहभागीतालाई बाधा पुऱ्याउने सामाजिक तथा सांस्कृतिक अवरोधहरू अन्तर्गत नागरिक तथा राजनीतिक हक सम्बन्धी चेतनाको कमी समेत पर्दछ । यस्तो चेतनाको कमी महिलाहरूमा हुने साक्षरता एवं शिक्षाको कमीले गर्दा हुने गर्दछ। अपाङ्गता भएका व्यक्तिहरूमध्ये पनि महिलाहरूमा शिक्षाको स्तर अझ कम हुन्छ । युएनडीपीले विश्वभर अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता दर ३ प्रतिशत भएको अनुमान गरेको छ भने अपाङ्गता भएका महिलामा साक्षरताको दर झन कम अर्थात् १ प्रतिशतभन्दा पनि कम भएको अनुमान गरेको छ ।[१२]

महिलाको स्वतन्त्रतालाई रोक्ने वा महिलाले आफूले छनौट गर्न पाउने अधिकारको प्रयोग गर्न खोज्दा धम्क्याउने जस्ता सांस्कृतिक परम्पराहरूका कारण चुनावमा अर्काको नाममा फर्जी मतदान हुनसक्छ।[१३] त्यसमा पनि परिवारको सहयोगमा भर पर्नुपर्ने अपाङ्गता भएका महिलाहरूलाई त झन त्यो जोखिम अझ उच्च हुन्छ ।

महिलाका अधिकारहरूलाई विश्वव्यापी रूपमा अधिकांश कानूनमा पहिचान गरी उल्लेख गरिएको भए तापनि महिलाको राजनीतिक सहभागीता र प्रतिनिधित्वको सवाल जहिले पनि अन्य सूचकभन्दा पछि नै परेको पाइन्छ । विश्वभर नै महिला विधायकहरू, निर्वाचन अधिकृतहरू तथा राजनीतिक दलका नेताहरू अत्यन्त न्यून रहेको पाइन्छ । त्यसमध्ये पनि अपाङ्गता भएका महिलाको प्रतिनिधित्व त झनै न्यून रहेको छ । यो अवस्थालाई उल्टाउनको लागि नेतृत्वदायी पदहरूमा महिलाको उपस्थिती हुनुका साथसाथै लैङ्गिक संवेदनशील पुरूषहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । उपयुक्त प्रणाली नहुँदा नहुँदै पनि ईराक र रूवाण्डा जस्ता केही देशले व्यवस्थापिकामा लैङ्गिक आरक्षणको व्यवस्थागरेर महत्वपूर्ण उपलब्धि हासिल गरेका छन् । राजनीतिक, सामाजिक तथा आर्थिक जीवनमा महिलाको पूर्ण सहभागीता भएको खण्डमा उनीहरूलाई मात्र नभएर परिवार, समुदाय र राष्ट्रकै लागि फाइदाजनक हुन्छ ।

### अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू

अपाङ्गता भएका व्यक्तिहरूले वकालत तथा संगठनमार्फत अपाङ्गता अधिकारसम्बन्धी विश्वव्यापी आन्दोलन गर्दै आइरहेका छन् । अपाङ्गता भएका व्यक्तिहरूका संस्था भन्नाले अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालन गरेका संस्थाहरूलाई जनाउँछ । अपाङ्गता भएका व्यक्तिहरूका संस्थामा कहिले काहीँ अपाङ्गता नभएका व्यक्ति पनि सदस्य हुन्छन् तर संस्थालाई अपाङ्गता भएका व्यक्तिहरूको संस्था भन्नका लागि बहुमत सदस्य तथा नेतृत्वमा चाँहि अपाङ्गता भएका व्यक्तिहरू नै हुनुपर्दछ । अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू हरेक देशमा रहेका हुन्छन् र हाम्रा लागि हामी नै भन्ने एउटै मूल नारा रहेको हुन्छ।

समावेशी कार्यक्रमका लागि अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई संलग्न गराउनु अत्यावश्यक पहिलो चरण हो । तिनीहरूले समावेशी कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्दा अपाङ्गताका अनुभवहरूलाई ल्याउँछन् र अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको सञ्जालमार्फत सहभागी गराउँछन् । अपाङ्गता भएका व्यक्तिहरूको निश्चित अपाङ्गता अनुसारका राष्ट्रियस्तरका संस्थाहरू पनि हुन्छन् । त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको छाता संगठन पनि हुन्छ जसमा देशभरिका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका संस्था सदस्य हुन्छन् । त्यसैगरी थुप्रै क्षेत्रीय तथा

११ विश्व बैंक/यल विश्वविद्यालय । एचआईभी/एड्स तथा अपाङ्गता: लुकेका आवाजहरूको संकलन, अप्रिल २००४: १० <http://siteresources.worldbank.org/DISABILITY/Resources/Health-and-Wellness/HIVAIDS.pdf>.

१२ युएन इन्एबल । अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी युएन इन्एब्लको तथ्याङ्क । संयुक्त राष्ट्रसंघ । <http://www.un.org/disabilities/default.asp?>.

१३ फर्जी मतदान भन्नाले कुनै व्यक्तिको सट्टामा अर्कै व्यक्तिले मतदान गर्नु हो ।

अन्तर्राष्ट्रिय संगठन पनि छन् जस्तैः अपाङ्गता भएका अफ्रिकि युवाहरूको सञ्जाल,[१४] युरोपियन अपाङ्गता मञ्च[१५] र अन्तर्राष्ट्रिय अपाङ्गता एलायन्स ।[१६] त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गर्ने तर सबै तहका सदस्यमा अनिवार्यरूपमा उनीहरूलाई संलग्न नगराउने संस्थाहरू पनि नागरिक समाजका उपयोगी साझेदार संस्थाहरू हुन सक्छन् । त्यसो भएतापनि कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा अपाङ्गता भएका व्यक्तिहरूका अवधारणाहरू समावेश भएको सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँग काम गर्नु उपयुक्त हुन्छ ।



*नागरिक तथा निर्वाचन अधिकार सम्बन्धी बर्मामा भएको तालिममा ब्रेल लिपीमा लेख्दै महिला*

### अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको नक्साङ्कन

कुनै स्थानीय संस्थासँग साझेदारीमा काम गर्नु अघि विभिन्न किसिमका समूहहरूसँग भेटगरी छलफल गर्नु उपयोगी हुन्छ । त्यस अन्तर्गत कुनै निश्चित प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका मात्र प्रतिनिधित्व गर्ने संस्था वा समूहका साथै धेरै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको संस्था पनि पर्दछन् । धेरै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका संस्थामा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व भएको हुन्छ । ग्रामीण क्षेत्रमा रहेका समूहहरूका फरक प्राथमिकता तथा चासोहरू हुन सक्छन् । त्यसैले कार्यक्रम तर्जुमा गर्दाखेरी शहरी क्षेत्रमा रहेका समूहको मात्र नभई ती ग्रामीण क्षेत्रमा रहेका समूहलाई पनि संलग्न गराइनुपर्दछ । यदि अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँग साझेदारी गर्ने हो भने त्यसका लागि अन्य थुप्रै अतिरिक्त पक्षहरूलाई समेत ख्याल गर्नुपर्ने आवश्यकता हुन्छ । त्यसका लागि अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको समुदायको नक्शाङ्कनका लागि अतिरिक्त समय छुट्याउनुपर्ने पनि हुनसक्छ ।

अपाङ्गता भएका व्यक्तिहरूको समुदायका बीचमा पनि समूहले उठाउन चाहेका सवाल र उनीहरूका राजनीतिक गतिविधिप्रतिको चासोका कारण विभाजन हुनसक्छ । अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको संरचना कहिले काहीँ व्यवस्थापन गर्न निकै गाह्रो पर्दछ । केही समूहले अनावश्यक राजनीतिक कार्यमा संलग्न हुन नहुने महसुश गर्दछन् किनभने उनीहरू आफ्ना आधारभूत सेवाहरूका लागि सरकारी स्रोतहरूमा भरपरेका हुन्छन् । केही अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले कुनै राजनीतिक दलसँगको साँठगाँठका कारण वा तिनीहरू सरकारी स्रोतहरू प्राप्त गर्ने प्राथमिक संस्था भएका कारण राजनीतिक सहभागीतालाई समर्थन गर्न सक्छन् । सिमित स्रोतको लागि प्रतिस्पर्धा गर्नुपर्ने भएकोले विभिन्न समूहका बीचमा असहमतिहरू पनि हुन सक्छन् । केही अपाङ्गता भएका व्यक्तिहरूका संस्था दाताबाट प्राप्त हुने रकम वा सहायता प्रदान गर्ने व्यक्तिमा भरपरेका हुन्छन्, जसका कर्मचारीले कार्यक्रम कार्यान्वयन तथा साझेदारीमा उल्लेखनीय प्रभाव पार्न सक्छन् ।

---

१४ अपाङ्गता भएका अफ्रिकि युवाहरूको सञ्जाल । <http://aywdn.wordpress.com/>.

१५ युरोपियन अपाङ्गता मञ्च । <http://www.edf-feph.org/>.

१६ अन्तर्राष्ट्रिय अपाङ्गता सञ्जाल । <http://www.internationaldisabilityalliance.org/en>.

केही अवस्थाहरूमा धेरै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका संस्था एकै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू भन्दा राजनीतिक गतिविधिमा संलग्न हुने कुरामा बढी खुल्ला हुन सक्छन् । एकै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू कहिले काहीँ जहाँको त्यहिँ रहन चाहनेखालका हुन्छन् र तिनीहरूले आफ्ना आवाज उठाउने वा अन्य संस्थासँग सहकार्य गर्ने कुराबाट कुनै फाइदा देखेको हुँदैन । तर यसको अर्थ लोकतन्त्रका लागि सहयोग गरिने कार्यक्रममा धेरै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका संस्थामात्र उपयुक्त साझेदार हुन्छन् भन्ने चाहीँ होइन । यसको अर्थ के हो भने अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूमा हरेक घटनामा उही सवालहरू दोहोरिन्छन् भन्ने चाहिँ होइन । धेरैजसो अवस्थामा, विभिन्न प्रकारका समूहहरूलाई सहायता प्रदान गर्ने र त्यसपछि उनीहरूका आवश्यकता तथा चासो आपसमा मिलाउन सकिने अवसरहरू हेर्नुपर्दछ । सामूहिक रूपमा क्रियाकलाप गर्नाले त्यसबाट निश्चितरूपमा समुदायलाई फाइदा हुन्छ ।

राजनीतिकरूपमा संलग्नता हुने सवालमा पूराना पुस्ता र नयाँ पुस्ताका बीचमा पनि अन्तर हुनसक्छ । केही पूराना व्यक्ति राजनीतिक दलहरूसँग हुँदा वा सरकारबाट सहायता लिंदा हुनसक्ने जोखिमका बारेमा चिन्तित हुने भएकाले उनीहरू धेरै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका संस्था र तिनले चाल्ने कदमहरूको पक्षमा कम लाग्दछन् । केही देशको सन्दर्भमा यो नै अपाङ्गता भएका व्यक्तिहरूको समुदायका लागि सान्दर्भिक पनि हुनसक्छ ।

**राम्रो अभ्यास**

सर्वियामा अपाङ्गता भएका व्यक्तिहरूको समुदायलाई लक्षित गरिएको सहायता कार्यक्रमको लागि साझेदार संस्थाको पहिचान गर्ने क्रममा नेशनल डेमोक्र्याटिक इन्स्टिच्युटले अपाङ्गताको सवालमा काम गर्ने ह्याण्डीक्याप इन्टरनेशनल सहित अन्य अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सम्पर्क गर्‍यो । नाम चलेका थुप्रै अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको पहिचान गरेपछि नेशनल डेमोक्र्याटिक इन्स्टिच्युटले राजनीतिक सिप विकास गर्नको लागि सहयोग गर्न कुन संस्था छनौट गर्दा सबैभन्दा उत्तम हुन्छ भनेर मूल्याङ्कन गर्‍यो । अन्तिममा, धेरै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको एक संस्थाले राजनीतिक संलग्नताको लागि सबैभन्दा बढी इच्छा प्रदर्शन गरेकोले त्यससँग साझेदारी गर्ने निर्णय गर्‍यो । सहायता कार्यक्रम शुरू गर्नुभन्दा पहिले गरिएको यो प्रारम्भिक नक्शाङ्कन गर्ने कार्यले नेशनल डेमोक्र्याटिक इन्स्टिच्युटलाई राजनीतिक रूपले तटस्थ संस्थाको छनौट गर्न र सुधारमा इच्छा नभएका कुनै अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँग सहकार्य गर्नुपर्ने अवस्था आउन नदिन सहयोग पुर्‍यायो ।

## अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकारहरू सम्बन्धी कानूनी आधार[१७]

'एक व्यक्ति, एक मत' भन्ने अवधारणा लोकतन्त्रको आधारभूत मान्यता हो। मतदान गर्ने अधिकारले सबै व्यक्तिलाई आफ्नो जीवनलाई असर गर्ने निर्णयहरूलाई प्रभावित गर्ने अवसर प्रदान गर्दछ । तथापि, कहिले काहीँ अपाङ्गता भएका व्यक्तिहरूलाई यस सन्दर्भमा भेदभाव गरिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धी महासन्धि अपाङ्गता सम्बन्धी समावेशीकरणको अन्तर्राष्ट्रिय स्तरको मार्गदर्शन हो । यसलाई संयुक्त राष्ट्र संघका ८२ प्रतिशत सदस्य राष्ट्रले हस्ताक्षर गरेका छन् भने ती राष्ट्र मध्ये ७२ प्रतिशतले यसको अनुमोदनसमेत गरिसकेका छन् ।[१८] महासन्धिको धारा २९ ले राजनीतिक तथा सार्वजनिक जीवनमा हुने सहभागीतालाई जोड दिएको छ । यसले सदस्य राष्ट्रहरूलाई आहवान गरेको छः अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिसरह प्रत्यक्ष वा स्वतन्त्ररूपमा चुनेका प्रतिनिधिमार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवं पूर्ण सहभागीत हुनसकेको सुनिश्चित गर्नुपर्दछ । त्यस अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको मतदान गर्ने तथा निर्वाचित हुने अधिकार र अवसरसमेत पर्दछन् ।

महासन्धिको धारा १२ ले कानूनी क्षमतालाई जोड दिएको छ । बौद्धिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको मतदान गर्ने अधिकारलाई प्रभाव पार्ने कानूनी सवाललाई यसले समेटेको छ । यो धाराले सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई कानूनका अगाडि जहाँतहीँ एउटा व्यक्तिको रूपमा चिनिने अधिकार भएको, उनीहरूले अन्य व्यक्तिसरह कानूनी क्षमताको उपभोग गर्नसक्ने र तिनीहरूलाई यी अधिकारहरूको प्रयोग गर्न सहयोग गरिने कुराको सुनिश्चितता

१७ प्रावधानहरूको सारांश अनुसूचीमा पाउन सकिन्छ ।

१८ युएन इनेबल । महासन्धि तथा ऐच्छिक प्रोटोकल हस्ताक्षर र अनुमोदन । संयुक्त राष्ट्रसंघ ।

गर्नुपर्ने बताएको छ । निर्वाचन तथा राजनीतिक प्रक्रियाहरूको सन्दर्भमा, निर्वाचन सम्बन्धी कानूनले अभिभावकको उपस्थितिमा व्यक्तिले मतदान गर्नसक्ने अधिकारमा हुने अवरोध सम्बन्धी प्रावधानहरू हटाइएको भन्ने बुझिन्छ । त्यसका साथै, यदि कुनै मतदातालाई सहयोगको आवश्यकता परेमा उक्त व्यक्तिलाई अन्य व्यक्तिको सहायता लिन दिनुपर्दछ ।

**राम्रो अभ्यास**

जिम्बाब्वेको अपाङ्गता भएका व्यक्तिहरूको एक संस्थाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरू सम्बन्धी महासन्धिका प्रतिलिपीहरू निर्वाचन व्यवस्थापन अधिकारीहरूलाई वितरण गरेको थियो । त्यसले निर्वाचनसँग सम्बन्धित कर्मचारीहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको बारेमा शिक्षा दिने कार्यको थालनी भयो ।

अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धी महासन्धिका कारण विश्वव्यापी रूपमा अपाङ्गतालाई जोड दिने कार्यमा वृद्धि भएको छ । यसले अपाङ्गता सम्बन्धी अधिकारहरूका बारेमा जनचेतना जगाउन अवसर समेत प्रदान गर्दछ । साथै महासन्धिमा हस्ताक्षर गरेका राष्ट्रहरूमा निर्वाचन व्यवस्थापन निकाय तथा अन्य सरकारी निकायहरूलाई अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्न दवाव सिर्जना गर्दछ । उक्त महासन्धिले नयाँ राजनीतिक स्थान प्रदान गर्दछ जहाँ, अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूलाई महत्वपूर्ण लागेका सवालहरूमा सरकारलाई थप उत्तरदायी गराउन सक्छन् । यो अन्तर्राष्ट्रिय दस्तावेजले अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई महासन्धिमा हस्ताक्षर गर्न, अनुमोदन गर्न र महासन्धिमा रहेका प्रावधानहरूको पूर्ण कार्यान्वयन गराउन राज्यसँग वकालत गर्ने अवसरहरू समेत प्रदान गर्दछ। अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धी महासन्धि कार्यान्वयनको अनुगमनले नीति-निर्माणकर्ताहरूका बीचमा अपाङ्गता भएका व्यक्तिहरूले सहभागीताका लागि भोगेका अवरोधका बारेमा संवाद गर्ने र हरेक देशमा समावेशी सार्वजनिक नीतिहरू तर्जुमा गर्ने अवसर प्रदान हुन्छ ।

महासन्धिले निर्वाचनका बेलामा अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक समावेशीकरणका लागि स्थान खुल्ला गर्न सक्छ । निर्वाचनमा सहभागी हुनपाउने अधिकार सम्बन्धी प्रावधानका अतिरिक्त नागरिकले महासन्धिमा रहेका मापदण्डहरूलाई व्यावहारिक संलग्नता तथा चासोका सवालहरू सम्बन्धमा वकालत गर्नका लागि प्रयोग गर्न सक्छन् । यसरी महासन्धिले अपाङ्गता सम्बन्धी सवालहरूका बारेमा राजनीतिक छलफल गर्ने उपयुक्त वातावरणका सिर्जना गर्दछ । यसले नागरिकहरूलाई स्वीकृत अन्तर्राष्ट्रिय मापदण्ड तथा महासन्धिको दायित्वको आवश्यकता अनुसार छलफल गर्न र छलफललाई निश्चितताको तहसम्म पुऱ्याउन सकिन्छ । महासन्धिले सतही अन्तर्क्रिया नभई सारभुत अन्तरक्रियाको लागि शुरूवात बिन्दु प्रदान गर्दछ ।

अन्य अन्तर्राष्ट्रिय महासन्धिहरू जस्तैः नागरिक तथा राजनीतिक अधिकारहरू[१९] सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २५ र मानव अधिकारको विश्वव्यापी घोषणापत्र[२०] को धारा २१ ले पनि अपाङ्गता भएका व्यक्तिहरूको मतदान गर्न पाउने एवं निर्वाचित हुन पाउने अधिकारहरूको संरक्षण गरेका छन् ।

यदिप, नागरिक तथा राजनीतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आई.सी.सी.पी.आर.) को धारा २५(४) को साधारण वाक्यांशमा राष्ट्रहरूले मानसिक असक्षमताका आधारमा मतदान गर्ने अधिकार प्रदान नगर्न पनि पाउँछन् भनिएको छ।[२१] नागरिक तथा राजनीतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सन् १९६६ मा हस्ताक्षरका लागि खुल्ला गरिएको थियो। अन्तर्राष्ट्रिय कानूनका आधुनिक प्रवृत्तिहरू जस्तैः सीआरपीडी र सम्बन्धित न्यायशास्त्र जस्तैः मानव अधिकार सम्बन्धी युरोपेली अदालतमा किस विरुद्ध हंगेरीको मुद्दामा अधिकार स्थापित भएका प्रमाणहरू हुन्।

१९ नागरिक तथा राजनीतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि । संयुक्त राष्ट्रसंघ ।

२० मानव अधिकारको विश्वव्यापी घोषणापत्र । संयुक्त राष्ट्रसंघ । <http://www.un.org/en/documents/udhr/>.

२१ संयुक्त राष्ट्रसंघ । मानव अधिकारका लागि उच्च आयुक्तको कार्यालय, बुँदा नं. २५: सार्वजनिक गतिविधिमा सहभागी हुने अधिकार, मतदानको अधिकार र सार्वजनिक सेवामा समान पहुँचको अधिकार (धारा २५), १९९६



*सन् २०१२ को निर्वाचन अगाडि मेक्सिकोको अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण तथा विकासका लागि राष्ट्रिय परिषद् समक्ष प्रस्तुति गर्दै।*

त्यसैगरी आधुनिक मान्यताहरूले महासन्धिको साधारण वाक्यांशलाई चुनौती दिइरहेका छन्। किसविरूद्ध हंगेरीको मुद्दामा युरोपेली अदालतले मुद्दा सम्बन्धी कानूनलाई उल्लेख गर्दै भनेको थियो, मतदान गर्न पाउने अधिकार भनेको कुनै सुविधा होइन। २१ औं शताब्दीमा लोकतान्त्रिक राष्ट्रको भावना समावेशीकरणको पक्षमा हुनै पर्दछ। निर्वाचनमा मत खसाल्न पाउने अधिकार विश्वव्यापी आधारभूत सिद्धान्त भइसकेको छ।[२२]

> "मेरो विचारमा अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्न सक्षम बनाउन र त्यो प्रक्रियाको हिस्सा बनाउनकोलागि हामीलाई वास्तवमै समाज र हामी बसेको देशको बृहत नागरिकसँग जोडेर हेर्नुपर्दछ। त्यसैले यो धेरै नै संवेदनशील सवाल हो।"
>
> सार्लोट म्याक्लेईन - न्हालोपो
>
> संयोजक, अपाङ्गता समावेशी विकास, युएसएआईडी

केही क्षेत्रीय मापदण्डहरू पनि रहेका छन् जस्तैः दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको संघ (आसियान) समुदायमा अपाङ्गता भएका व्यक्तिहरूको भूमिका तथा सहभागीता अभिवृद्धि सम्बन्धी बाली घोषणापत्र[२३] र अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचन सम्बन्धी विषयहरूमा सहभागीताका लागि असल अभ्यास संहिता सम्बन्धी भेनिस आयोगको परिमार्जित व्याख्यात्मक घोषणा।[२४]

२२ अलाजोस किस्विरूद्ध हंगेरी। मानव अधिकार सम्बन्धी युरोपेली अदालत, मे २०, २०१०। <http://hudoc.echr.coe.int/sites/eng/pages/search.aspx?i=001-98800>.

२३ दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको महासंघ। समुदायमा अपाङ्गता भएका व्यक्तिहरूको भूमिका तथा सहभागीता अभिवृद्धि सम्बन्धी बाली घोषणापत्र। <http://www.asean.org/archive/documents/19th summit/Bali_Declaration_on_Disabled_Person.pdf>.

२४ युरोपको परिषद् तथा भेनिस आयोग। अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचन सम्बन्धी विषयहरूमा सहभागीताका लागि असल अभ्यास संहिता सम्बन्धी परिमार्जित व्याख्यात्मक घोषणा। <http://www.venice.coe.int/webforms/documents/CDL-AD(2011)045.aspx>.

## विकास अनुदान प्रदान गर्ने निकायहरूका अपाङ्गता सम्बन्धी नीतिहरू

धेरैजसो अनुदान दिने निकायहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई विकास कार्यक्रमहरूमा समावेश गराउन तथा ती कार्यक्रमहरूबाट उनीहरूलाई सकारात्मक प्रभाव परेको सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण लाई आधारभूत नीतिको रूपमा लागू गरेका हुन्छन् ।[२५] त्यस्ता नीतिहरूले अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण गर्न प्राथमिकता निर्धारण गर्न सहयोग पुऱ्याउँछन् । साथै विकासकर्मीहरूका क्रियाकलापलाई निर्देशित गर्ने ढाँचासमेत प्रदान गर्दछन् ।

अन्तर्राष्ट्रिय विकासका लागि अस्ट्रेलियाली निकाय (अस्एड्) ले सन् २००८ मा सबैका लागि विकास[२६] शीर्षक अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणका लागि विस्तृत नीति लिएको थियो । उक्त नीति अनुदान प्राप्त २० वटा देशका सम्बन्धित सरकार तथा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँगको परामर्शमा लेखिएको थियो । उक्त नीतिको प्राथमिक रणनीतिक लक्ष्य भनेको अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागीता, योगदान, निर्णय प्रक्रिया र सामाजिक तथा आर्थिक उन्नतिका लागि अन्य व्यक्तिसरह समान अवसरहरू प्रदान गरी उनीहरूको गुणस्तरीय जीवनमा सुधार ल्याउन सहयोग गर्नु रहेको छ । यो रणनीतिको हिस्साको रूपमा, अन्तर्राष्ट्रिय विकासका लागि अस्ट्रेलियाली सहयोग नियोगले रोकथाम गर्न सकिने अपाङ्गताहरूमा कमी ल्याउन स्रोतहरूलाई परिचालन गरेको थियो । त्यसका लागि सडक सुरक्षा तथा दृष्टिसम्बन्धी समस्या हटाउने कार्यक्रमहरूलाई जोड दिइएको थियो । यो लक्षित नीतिको अतिरिक्त अन्तर्राष्ट्रिय विकासका लागि अस्ट्रेलियाली निकायले अपाङ्गता भएका व्यक्तिहरूको जीवन सुदृढीकरण गर्ने नीतिलाई अस्ट्रेलियाको अनुदान नीतिको १० वटा विकास उद्देश्यहरू मध्येको एकमा राखेको थियो । सन् २०१२ मा सबैका लागि विकास रणनीतिको मूल्याङ्कन गरिएको थियो । उक्त मूल्याङ्कनले निरन्तरको अनुदान रकम, स्पष्ट निर्देशिकाहरू तथा लगनशिल कर्मचारीहरूको कारणले क्यानबेरा लगायत अनुदान प्राप्त गरेका देशका विभिन्न स्थानहरूमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा उल्लेखनीय सुधार भएको देखाएको थियो ।[२७]

युएसएआईडीले साझेदार संस्थाहरू र कर्मचारीलाई युएसएआईडीको रकमबाट सञ्चालित कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई भेदभाव नगर्न आहवान गर्दै सन् १९९७ देखि अपाङ्गता सम्बन्धी नीति प्रचलनमा ल्याएको थियो। त्यसैगरी यस नीतिले सम्बन्धित देशका सहकर्मीहरू, सरकार, कार्यान्वयन गर्ने संस्थाहरू तथा अन्य दाताहरूलाई अपाङ्गता भएका व्यक्तिहरू विरूद्ध विनाभेदभावको वातावरण प्रवर्द्धन गर्न तथा उनीहरूलाई समान अवसर प्रदान गर्न समेत आहवान गर्दछ ।[२८] नीतिले अपाङ्गता सम्बन्धी सवालहरू अन्तर्राष्ट्रिय विकासका महत्वपूर्ण पक्षहरू भएको, अपाङ्गता भएका व्यक्तिहरूको समुदायसँग परामर्श गर्नुपर्ने र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूमा लगानी गर्ने तथा तिनीहरूलाई सुदृढीकरण गर्ने कार्यहरू अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको प्रवर्द्धनका मुख्य चरणहरू भएको कुरालाई जोड दिएको छ ।

समावेशी विकास सम्बन्धी आफ्ना प्रतिबद्धताहरूलाई थप संस्थागत गर्न युएसएआईडीले २ वटा निर्देशक नीति जारी गरेको थियो :

२५ मोविलिटी इन्टरनेशनलले एकिकृत गरेको अपाङ्गता समावेशीकरण सम्बन्धी नीतिहरूको संकिलत संग्रह, जो निम्न वेवसाइटमा उपलब्ध छः
<http://www.miusa.org/idd/resources/dispolicies/index_html.

२६ अन्तर्राष्ट्रिय विकासका लागि अस्ट्रेलियाली निकाय । 'सबैका लागि विकास': अपाङ्गता समावेशी अस्ट्रेलियाली सहयोग कार्यक्रम २००९-२०१४ । <http://aid.dfat.gov.au/Publications/Pages/8131_1629_9578_8310_297.aspx>.

२७ लिन्डा केली र लोरेएन वाप्लिङ, अन्तर्राष्ट्रिय विकासका लागि अस्ट्रेलियाली निकाय । सबैका लागि विकास रणनीतिः मध्यवर्ती पुनरावलोकन २०१२ । <http://aid.dfat.gov.au/aidissues/did/Documents/dfa-mtr.pdf>.

२८ अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएआईडी), नीति तथा कार्यक्रम समन्वय ब्युरो, युएसएआईडी डिस्अबिलिटी पोलिसी पेपर, वासिङटन डि.सी. १९९७ । <http://pdf.usaid.gov/pdf_docs/PDABQ631.pdf>.

- एक्विजिसन असिस्टेन्स पोलिसी डाइरेक्टिभ (एएपीडी) ०४-१७ : कराहरू, अनुदानहरू र सहयोगात्मक सम्झौताहरूमा युएसएआईडीको अपाङ्गता सम्बन्धी नीतिलाई सहयोग गर्नेः करार सम्झौता तथा अनुदान प्राप्त गर्नेहरूले सम्झौता अन्तर्गत युएसएआईडीको अपाङ्गता सम्बन्धी नीतिलाई अधिकतममात्रामा पालना गरेको सुनिश्चित गर्न यो निर्देशन जारी गरिएको थियो । यस अन्तर्गत सबै प्रकारका करारहरू, अनुदानहरू र सम्झौताहरूको आहवान गर्दा तथा त्यससम्बन्धी निर्णय लिंदा समावेश गर्नैपर्ने अपाङ्गता नीति सम्बन्धी भाषा समेत पर्दछ ।

- एएपीडी ०५-०७ : करारहरू, अनुदानहरू र सहयोगात्मक सम्झौताहरूमा युएसएआईडीको अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सम्बन्धी मापदण्डलाई सहयोग गर्नेः यो निर्देशन अनुसार सबै प्रकारका करार, अनुदान तथा सहयोग सम्झौताहरू गर्दा नयाँ निर्माण गरिने वा पुनःनिर्माण वा परिमार्जन गरी तयार गरिने सबै प्रकारका संरचना, भवन वा संस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सम्बन्धी मापदण्डको पालना गर्नैपर्ने प्रावधान राख्नुपर्ने हुन्छ ।

युएसएआईडीसँग अपाङ्गता सम्बन्धी उत्कृष्ट विशेषज्ञता भएका व्यक्तिहरूको सूची पनि रहेको छ । उनीहरूले केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरू र विभिन्न मिसनहरूमा कार्यरत कर्मचारीहरूलाई सिकेका कुराहरू आदानप्रदान गर्ने तथा अपाङ्गता समावेशी अभ्यासका लागि मार्गनिर्देशन गर्ने गर्दछन् ।

अमेरिकी सरकारका अन्य निकायहरूले पनि आफ्ना क्रियाकलापहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने कार्यलाई महत्व दिएका छन् । अमेरिकी सरकारको लोकतन्त्र, मानव अधिकार तथा श्रम विभागले परियोजना प्रस्ताव पुनरावलोकन मापदण्डमा अपाङ्गता समावेशीकरणलाई विशेषरूपमा उल्लेख गरेको छ। कार्यक्रम अनुगमन तथा मूल्याङ्कन परिच्छेदले तथ्याङ्कलाई अपाङ्गता अनुसार वर्गीकरण गर्नुपर्ने सिफारिश गरेको छ। त्यसैगरी कार्यक्रमको गुणस्तर अन्तर्गत कार्यक्रमले महिला, अपाङ्गता भएका व्यक्तिहरू लगायत उच्च जोखिममा रहेका तथा जोखिममा पर्नसक्ने जनसंख्याको अधिकारलाई अभिवृद्धि गर्नुपर्ने उल्लेख गरेको छ। यो दाताहरूका लागि एउटा राम्रो उदाहरण हो जसले क्रियाकलापहरू, उद्देश्यहरू र सम्बन्धित लक्ष्यहरूमा अपाङ्गतालाई समावेश गर्नुपर्ने विषयलाई अत्यन्त महत्वका साथ जोड दिएको छ र समावेशी परियोजना प्रस्तावलाई अतिरिक्त अंक दिएर यो नीतिलाई थप मद्दतसमेत गरेको छ ।

त्यसैगरी, स्विडिस् अन्तर्राष्ट्रिय विकास नियोग (सिडा) ले पनि सन् २००९ मा *अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार*[२९] शीर्षकमा समावेशी नीतिलाई संस्थागत गरेको थियो । नीतिको लक्ष्य अपाङ्गता भएका महिला, पुरूष, केटी तथा केटाहरूको मानव अधिकारको सम्मान गर्ने र स्वीडेनले विकास कार्यक्रमहरूमा सहयोग गरेका देशमा उनीहरूको जीवनयापनको अवस्थामा सुधार ल्याउन उत्तम अवसरहरू प्रदान गर्ने रहेको उल्लेख छ । उक्त नीतिले सिडाका कार्यक्रम तथा निर्णय प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई ध्यान दिन आहवान गरेको छ । यसले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था तथा जीवनयापनको अवस्थाका बारेमा सिडाका कर्मचारीहरू तथा कार्यक्रम कार्यान्वयनकर्ताहरूको बुझाइ तथा ज्ञानमा वृद्धि भएको सुनिश्चित गर्न सोही अनुसारको भाषाको प्रयोगलाई समेत समावेश गरेको छ । यो नीतिले स्वीडेनको अन्तर्राष्ट्रिय विकासका लागि अधिकारमा आधारित नीतिको कार्यान्वयनको लागि गरिएको एउटा कदमलाई प्रतिनिधित्व गर्दछ । उक्त नीतिका अनुसार जुनसुकै लिङ्ग, उमेर, अपाङ्गता, जाति वा लैङ्गिक अभिमुखीकरण भएका व्यक्तिहरू उनीहरूको अधिकारको उपभोग गर्न सक्षम हुनुपर्दछ । महत्वपूर्ण कुरा के छ भने सिडाको २००५ मा गरिएको मूल्याङ्कनमा अपाङ्गता भएका बालबालिका तथा वयस्कहरूको समावेशीकरणमा सिडाका कार्यक्रमहरूले पर्याप्त मात्रामा प्रभाव पार्न नसकेको विश्लेषण पश्चात यो नीति ल्याइएको थियो । नीतिको नियमित प्रभाव मूल्याङ्कन गर्ने तथा सोही अनुसार नीतिमा सुधार गर्ने कार्य सिडाको नीतिको अर्को महत्वपूर्ण पक्ष हो ।


---

२९ Anette Dahlström, Charlotta Bredberg, Lina Lindblom, Christine Lundberg, Johan Norqvist and Camilla Ottosson. Sida. *Human Rights for Persons with Disabilities*. Sida, 2009. <http://sidapublications.citat.se/interface/stream/mabstream.asp?filetype=1&orderlistmainid=294&printfileid=294&filex=402323664960>.

त्यसैगरी, दाताहरू र अपाङ्गता भएका व्यक्तिहरूको समुदायको सहकार्यमा सञ्चालित अपाङ्गता अधिकार कोषले *उपकार भन्दा टाढाः समावेशीकरणको लागि दाताको निर्देशिका*[३०] को तर्जुमा गरेको छ । यो पुस्तकमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धी महासन्धिको कार्यान्वयन कसरी गर्ने र दातृ निकायहरूले अन्तर्राष्ट्रिय विकास कार्यक्रममा अपाङ्गतालाई सम्बोधन गर्न अधिकारमा आधारित अवधारणालाई प्रयोग कसरी गर्न सक्छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

### अवरोधहरू हटाउने

**चित्र नं. ३ : अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्नुपर्ने अवरोधहरू**




यो भन्दा पहिले पनि उल्लेख गरिसकिएको छ कि अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको जीवनमा प्रभाव पार्ने निर्णयहरूमा सहभागीता जनाउने इच्छा तथा क्षमता राख्दछन्। त्यसका बाबजुद, उनीहरूले केही अवरोधहरूको सामना गर्नुपर्ने हुन्छ जसले उनीहरूको पहुँचलाई सिमित गर्ने वा रोक्ने गर्दछन् । चित्र नं. ३ मा धेरैजसो अपाङ्गता भएका व्यक्तिहरूले भोग्ने अवरोधहरूको सूची दिइएको छ । ती अवरोधहरूलाई सामाजिक लाञ्छनाहरू, भेदभावपूर्ण कानूनी/भौतिक संरचना र निर्णयकर्ताहरूको अभिभावकिय अवधारणा गरी विभाजन गरिएको छ । केही अवरोधहरू निश्चित क्षेत्रहरूका लागि मात्र हुन्छन्। उदाहरणका लागि केही अफ्रिकि सन्दर्भहरूमा अपाङ्गतालाई पूर्वजन्ममा गरिएको पापको परिणामको रूपमा लिइन्छ । केही निश्चित प्रकारका अपाङ्गता र निर्वाचन प्रणालीका निश्चित चरणहरूमा हुने केही अवरोधहरूलाई पछि सम्बोधन गरिनेछ ।

यी निश्चित प्रकारका अवरोधहरूका साथै अपाङ्गता भएका व्यक्तिहरूले अन्य नागरिकलाई प्रभाव पार्ने चुनौतीहरूसँग पनि जुध्नुपर्ने हुन्छ । थुप्रै नयाँ तथा उदाउँदा लोकतान्त्रिक मुलुकहरूका अधिकांश मानिसमा मतदान तथा अन्य राजनीतिक सहभागीताको अनुभवको अभाव हुन्छ । त्यसैगरी, विधायकहरू र राजनीतिक दलहरू नीति-निर्माण गर्ने बेलामा नागरिकसमक्ष नपुग्न पनि सक्छन् अर्थात् उनीहरूलाई शासन गर्न निकायहरूको निगरानी गर्नमा नागरिक समाजले खेल्न सक्ने भूमिकाका बारेमा थाहा नहुन पनि सक्छ । यस्तो अवस्थाहरूमा सिमित राजनीतिक स्थान तथा सरकारको जवाफदेहिताको अभावले गर्दा अपाङ्गता भएका व्यक्तिहरू मात्र नभएर सबै नागरिकलाई नकारात्मक प्रभाव पारेको हुन्छ। लोकतान्त्रिक कार्यक्रमहरूले अपाङ्गता भएका व्यक्तिहरूको बृहत्तर समावेशीकरण गर्ने लक्ष्य लिनैपर्दछ। त्यसकारण सम्पूर्ण वातावरणका चुनौतीहरूलाई ख्याल गर्नुपर्दछ र लोकतन्त्रको फैलावट तथा गहिराइका लागि अपाङ्गता भएका व्यक्तिहरूले खेल्नसक्ने भूमिकाहरूको पनि ख्याल गरिनुपर्दछ ।

३० Bruce Downie and Lorraine Wapling. “Beyond Charity: A Donor’s Guide to Inclusion.” Disability Rights Fund. <http://www.disabilityrightsfund.org/files/beyond_charity._a_donors_guide_to_inclusion.pdf>.”

> एकदमै महत्वपूर्ण कुरा के हो भने अपाङ्गता भएका व्यक्तिहरूलाई सम्पूर्णताको एउटा हिस्साको रूपमा हेरिन्छ । र, सरकार तथा नागरिक समाजले धेरैभन्दा धेरै मानिसको निर्वाचनमा सहभागी हुने, विशेषगरी भोट हाल्ने चाहनालाई पूरा गर्नुपर्ने आवश्यकताको पहिचान गरेका हुन्छन् । वास्तवमा तपाईं त्यही प्राप्तिकै लागि लडिरहनु भएको हुन्छ ।
>
> जुडिथ ह्यूमन
> अन्तर्राष्ट्रिय अपाङ्गता अधिकारका लागि विशेष सल्लाहकार, स्टेट डिपार्टमेन्ट, संयुक्त राज्य अमेरिका

## समावेशी निर्वाचन तथा राजनीतिक प्रक्रियाहरूलाई सहयोग गर्ने रणनीतिहरू

यो निर्देशिकाको परिच्छेद २ देखि ४ सम्म निर्वाचन चक्रको बारेमा उल्लेख गरिएको छ । हरेक परिच्छेदले चक्रका विभिन्न चरणलाई प्रतिनिधित्व गर्दछन्। साथै ती हरेक चरणमा अपाङ्गता भएका व्यक्तिहरूले भोग्नुपर्ने निश्चित चुनौतीहरूका बारेमा छलफल गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा सुधार ल्याउने तथा उनीहरूको राजनीतिक संलग्नतामा अभिवृद्धि गर्नको लागि सुझावहरू पनि सिफारिश गरिएका छन् ।

धेरैजसो कार्यक्रम देहायका चार वटा अलग अलग सहयोगी रणनीतिहरूमा केन्द्रित हुन्छन् :

*१. अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण गर्ने*

अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू निर्वाचन तथा राजनीतिक प्रक्रियामा केन्द्रित कार्यक्रमहरूका मुख्य साझेदार हुन् । अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले निर्वाचन अघि अपाङ्गता भएका व्यक्तिहरूलाई परिचालन गर्ने मञ्च उपलब्ध गराउनुका साथै उनीहरूका चाहनाहरूको प्रतिनिधित्व गर्दछन् । उनीहरूलाई कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलगायत कार्यक्रम चक्रको सम्पूर्ण अवधिभर समावेश गरिनुपर्दछ । प्रभावकारिताका निम्ति अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले उनीहरूलाई निर्वाचन प्रणाली र सरकारी संरचनाका विभिन्न पक्षका बारेमा दिइने तालिमबाट फाइदा लिन सक्छन् । व्यवस्थापन तथा सार्वजनिक सम्पर्क, वकालतलगायतका आधारभूत संगठनात्मक सिपहरूमा क्षमता अभिवृद्धि गर्नाले अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई सरकारी अधिकारी, सञ्चार माध्यम, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू तथा अन्य समूहहरूसँग अन्तरक्रिया गर्न सहयोग पुग्दछ । त्यसैले क्षमता अभिवृद्धि गर्ने कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूका लागि उपयोगी हुन्छन् । ती तालिमहरूमा कसरी गठबन्धन निर्माण गर्ने तथा आर्थिक सहायता जुटाउने भन्ने कुराहरू पनि समावेश गर्न सकिन्छ । यस्तो सहयोगले अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले राजनीतिक 'प्रोफाइल' निर्माण गर्न सक्छन्, जसले आफ्ना सवालहरूलाई राजनीतिक एजेन्डामा समावेश गराउन सहयोग पुऱ्याउँछ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र कार्यान्वयन गर्ने संस्थाहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई कर्मचारीको रूपमा विशेषगरी नेतृत्व तहका पदमा नियुक्त गरेको खण्डमा त्यसले निर्वाचन तथा राजनीतिक प्रक्रियाहरू थप सुदृढ हुन्छन् ।

*२. सरकारी निकायहरूलाई सहयोग गर्ने*

सरकारी निकायहरू जस्तैः व्यवस्थापिका र निर्वाचन व्यवस्थापन गर्ने निकायहरूलाई सहयोग पुऱ्याउने कार्यक्रमहरूले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागीता वृद्धि गर्ने अवसर प्रदान गर्दछन्। कानून निर्माण गर्ने सरकारी निकायलाई प्रदान गरिने प्राविधिक सहयोग तथा लोकतन्त्रको विकासका लागि सहयोग गर्ने कार्यक्रमहरूले ती निकायहरूको अपाङ्गता भएका व्यक्तिहरूको समुदायका अधिकारहरू वा प्रस्तावित नीतिहरूले ती समुदायमा पार्ने प्रभावको मूल्याङ्कन गर्ने सिपहरू विकास हुन्छ । त्यस्ता कार्यक्रमहरूले सरकारी निकायहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँग साझेदारी गर्न प्रोत्साहित गर्दछन् । त्यसले अपाङ्गता भएका व्यक्तिहरूलाई सशक्त नागरिकका रूपमा हेर्नुपर्दछ र उनीहरूको जीवनयापनमा प्रभाव पार्ने नीतिहरू तर्जुमा गर्दा उनीहरूसँग परामर्श गरिनुपर्दछ भन्ने कुराको प्रवर्द्धन गर्नमा सहयोग पुग्दछ । अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई पनि सरकारी सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट गर्न सहयोग गरिनुपर्दछ । बहिष्करणयुक्त कानून तथा नीतिहरूलाई परिवर्तन

गराई राजनीतिक जीवनमा अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण सहभागीताका लागि अनुकूलवातावरण सिर्जना गर्ने कार्यका लागि नीति-निर्माणकर्ताहरूका माझमा यस सम्बन्धी जनचेतना जागृत गराउनु मुख्य कदम हुन्छ ।

*३. अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई नागरिक समाजका संस्थाहरूको गठबन्धनमा समावेश गर्ने*

निर्वाचनसँग सम्बन्धित लोकतन्त्रको सुदृढीकरण गर्ने कार्यक्रमहरू अन्तर्गत कहिले काहीँ विभिन्न क्रियाकलापहरू, जस्तैः राष्ट्रिय निर्वाचन पर्यवेक्षण वा मतदाता शिक्षा आदि, गतिविधिहरू सञ्चालन गर्ने सञ्जाल तथा गठबन्धनहरू लाई प्राविधिक तथा आर्थिक सहायता उपलब्ध गराउने कार्य पनि समावेश भएका हुन्छन् । यी कदम नागरिकले जानीबुझी आवाज उठाउन र विश्वसनीय निर्वाचन प्रक्रियाहरू प्रवर्द्धन गर्नमा अत्यन्त महत्वपूर्ण हुन्छन् । यी सञ्जाल तथा गठबन्धनमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई समावेश गरेमा विभिन्न कार्यहरू गर्न सकिन्छ । सर्बप्रथम, अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई नागरिक समाजका संस्थाहरूबाट उत्तम अभ्यासहरू र अनुभवहरू सिक्ने मौका मिल्दछ । अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका सदस्यहरूले आफ्ना सवाल पहिचान गर्ने तथा त्यसका लागि अभियान सञ्चालन गर्ने सिपहरू सिक्न सक्छन् । साथै आफूजस्तै अन्य संस्थाहरूसँग मिलेर काम गर्दा मनोबलमा पनि वृद्धि हुन्छ । यसले अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई सम्मानका साथ राजनीतिक संलग्नतालाई निरन्तरता दिई नेतृत्वदायी भूमिका निभाउनतर्फ अगाडि बढ्न हौसला प्रदान गर्दछ । दोस्रो, अन्तर क्रियाहरूले गठबन्धनका अन्य साझेदार संस्थालाई अपाङ्गता भएका व्यक्तिहरूको समुदायलाई सहयोग गर्न अझ सक्रिय अवधारणा ल्याउन प्रोत्साहित गर्दछ । उदाहरणका लागि, युवायुवती केन्द्रित नागरिक समाजका संस्थालाई अपाङ्गता भएका युवायुवतीहरूका सवाल बुझ्नमा गाह्रो महसुश हुनसक्छ । त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले धेरै महिलालाई नेतृत्व तहका पदमा नियुक्त गर्नुपर्ने आवश्यकता पहिचान गर्न सक्छ । अन्त्यमा, अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई यी गठबन्धनमा समावेश गराउनाले अपाङ्गता भएका व्यक्तिहरूको समुदायबाट सुझाव खोज्ने अभ्यासमा वृद्धि हुन्छ र त्यसले अपाङ्गता भएका व्यक्तिहरू भनेका सक्षम, सशक्त नागरिक हुन् भन्ने मान्यता स्थापित गर्दछ ।

> **राम्रो अभ्यास**
>
> दक्षिणपूर्वी एशियामा अपाङ्गता भएका व्यक्तिको पहुँचका लागि निर्वाचन सञ्जाल (AGENDA) ले इन्डोनेशिया, फिलिपिन्स, मलेसिया, भियतनाम, लाओस्, क्याम्बोडिया, बर्मा र थाइल्याण्डबाट अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू र निर्वाचन पर्यवेक्षण गर्ने संस्थाहरूलाई अनुसन्धान गर्न, पहुँचमा केन्द्रित निर्वाचनको पर्यवेक्षण गर्न र राष्ट्रिय तह तथा दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको महासंघसँग वकालत गर्नका लागि एकै ठाउँमा ल्याउँछ । दक्षिणपूर्वी एशियामा अपाङ्गता भएका व्यक्तिका पहुँचका लागि यस सञ्जालका साझेदार संस्थाहरू वर्सेनी बैठक बस्दछन् र पत्रिका तथा मल्टिमिडियामार्फत वर्षभरिमा भएका सबैभन्दा राम्रा अभ्यासहरूको आदानप्रदन गर्ने गर्दछन् ।


*४. राजनीतिक दलहरूलाई अपाङ्गता भएका व्यक्तिहरूसम्म पुग्नका लागि सहयोग गर्ने*

राजनीतिक दलहरूप्रति लक्षित विकास सहायताले पनि अपाङ्गता भएका व्यक्तिको समावेशीकरणलाई प्रवर्द्धन गर्ने कार्यको शुरूवात गर्दछन् । राजनीतिक दलहरू लक्षित सहायता कार्यक्रम अन्तर्गत मञ्चको विकास गर्ने, राजनीतिक दलका सदस्य/उम्मेदवारहरूलाई तालिम दिने, निर्वाचन सम्बन्धी गठबन्धन रणनीति बनाउने आदि क्रियाकलाप पर्दछन् । लोकतन्त्रका लागि सहायता कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूले राजनीतिक दलहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँग मिलेर उनीहरूसम्म पुगी सवालहरूका बारेमा जानकारी हासिल गर्न तथा त्यसको प्रवर्द्धनका लागि सहयोग गर्न सक्छन् । राजनीतिक दलहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको खोजी गर्ने गतिविधिका लागि सहयोग गर्नाले उनीहरूमा अपाङ्गता सम्बन्धी अधिकारहरूका बारेमा जनचेतना वृद्धि हुनाका साथै त्यसले उनीहरूलाई निर्वाचन सम्बन्धी अभियान चलाउँदा नागरिकबाट आएका कुराहरूलाई समावेश गर्ने हौसला पनि मिल्दछ । त्यसले सबै नागरिकलाई राजनीतिक सहभागीताका लागि अवसर प्रदान गर्दछ । राजनीतिक दलहरूलाई अपाङ्गता भएका व्यक्तिहरूलाई चुनावमा उम्मेदवार बनाउन तथा दलभित्र पनि नेतृत्वदायी भूमिका दिनसमेत प्रोत्साहित गर्नुपर्दछ ।

### निर्वाचन चक्र

निर्वाचन प्रक्रियाका पारस्परिक तत्वहरूका साथै विकास आवश्यकता तथा समावेशीकरणका अवसरहरूलाई राम्रोसँग परिकल्पना गर्न यो निर्देशिकामा निर्वाचन चक्रको व्याख्या गरिएको छ। निर्वाचन चक्रले सहायता रणनीतिहरूको विश्लेषण तथा तर्जुमाका लागि ढाँचा प्रदान गर्नेछ। सहायता रणनीतिहरूले अझ खुल्ला, समावेशी र विश्वसनीय चुनावी प्रक्रियाहरूका लागि सहयोग गर्दछन्। यो निर्वाचन चक्रलाई मोटामोटी ३ वटा खप्टिएका अवधिहरूमा विभाजन गर्न सकिन्छ- निर्वाचन पूर्वको अवधि, निर्वाचनको अवधि र निर्वाचन पछिको अवधि।

**चित्र नं. ४ : निर्वाचन चक्र**



चित्र ४ मा व्याख्या गरिएजस्तै निर्वाचन चक्रको शुरूवात र अन्त्यका बिन्दु निश्चित हुँदैनन् र हरेक अवधि विभिन्न आधारभूत पक्षहरूबाट व्यवस्थित गरिएको हुन्छ, जसले दिगो निर्वाचन प्रक्रियाहरूलाई सुनिश्चित गर्न सहयोग गर्दछ। उदाहरणका लागि, निर्वाचन पूर्वको अवधि योजना बनाउने, बजेटको व्यवस्था गर्ने, तालिम चलाउने तथा नामावली दर्ता गर्ने समय हो। निर्वाचनको अवधि अभियान चलाउने, मतदान गर्ने, मतगणना गर्ने र उजुरी गर्ने समय हो। निर्वाचन पश्चातको अवधि पुनरावलोकन गर्ने, परिमार्जन गर्ने र रणनीतिहरू बनाउने समय हो। चित्र ४ मा हरेक अवधिमा समेटिन सक्ने निश्चित सरोकारवालाहरू र क्रियाकलापहरू दिइएको छ। केही पक्ष, जस्तैः मतदाता शिक्षा र नागरिकको संलग्नता आदि, सम्पूर्ण चक्रभरि चलिनै रहन्छन्।

निर्वाचनका बेलामा अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागीता वृद्धि गर्ने कार्यक्रमहरूले पहुँचका अवरोधहरू र उनीहरूका संस्थाको शक्तिको प्रयोग गरी प्रभाव पार्ने क्षमतामा भएका कमी दुवैलाई सम्बोधन गर्न सक्छन्। अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक जीवनमा मूलप्रवाहीकरण गर्न पहुँच नै पहिलो महत्वपूर्ण चरण हो। निर्वाचनले अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई उनीहरूको राजनीतिक चिनारी बनाउन अनगिन्ती अवसर प्रदान गर्दछ। निर्वाचनमा उठेका उम्मेदवारहरूका माझ अपाङ्गता भएका व्यक्तिहरूलाई महत्वपूर्ण लागेका उनीहरूका सवालमा हुने छलफलमा वृद्धि गर्ने, नीतिनिर्माणकर्ताहरूसँग सम्बन्ध बढाउने, वकालत अभियान सञ्चालन गर्नका लागि संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने आदि गरेर राजनीतिक सहभागीता बढाउन सकिन्छ। यो दोहोरो अवधारणाले निर्वाचनपश्चात समेत सारभूतरूपमा राजनीतिक संलग्नतालाई सुनिश्चित गर्ने आधार प्रदान गर्न सक्छ।




नेपालमा एकजना सामुदायिक सहजकर्ता अपाङ्गता भएका मतदातालाई मतदाता शिक्षा सम्बन्धी शत्र चलाउँदै।

# परिच्छेद २: निर्वाचन अघिको अवधि



**सम्भावित अवरोधहरू**

- निर्वाचन पूर्व गरिने प्राविधिक मूल्याङ्कनहरूले निर्वाचनका पहुँच सम्बन्धी सवालहरूलाई सम्बोधन नगर्नु,
- निर्वाचन सम्बन्धी कानून भेदभावपूर्ण हुनु,
- निर्वाचन गराउने निकायको बजेटमा मतदान केन्द्रहरूलाई अपाङ्गता अनुकूल बनाउन बजेट नछुट्याइनु,
- अपाङ्गता भएका व्यक्तिहरूका पहुँच नपुग्ने स्थानमा मतदान केन्द्रहरू राखिनु,
- अपाङ्गता भएका व्यक्तिहरूले मतदान गर्ने सम्बन्धमा मतदानमा खटिएका कर्मचारीहरूलाई प्रशिक्षित नगर्नु,
- राष्ट्रिय परिचयपत्र प्राप्त गर्न अवरोधहरू हुनु,
- अपाङ्गता भएका व्यक्तिहरूको पहुँच नपुग्ने स्थानहरूमा मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य तोकिनु,
- राजनीतिक दल/उम्मेदवारहरूका बारेमा दिइने मतदाता शिक्षा तथा जानकारी पहुँचयुक्त ढाँचामा नहुनु,
- अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन पर्यवेक्षणमा समावेश नगराइनु,
- अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूमा राजनीतिक अधिकारहरूका बारेमा वकालत गर्ने अनुभवको अभाव हुनु ।

निर्वाचन पूर्वको अवधि निर्वाचनको तयारीमा केन्द्रित हुन्छ । पहुँचयुक्त निर्वाचन योजनाका लागि सहयोग गर्न, सहायता कार्यक्रमहरूले निर्वाचन हुने निश्चित नभएसम्म तथा निर्वाचनको सम्पूर्ण ढाँचा तयार नभई सक्दासम्म कुर्न सक्दैनन् । मुख्य सरोकारवालाहरूले निर्वाचनको अवधिमा गरिने प्रक्रियाहरूमा सुधार ल्याउन तयारीहरू गर्न निर्वाचन पूर्वको अवधिको फाइदा लिनैपर्ने हुन्छ । केही प्रावधानका लागि अतिरिक्त आर्थिक स्रोतको आवश्यकता पर्न सक्छ भने पहिले नै तयारी गरेको खण्डमा केहीका लागि अतिरिक्त रकमको आवश्यकता नपर्न पनि सक्छ । साथै केही क्रियाकलाप कुनै आर्थिकभार नपर्ने खालका पनि हुन्छन् ।

यो परिच्छेदले निर्वाचन पूर्वको महत्वपूर्ण समयतालिकाको अवधिमा निर्वाचन व्यवस्थापन गर्ने निकाय र नागरिक समाजका संस्थाहरूले खेल्नुपर्ने भूमिका तथा जिम्मेवारीहरूका बारेमा प्रकाश पार्नेछ । यो परिच्छेद विशेषगरी देहायका क्रियाकलापहरूमा केन्द्रित हुनेछ :

- निर्वाचन पूर्व प्राविधिक मूल्याङ्कन गर्ने,
- निर्वाचन सम्बन्धी ऐन तथा नियमावलीहरूको तर्जुमा गर्ने,
- आर्थिक तथा प्रशासनिक योजना बनाउने,
- निर्वाचनमा खटिने कर्मचारीहरूको नियुक्ति तथा तालिम,

**राम्रो अभ्यास**

सन् २००३ मा स्लोभेनियाको संवैधानिक अदालतले स्लोभेनियाको संसदीय निर्वाचन सम्बन्धी कानून, राष्ट्रपती निर्वाचन सम्बन्धी कानून र स्थानीय निकायको निर्वाचन सम्बन्धी कानूनहरू संविधान बमोजीम भए, नभएको सम्बन्धमा पुनरावलोकन गरेको थियो । ती कानूनहरूले पूर्ण कानूनी क्षमता भएका व्यक्तिहरूलाई मात्र तदाताको रूपमा दर्ता गर्ने व्यवस्था गरेका थिए । मतदान गर्ने क्षमतालाई कानूनी क्षमताको रूपमा पहिचान गर्न असम्भव हुन्छ भन्ने ठहर गर्दै संवैधानिक अदालतले ती निर्वाचन सम्बन्धी कानूनहरू असंवैधानिक भएको फैसला गरेको थियो ।[३१]

३१ गणतन्त्र स्लोभेनियाको आधिकारिक जर्नल । ७३.२९(२००३): ११२१६-११२१६ ।

- निर्वाचनको योजना तथा सामग्री खरिद,
- मतदाता नामावली दर्ता, राजनीतिक दल दर्ता तथा उम्मेदवारहरूको मनोनयन दर्ता गर्ने,
- मतदाता शिक्षा अभियान सञ्चालन गर्ने,
- निर्वाचन पर्यवेक्षणका लागि पर्यवेक्षकहरूलाई स्वीकृति दिने ।

**अपाङ्गताका दृष्टिकोणबाट मूल्याङ्कन**

अवरोधहरू पत्ता लगाउने र त्यसका लागि सम्भावित कार्यक्रमहरू निर्धारण गर्ने पहिलो कदम भनेको विद्यमान अवस्थाको लेखाजोखा अर्थात् मूल्याङ्कन गर्नु हो । निर्वाचन पूर्व गरिने प्राविधिक मूल्याङ्कनले निर्वाचन प्रक्रियाका सम्पूर्ण पक्षहरूको पुनरावलोकन गर्दछ । यो मूल्याङ्कनमा हरेक क्षेत्रको अपाङ्गताका दृष्टिकोणबाट समेत विश्लेषण गर्नुपर्दछ । सामान्य मूल्याङ्कन गर्ने कार्यमा अपाङ्गताको विश्लेषणलाई समावेश गर्नुका अतिरिक्त अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणमा विशेष केन्द्रित भई गरिने छुट्टै मूल्याङ्कनले दाता तथा कार्यक्रम कार्यान्वयनकर्ताहरूलाई अपाङ्गता समुदायका निश्चित अवरोधहरूलाई सम्बोधन गर्न सहयोग गर्न सक्छन् । मूल्याङ्कन गर्ने समूहले अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँग भेटगरी उनीहरूले भोगेका निश्चित अवरोधहरू र तिनलाई हटाउने उपायहरूका सम्बन्धमा उनीहरूका धारणाहरू लिन्छन् । यदि कुनै देशले अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेको छैन भने पनि सुधारका लागि दिइने कुनै पनि सिफारिशहरू महासन्धिको दफा २९ को मर्मबमोजीम हुनुपर्दछ। अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँग बैठक गर्दा सहायता प्रदान गर्ने संस्थाहरू र दाताहरूलाई उनीहरूका संस्थाको क्षमता लेखाजोखा गर्ने तथा सहयोगका लागि लक्षित क्षेत्र पहिचानगर्ने अवसर पनि प्राप्त हुन्छ।

**निर्वाचन सम्बन्धी कानूनहरूको सुधार**

निर्वाचन सम्बन्धी कानून तथा नियमनकारी संरचना निर्वाचन प्रक्रियाको एउटा महत्वपूर्ण तत्व हो । यसले निर्वाचनमा सहभागी हुनका लागि आवश्यक मापदण्ड निर्धारण गर्नुका साथै नीतिको व्याख्यासमेत गरेको हुन्छ ।

विश्वव्यापीरूपमा निर्वाचन र राजनीतिक प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको बढ्दो पहुँच प्रवर्द्धनका लागि धेरै सकारात्मक विकासहरू भएका छन् । त्यसो भए तापनि बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले भने अझै पनि निरन्तररूपमा लाञ्छना तथा भेदभाव भोगिरहेका छन्। उनीहरूले कहिले काहीँ आफ्नो अपाङ्गताकै कारण मतदान गर्न पाउने अधिकारमा समेत अवरोधको सामना गर्दछन् । अर्थात्, तथ्य कुरा के हो भने उनीहरू अभिभावकको संरक्षणमा निर्भर रहेका हुन्छन्। यी सवालहरूका बारेमा संयुक्तराज्य अमेरिकामा व्यापक वहस गरिएको थियो । उदाहरणका लागि, अहिले संयुक्तराज्य अमेरिकाको १२ वटा राज्यमा अभिभावकको संरक्षणमा रहेका नागरिकलाई मतदान गर्ने अधिकार दिइएको छ ।




*अर्मेनियामा प्रदर्शन गरिएको "सबै समान भएको समाज नै स्वस्थ्य समाज हो" भन्ने सन्देशसहितको पोस्टर*

अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सम्बन्धी महासन्धिको दफा १२ अनुसार राज्यले निर्वाचन सम्बन्धी कानूनलगायत अपाङ्गता भएका व्यक्तिहरूले जीवनका सबै पक्षमा अन्य नागरिकसरह कानूनी क्षमताको उपयोग गर्न पाउने सवाललाई स्वीकार गर्नुपर्दछ ।[३२]

डिसेम्बर २०११ मा, मानव अधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा सार्वजनिक जीवनमा हुने सहभागीता सम्बन्धी प्रतिवेदन सार्वजनिक गरेको थियो ।[३३] प्रतिवेदनका अनुसार पुनरावलोकन गरिएकामध्ये अधिकांश देशमा बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू उनीहरूले मतदान गर्न पाउने तथा संवैधानिक वा कानूनी प्रावधानका आधारमा निर्वाचित हुन पाउने अधिकारबाट समेत वञ्चित गराइएका छन् । यी अधिकारहरूलाई कानूनी क्षमतासँग जोडेर हेरिएका छ । प्रतिवेदनले यी अवरोधहरूलाई महासन्धिका धारा २, १२ र २९ बमोजीम पक्ष राष्ट्रहरूले बाध्यात्मक पालना गर्नुपर्ने दायित्वहरूसँग मेल नखाएको निचोड निकालेको छ। साथै ती कानूनी अवरोधहरूलाई सम्बन्धितराष्ट्रको कानून बनाउने प्रक्रिया तथा अभ्यासको प्राथमिक विषय अन्तर्गत राखी निरूपण गर्नुपर्दछ भनी प्रतिवेदनमा उल्लेख गरिएको छ ।[३४]

**राम्रो अभ्यास**

ग्वाटेमालामा निर्वाचन व्यवस्थापन निकायले निर्वाचन सम्बन्धी सामग्रीहरू प्याकिङ गर्ने कार्यका लागि डाउन सिन्ड्रोम भएका स्वयंसेवकहरूलाई नियुक्त गरेको थियो । ती स्वयंसेवकलाई प्रवर्द्धनात्मक सामग्रीहरू तथा सार्वजनिक विज्ञापनमा समेत प्रयोग गरिएको थियो । यसले सर्वसाधारणमा अपाङ्गता भएका व्यक्तिहरूको सक्षमताको बारेमा चेतना जागृत गराउन सहयोग पुग्यो ।

अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धी महासन्धिका प्रावधानसँग मिल्नेगरी कानूनमा सुधार गर्ने कदम चालेका घाना लगायतका केही देशले अझ धेरै काम गर्न बाँकि नै छ । सन् २०१२ मा घानाको सरकारले मानसिक स्वास्थ्य सम्बन्धी कानून पारित गरेको थियो जसले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूका नागरिक तथा राजनीतिक अधिकारहरूको संरक्षण गर्दछ । अहिले नयाँ कानूनले मानसिक अस्पतालमा रहेकाहरूलाई राष्ट्रपतिको चुनावमा मतदान गर्न पाउने अधिकार प्रदान गरेको छ । तर, मतदाता नामावली दर्ता सम्बन्धी नीतिका कारण केही व्यक्ति अन्य चुनावमा क्षेत्रगत उम्मेदवारलाई मत दिनबाट वञ्चित भएका छन् । उदाहरणका लागि, यदि मतदाता नामावली दर्ता भएको निर्वाचन क्षेत्र अस्पताल रहेको क्षेत्रभन्दा फरक भएमा उक्त व्यक्तिले संसदका सदस्यलाई मतदान गर्न पाउँदैन ।

निर्वाचन कानूनले अन्य व्यक्तिको सहयोगमा मतदान गर्न सक्ने नीतिमा समेत प्रभाव पार्न सक्छ । केही परिस्थितिहरूमा अपाङ्गता भएका मतदाताहरूले मतदानका लागि सहयोग गर्ने व्यक्ति प्रदान गर्न अनुरोध गर्न सक्छन् । सहयोग गर्ने व्यक्तिको छनौटले मतदानको गोपनीयता तथा सुरक्षामा प्रभाव पार्न सक्छ किनभने सहयोग गर्ने व्यक्तिले मतदातालाई धम्काउन वा प्रभावमा पार्न सक्छ । यो जोखिमलाई कम गर्न महासन्धि तर्जुमा गर्ने प्रक्रियामा सहभागी अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले अपाङ्गता भएका मतदाताहरूलाई उनीहरूले चाहेको व्यक्तिको सहयोगमा मतदान गर्न पाउने प्रावधान हुनुपर्ने भनी सौदावाजी गरी महासन्धिको धारा २९ मा उक्त प्रावधान राखिएको छ । यदिप, धेरै राष्ट्रले यो प्रावधानको उल्लंघन गरी निर्वाचनमा खटिएका कर्मचारीको सहयोगमा मात्र मत खसाल्न पाउने अनुमति दिएका छन् ।

३२ संयुक्त राष्ट्रसंघ । “धारा १२ - कानूनको अगाडि समान सम्मान ।” अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरू सम्बन्धी महासन्धि ।

३३ संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय । “अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागीता सम्बन्धी विषयगत अध्ययन” संयुक्त राष्ट्रसंघ, डिसेम्बर २१, २०११। <http://www.ohchr.org/Documents/Issues/Disability/SubmissionThematicStudy/A.HRC.19.36_en.doc>.

३४ Ibid

निर्वाचनका बेलामा सबै मतदान केन्द्रलाई पहुँचयुक्त बनाउन सम्भव नहुन सक्छ । त्यसैले निर्वाचन कानूनले पहुँचयुक्त नभएका मतदान केन्द्रहरूलाई पहुँचयुक्त बनाउन चाल्नुपर्ने उपायहरूका बारेमा पनि उल्लेख गर्न सक्छ । अन्तिम लक्ष्य सबै मतदान केन्द्रलाई पहुँचयुक्त बनाउने हुनुपर्दछ । त्यसो भए तापनि सबै मतदान केन्द्र अहिले नै पहुँचयुक्त बनाउन नसकिन सक्छ । त्यसैले यदि कुनै मतदान केन्द्र पहुँचयुक्त नभएको अवस्थामा मतदानका आधुनिक विधि तथा मोबाइल मतपेटिकाको प्रयोग गरी उक्त मतदान केन्द्रको पहुँच बढाउन सकिन्छ । तर, यी दुवै प्रावधानका कारण कहिले काहीँ चुनावमा धाँधली हुनसक्छ वा मतदानको गोपनीयताको सवाल पनि उठ्न सक्छ । त्यसैले भुईंतलामा छुट्टै मतदान स्थल राख्नाले ती सवालहरूलाई कम गर्न सकिन्छ । यी प्रावधानहरू अल्पकालिन उपायहरूको लागि उपयोगी हुनसक्ने भए तापनि तिनीहरूलाई सबै मतदान केन्द्रलाई पहुँचयुक्त बनाउन स्थायी विकल्पका रूपमा प्रयोग गरिनु हुँदैन ।

केही निर्वाचन कानूनले मातृभाषा बोल्नसक्ने व्यक्तिमात्र निर्वाचनमा उम्मेदवार बन्न पाउने उल्लेख गरेका हुन्छन् । यस्ता प्रावधानले सुन्न तथा बोल्न नसक्ने व्यक्तिहरूलाई निर्वाचनमा उम्मेदवार हुनबाट बञ्चित गराउन सक्छ ।

भेदभावपूर्ण निर्वाचन कानूनका कारण सिर्जित अवरोधहरूलाई समाधान गर्न अन्तर्राष्ट्रिय दाताहरू तथा कार्यान्वयन गर्ने संस्थाहरूले निर्वाचन कानूनको पुनरावलोकन गर्न सहयोग गर्न सक्छन् । त्यसैगरी उनीहरूले क्षेत्रीयस्तरमा भएका समावेशी कानूनका उदाहरणहरू उपलब्ध गराउन तथा थप समावेशी कानून निर्माण गर्न सहयोग गर्न सक्छन् । उदाहरणका लागि, इजिप्टमा इन्टरनेशनल फाउण्डेशन फर इलेक्टोरल सिस्टम्सले निर्वाचन कानूनको पुनरावलोकन गरी कानूनले कसरी अपाङ्गता भएका मतदाताहरूका अधिकारलाई हनन गरेका छन् भनेर निर्वाचन व्यवस्थापन निकायलाई आफ्नो राय दिएको थियो। त्यसपछि स्थानीय संस्थाहरूको समूहले त्यसबारेमा जनचेतनामूलक अभियान सञ्चालन गरे । त्यही अभियानको फलस्वरूप ईजिप्टको मानव अधिकार परिषद्ले अपाङ्गता समिति बनाउने प्रतिबद्धता जनायो जसले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण गर्ने अवसर प्रदान गऱ्यो ।

समावेशी निर्वाचन कानूनका निम्न विशेषताहरू हुन्छन् :

- ✓ अभिभावकको संरक्षणमा रहेका व्यक्तिहरूसहित सबै वयस्कका लागि मताधिकार प्राप्त हुने,
- ✓ उम्मेदवार वा मतदाता बन्नका लागि कुनै मेडिकल रिपोर्ट वा भाषाको आवश्यकता नपर्ने,
- ✓ मतदान केन्द्रहरूको स्थायी पहुँचयुक्तताको अन्तिम लक्ष्यसहित सिर्जनात्मक सावधान खोज्ने लचकता भएको,
- ✓ गोप्य मतदान वा चाहेको खण्डमा मतदाताले छनौट गरेको व्यक्तिको सहयोगमा मतदान गर्न पाउने,
- ✓ उपयुक्त अनुकूलताको प्रावधान जस्तैः स्पर्श संकेतबाट मत हाल्ने (टेक्टाइल) ।

## समावेशी निर्वाचन सञ्चालन

निर्वाचन व्यवस्थापन निकायहरूलाई तिनीहरूको कार्यविधिहरू पहुँचयुक्त बनाउनकालागि निर्वाचन पूर्वको अवधिमा सहयोग गर्नुपर्दछ । उपयुक्त अनुकुलताहरू निर्माण गर्नकालागि त्यो अवधि बढी सजिलो र लागत प्रभावकारी हुन्छ । अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धी महासन्धिको दफा २ ले उपयुक्त अनुकूलताहरू भनेको आवश्यक एवं उपयुक्त सुधारहरू र अनुकूलताहरूलाई जनाउँछ, जसले असमानता वा धेरै अवरोधहरू हुन दिदैनन् भनेको छ । अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरू सरह मानव अधिकारहरू तथा मौलिक स्तन्त्रताहरूको उपभोग गरेको सुनिश्चित गर्नकोलागि यसो गरिएको हो।

**राम्रो अभ्यास**

तल दिइएको उदाहरण वासिङ्गटन समूहले जनगणनामा प्रयोग गर्न स्वीकृति दिएका अपाङ्गता सम्बन्धी प्रश्नहरु मध्ये एक हो ।

१) तपाईलाई चश्मा लगाएर पनि देख्नमा किठनाई हुन्छ ?

क) हुँदैन- कुनै किठनाई नभएको
ख) हुन्छ- केही किठनाई भएको
ग) हुन्छ- धेरै किठनाई भएको
घ) केही पनि गर्न नसक्ने

उदाहरणका लागि, उम्मेदवारहरूको तस्विरसहित वा/र दलको चिन्हसहितको मतपत्र निर्माण गर्नाले बौद्धिक अपाङ्गता भएका मतदाताहरूलाई विभिन्न विकल्पहरू पहिचान गर्न थप सजिलो हुन्छ । यदिप, मतपत्रमा तस्विर समावेश गर्ने निर्णय गर्दा जातीयता वा लैङ्गिक आधारमा हुनसक्ने सम्भावित भेदभावसँग तुलना गरेरमात्र निर्णय लिनुपर्दछ ।

निर्वाचन व्यवस्थापन निकायले बजेट तथा रणनीतिक योजनाहरू बनाउने प्रक्रियाहरूमा अपाङ्गता समावेशीकरणलाई ध्यान दिनुपर्दछ । यो महत्वपूर्ण चरणमा अपाङ्गताको अवधारणा समावेश भएको सुनिश्चित गर्ने सजिलो उपाय भनेको अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन व्यवस्थापन अधिकारीका रूपमा नियुक्त गर्नु हो । सबै निर्वाचन अधिकारीले अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धि महासन्धीमा समावेश भएका प्रावधानहरू लगायत अन्य अन्तर्राष्ट्रिय मापदण्डहरूका बारेमा तालिम प्राप्त गरेको हुनुपर्दछ। त्यसैगरी निर्वाचन प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी समावेश गर्ने भन्ने सम्बन्धमा पनि तालिम लिएको हुनुपर्दछ ।



सरकारलाई जनगणनाका बेलामा अपाङ्गता भएका व्यक्तिहरूको पनि गणना गर्न सहयोग गरेको खण्डमा त्यसले निर्वाचन प्रशासकहरूलाई सान्दर्भिक तथ्याङ्क उपलब्ध गराउँछ । वासिङ्गटन समूहले[३५] स्वीकृत गरेको जस्तै स्तरीय प्रश्नहरूको प्रयोग गरेको खण्डमा तथ्याङ्क संकलन कार्यलाई व्यवस्थित गर्न सहयोग पुग्न सक्छ । ती प्रश्नहरू सहयोगी हुन्छन् किनभने तिनीहरूले निश्चित प्रकारका अपाङ्गताहरूको बारेमा नभई अपाङ्गता भएका व्यक्तिहरूले भोगेका अवरोधहरूका बारेमा प्रश्न सोधेका हुन्छन्। यो विधि एकदमै प्रभावकारी हुन्छ किनभने केही व्यक्तिले उनीहरूका निश्चित अपाङ्गतालाई बताउन संकोच मान्दछन्। त्यसका साथै अपाङ्गताको परिभाषा पनि देशको सन्दर्भ अनुसार फरक फरक हुनसक्छ । निर्वाचन व्यवस्थापन गर्ने निकायको परिप्रेक्ष्यबाट हेर्दा यी प्रश्नहरूले एउटा मतदातालाई कस्तोखालको अनुकूलता चाहिन्छ भनेर पहिचान गर्ने प्रक्रियालाई सजिलो पार्दछ । उदाहरणका लागि, कुनै मतदातालाई मेरूदण्डको समस्या छ, छैन भनेर थाहा पाउनुपर्ने जरूरी हुँदैन। त्यसको सट्टा उनीहरूलाई मतदान गर्ने केन्द्रहरू पहुँचयुक्त हुनुपर्दछ भन्ने कुरा थाहा पाउनु जरूरी छ ।

*मतदान केन्द्रहरू*

धेरैजसो मतदान केन्द्र सार्वजनिक भवनहरू जस्तैः विद्यालय, सामुदायिक केन्द्र आदिमा हुन्छन् । ती भवन पहिलेदेखि नै अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त हुनुपर्दछ । तथापि, धेरैजसो देशमा त्यस्तो भएको हुँदैन । मतदान केन्द्रहरूमा हुने अवरोधहरूलाई कसरी पहिचान गर्ने र भवनहरू थप पहुँचयुक्त भएको सुनिश्चित गर्न के के सुधारहरू गर्नुपर्दछ भन्ने कुरा पहिचान गर्न निर्वाचन व्यवस्थापन निकायहरू र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई दिइने तालिम फाइदाजनक हुन सक्छन् । अवरोधहरू मतदान केन्द्रभित्र पनि हुनसक्छन् (जस्तैः उज्यालो कम भएको) वा अवरोध मतदान केन्द्र बाहिर पनि हुनसक्छ (जस्तैः मतदान केन्द्रसम्म पुग्नका लागि सिंढीमात्र भएको)।



*लिबियामा निर्वाचन व्यवस्थापन निकाय र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण सम्बन्धी संयुक्त गोलमेच बैठक गर्दै*

३५ रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरू । “वासिङ्गटन समूहले स्वीकृत गरेका जनगणनाका प्रश्नावलीहरू” <http://www.cdc.gov/nchs/data/washington_group/WG_Short_Measure_on_Disability.pdf>.

विश्वभरका अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले मतदान केन्द्रको पहुँचमा सुधार ल्याउनका लागि सिर्जनात्मक समाधानहरूको तर्जुमा गरेका छन् । सन् २०१२ मा स्वतन्त्र जीवनयापनका लागि जर्जियन गठबन्धनले देशको कुन कुन स्थानमा अपाङ्गता भएका व्यक्तिहरू बस्छन् भन्ने निर्धारण गर्न घरदैलो सर्वेक्षण गरेको थियो । त्यसपछि उनीहरूले त्यो जानकारी निर्वाचन व्यवस्थापन निकायलाई पेश गरेका थिए । त्यस जानकारीले निर्वाचन व्यवस्थापन निकायलाई मतदान केन्द्रहरूको छनौट गर्न तथा सहयोगी सामग्रीहरू वितरण गर्नमा सहयोग पुऱ्यायो ।



*जर्जियाको एक निर्वाचन केन्द्र बाहिर सञ्चार माध्यमले मतदातासँग अन्तर्वार्ता लिंदै ।*

सन् २००९ मा लिबियाको फिजिकल ह्याण्डीक्याप युनियन र इन्टरनेशनल फाउण्डेशन फर इलेक्टोरल सिस्टम्सको साझेदारीमा पहुँचयुक्त नभएका मतदान केन्द्रहरू पत्ता लगाउन भौगोलिक सूचना प्रणाली मार्फत ती केन्द्रहरूको नक्शाङ्कन गरिएको थियो । त्यसपछि ती सूचनाहरूलाई डाटाबेसमा राखेर सरकारलाई बुझाउनुका साथै अनलाइनमा पनि राखिएको थियो । त्यो परियोजनाले पार्किङस्थल, प्रवेशद्वार, शौचालयको उपलब्धतालगायत पहुँच सम्बन्धी सामान्य ६ वटा मापदण्डका आधारमा मतदान केन्द्रहरूको मूल्याङ्कन गरेको थियो । त्यो कदमको परिणामस्वरूप सरकारले निर्वाचन हुनुभन्दा पहिले १८ वटा मतदान केन्द्र रहने भवनहरूलाई पहुँचयुक्त बनाउन रकम उपलब्ध गराएको थियो । अहिले त्यो र त्यस्तै अन्य सुधार पनि भइरहेका छन् ।

अर्मेनियामा सन् २००७ मा अपाङ्गता भएका मतदाताहरू र अपाङ्गता नभएका मतदाताहरूलाई लक्षित गरी सञ्चालन गरिएको मतदाता शिक्षा अभियानसँगसँगै मतदान केन्द्रहरूमा ऱ्याम्प बनाउने अभियान पनि सञ्चालन गरिएको थियो । पारोस नामक स्थानीय एक अपाङ्गता भएका व्यक्तिहरूको संस्थाले भिडियो[३६] निर्माण गरी हालसम्म भएका सुधारहरू र अतिरिक्त ऱ्याम्पहरूको आवश्यकतालाई प्रस्तुत गरेको थियो। त्यो अभियानको परिणामस्वरूप एउटा राजनीतिक दलले थप ऱ्याम्पहरू निर्माण गर्न आर्थिक सहयोग गरेको थियो । ती ऱ्याम्पहरू उक्त राजनीतिक दलको बलियो पकड भएको क्षेत्रमा मात्र केन्द्रित नभएको सुनिश्चित गर्नका लागि स्थानहरूको छनौट अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले नै गरेका थिए ।

### राम्रो अभ्यास

नर्वेको श्रम तथा सामाजिक समावेशीकरण मन्त्रालयले नगरपालिकाहरूको निर्वाचनलाई कसरी पहुँचयुक्त बनाउने सम्बन्धी निर्देशिका प्रकाशन गरेको थियो । त्यसमा पहुँचयुक्त जानकारी र पूर्वाधारहरू सम्बन्धी सूचीसहितको विस्तृत विवरण समावेश गरिएको थियो ।[३७]

संयुक्त राज्य अमेरिकाको न्याय विभागले मतदान केन्द्रहरू सम्बन्धी सूचीहरूको विकास गरेको छ । त्यसले मतदान केन्द्रहरूका सबै पक्षहरू जस्तैः पार्किङ, हिंड्ने बाटो, प्रवेशद्वार, मतदानकक्ष आदिलाई कसरी पहुँचयुक्त बनाउने भन्ने सन्दर्भमा निर्देशनहरू प्रदान गर्दछ ।[३८]

---


३६ इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स । अर्मेनियाः अपाङ्गता भएका मतदाता सम्बन्धी पीएसए । YouTube. 2010. <http://www.youtube.com/watch?v=eXvLtnAHaOI&noredirect=1>.

३७ "निर्वाचनमा पहुँचयुक्तताः नगरपालिकाहरूलाई निर्देशिका ।" *Helsedirektoratet.* The Norwegian Directorate of Health. <http://helsedirektoratet.no/publikasjoner/accessibility-to-elections-guide-for-the-municipalities/Publikasjoner/accessibility-to-elections-guide-for-the-municipalities.pdf>.

३८ संयुक्त राज्य अमेरिका, न्याय विभाग । मतदान केन्द्रहरूका लागि एडीएका सुचीहरू । २००४ <http://www.ada.gov/votingck.htm>.

*सहयोग सामग्रीहरू*

सहयोग सामग्रीहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै कार्य वा अन्य दैनिक क्रियाकलापहरू सम्पन्न गर्न सहयोग गर्दछन् । निर्वाचन प्रक्रियाहरूलाई थप पहुँचयुक्त बनाउन सकिने विभिन्न प्रकारका सहयोग सामग्रीहरू उपलब्ध छन् । कहिले काहीँ यी सामग्रीहरू विकास गर्नमा निर्वाचन व्यवस्थापन निकायलाई सहयोगको खाँचो पर्न सक्छ । स्पर्श मतपत्र सम्बन्धी निर्देशिका एउटा फोल्डर हो, जसभित्र मतपत्र राख्न सकिन्छ र उम्मेदवारलाई पहिचान गर्नका लागि ब्रेल वा स्पर्श चिन्हहरूको प्रयोग गरिन्छ । यसले दृष्टिविहीन व्यक्तिलाई गोप्य मतदान गर्नमा सहयोग पुऱ्याउँछ । निर्वाचन हुनुभन्दा पहिले नै यस्तो मतपत्रको संरचना राम्रोसँग निर्माण गर्नुपर्दछ किनभने स्पर्श मतपत्रको स्वरूपलाई निर्वाचनमा प्रयोग हुने मतपत्रको संरचनाले प्रभाव पार्न सक्छ । फोल्डरमा भएका प्वालहरू मतपेटिकामा भएका कोठाको माथितिर फर्किएका हुन्छन् जसले गर्दा मतदाताले ब्रेल/चिन्हहरू पढ्न सक्छन् । साथै उनीहरूले स्पर्श मतपत्र प्रयोग नगर्ने मतदाताले जस्तै गरी मतदानमा चिन्ह लगाउन सक्छन् ।




*सन् २००२ मा सियरा लियोनमा प्रयोग गरिएको स्पर्श संकेतमा तयार पारिएको मतपत्र निर्देशिका*

केही निर्वाचन व्यवस्थापन निकायहरूले ब्रेल मतपत्रको विकास गरेका हुन्छन् तर स्पर्श मतपत्रहरू ती मतपत्रहरू भन्दा दुईवटा कारणले गर्दा उत्तम हुन्छन् । पहिलो, हरेक मतपेटिकामा ब्रेल मतपत्र प्रयोग गर्ने मतदाताको संख्या केहीमात्र हुनसक्छन्, जसले गर्दा ब्रेल मतपत्र प्रयोग गरी कसले मतदान गरेको हो भन्ने कुरा सजिलै थाहा पाउन सकिन्छ । तर मतदाताले स्पर्श मतपत्रको प्रयोग गरेको खण्डमा तिनीहरू अन्य मतपत्र जस्तै देखिन्छन् । त्यसैले यसले मतदानको गोपनीयतालाई सुनिश्चित गर्दछ । दोस्रो, स्पर्श मतपत्रहरू सामान्यतया कम खर्चिला हुन्छन् । निर्वाचन व्यवस्थापन निकायले हरेक मतदान केन्द्रमा थोरैमात्र मतपत्र पठाउनुपर्ने हुन्छ भने हरेक मतदान केन्द्रमा ब्रेल मतपत्र भएको सुनिश्चित गर्न धेरै व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

ह्वीलचेयर प्रयोग गर्ने व्यक्तिहरूका लागि पहुँच हुने तल्लो स्थानमा भएका मतदानस्थलले गोप्य मतदानको सुनिश्चितता गर्नमा सहयोग गर्दछन् । छामेर पत्ता लगाउन सकिने स्पर्श मतपत्रका स्टिकरहरू वा माथितिर फर्किएका कोठाहरूले आँखा नदेख्ने मतदातालाई निर्वाचनको दिनमा एकभन्दा बढी बाकसमा मतपत्र खसाल्नुपर्ने भएमा कुन मतपत्र कुन बाकसमा राख्नुपर्दछ भन्ने कुरा इंगित गरेका हुन्छन् । आकारलाई ठूलो बनाएर देखाउने सिसा, पोर्टेबल प्रकाश तथा समात्ने भाग ठूला भएका कलम आदि सामग्रीले अपाङ्गता भएका र अपाङ्गता नभएका दुवैखाले मतदातालाई सहयोग गर्न सक्छन् ।

निर्वाचन व्यवस्थापन निकायले निर्वाचन पूर्वको अवधिमा सहयोग सामग्रीहरू खरिद तथा वितरण गर्ने योजना निर्माण गर्नुपर्दछ । त्यसका साथै बजेट निर्माणको प्रक्रियामा उपयुक्त अनुकूलताका लागि बजेट शीर्षक समावेश गर्नुपर्दछ । अन्तिम समयमा आएर सहयोग सामग्रीहरू निर्माण गर्नाले तिनीहरूको वितरण गर्ने समय नै पुग्दैन । त्यसैले निर्वाचनको दिन सहयोग सामग्रीहरू स्टोरमा थन्किएर रहन सक्छन् । सहयोग सामग्रीहरू निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरूसँग नियमित सल्लाह लिनुपर्दछ जसले गर्दा सामग्रीहरूले मतदाताका आवश्यकता पूरा गर्न सक्छन् ।

*तालिम*




*ग्वाटेमालाको निर्वाचनमा खटिने कर्मचारीहरुको निर्देशिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी मतदान गराउने भन्ने परिच्छेद समावेश गरिएको छ ।*

अपाङ्गता भएका व्यक्तिहरूले मतदानमा सहभागी हुँदा भोग्ने अवरोधहरू र ती अवरोधहरूको समाधान गर्ने उपायहरूका बारेमा कहिलेकाँही निर्वाचन व्यवस्थापन निकायहरूमा चेतनाको अभाव हुन्छ । त्यसैले निर्णयकर्ताहरू र निर्वाचन व्यवस्थापन निकायका मध्यम तहका अधिकारीहरूलाई विशषगरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरू सम्बन्धी महासन्धिको धारा २९ का प्रावधान सम्बन्धमा दिइने तालिममा वृद्धि गर्नुपर्दछ । त्यसका अतिरिक्त, निर्वाचनमा खटिने कर्मचारीहरूलाई पनि अपाङ्गता अधिकार लक्षित तालिम दिनुपर्दछ । ती कर्मचारी नै निर्वाचनका दिन निर्वाचन व्यवस्थापन निकायका प्रतिनिधि हुन्छन् । कुनै देशको निर्वाचन कानून समावेशी भएको अवस्थामा समेत निर्वाचनमा खटिने कर्मचारीलाई अपाङ्गता सम्बन्धी तालिम अपुग्दो भएको खण्डमा त्यसले अपाङ्गता भएका मतदाताहरू मतदान गर्नबाट बञ्चित हुन सक्छन्। उदाहरणका लागि, अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू सम्बन्धी महासन्धिमा यदि कुनै मतदाताले मतदान गर्न अन्य व्यक्तिको सहयोग चाहेको खण्डमा उसले सहयोग गर्ने व्यक्ति छान्न सक्छ भनेर प्रष्टसँग उल्लेख गरिएको छ । तथापि, निर्वाचनमा खटिएका कर्मचारीलाई यस सम्बन्धमा तालिम दिइएको छैन भने उनीहरूले निर्वाचनमा खटिएको व्यक्तिलाई मात्र सहयोगका लागि पठाउन सकिन्छ भनेर अडान लिन सक्छन् ।

निर्वाचनमा खटिने कर्मचारी लाई स्पर्श मतपत्र निर्देशिकालाई कसरी प्रयोग गर्ने भन्ने बारेमा तालिम दिनुपर्दछ । सियरा लिओन देखि कोसोभोसम्मका निर्वाचन व्यवस्थापन निकायहरूले स्पर्श मतपत्रको विकास गरेका छन् तर निर्वाचन पर्यवेक्षकहरूले निर्वाचनको दिन निर्वाचनमा खटिएका कर्मचारीहरूले दृष्टिविहीन मतदाताहरूलाई त्यस सामग्रीको प्रयोग गर्न अनुरोध नगरेको वा सामग्री प्रयोग गर्ने तरिका सही ढंगले बताउन नसकेको कुरा प्रत्यक्ष देखेका थिए । यो समस्या हटाउन लागि, निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचनमा खटिने कर्मचारीहरूको तालिम निर्देशिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी मतदान गराउने भन्ने पुरक परिच्छेद समावेश गरेका छन् ।

तालिममा निर्वाचनका दिन मतदाताहरूलाई लाइनमा राख्ने सम्बन्धी निर्वाचन व्यवस्थापन निकायको नीतिलाई समेत समावेश गर्नुपर्दछ । अपाङ्गता भएका व्यक्तिहरू, वृद्धवृद्धा, गर्भवती महिलालाई मतदान गर्नका लागि प्राथमिकता दिइएको छ ? वा तिनीहरूले पनि लाइनमा बसेर पालो कुर्नुपर्दछ ? लाइनमा नबस्नका लागि मतदाता आफैंले भन्नुपर्दछ ? वा के मतदानमा प्राथमिकता दिनुपर्ने व्यक्तिहरूलाई पहिचान गर्ने जिम्मेवारी निर्वाचनमा खटिएका कर्मचारीहरूको हो ? बस्नका लागि कुर्सीहरू दिइएको छ ? यी प्रश्नहरूको उत्तर देश अनुसार फरक फरक हुनसक्छन् तर त्यसका लागि निर्वाचन व्यवस्थापन निकायसँग सान्दर्भिक योजनाहरू हुनुपर्दछ ।

*मतदाता नामावली दर्ता*

मतदाता नामावली दर्ता प्रक्रियाका लागि प्राविधिक सहयोग प्रदान गर्ने कार्य अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा सहभागीता सुनिश्चित गर्ने एउटा महत्वपूर्ण उपाय हो । यदि अपाङ्गता भएका व्यक्तिहरू मतदाता नामावलीमा दर्ता नभएको खण्डमा उनीहरूले निर्वाचनका दिन पहुँच सम्बन्धी कुनै पनि प्रावधानहरूबाट फाइदा लिन

सक्दैनन्। निर्वाचनको सम्पूर्ण प्रक्रियालाई असर गर्ने सवालहरू जस्तैः पहुँच नपुग्ने सूचना तथा स्थलहरूका अतिरिक्त राष्ट्रिय परिचयपत्र वा जन्मदर्ता प्रमाणपत्र प्राप्त गर्नुपर्ने प्रावधान, मतदाता नामावलीमा दर्ताका लागि बाधा पुऱ्याउने अतिरिक्त अवरोधहरू हुन् ।

मतदाता नामावलीमा नाम दर्ता गर्न सामान्यतया राष्ट्रिय परिचयपत्र वा जन्मदर्ता प्रमाणपत्रको आवश्यकता पर्दछ । केही देशमा अपाङ्गता भएका बच्चाहरूलाई उनीहरू जन्मेको बेलामा त्यस्तो परिचयपत्र दिइँदैन किनभने तिनीहरू सक्रिय नागरिक बन्न सक्दैनन् भन्ने ठानिन्छ। राष्ट्रिय परिचयपत्रको वितरण पनि सधैँ पहुँचयुक्त ढाँचामा हुँदैन । त्यसैले अपाङ्गता भएका व्यक्तिहरूले मतदाता नामावलीमा दर्ता हुनका लागि ती परिचय पत्रहरू चाहिन्छन् भन्ने कुरा नै थाहा नपाएका हुनसक्छन् ।

केही देशमा मतदाता नामावली दर्ता प्रक्रियाको अंशको रूपमा अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी सूचना संकलन गरिन्छ । कहिले काहीँ त्यो जानकारी परिचयपत्रमा समावेश गरिएको हुन्छ भने कहिले काहीँ निर्वाचन व्यवस्थापन गर्ने निकायको आन्तरिक प्रयोजनका लागि राखिन्छ । यो तथ्याङ्क भएमा निर्वाचन व्यवस्थापन निकायलाई अनुकूलताहरू जस्तैः स्पर्श मतपत्रहरूको वितरण योजना बनाउन सहयोग पुग्दछ । तर, यसका पनि केही वेफाइदा हुन्छन् । परिचयपत्रमा अपाङ्गताको अवस्था पहिचान भएमा रोजगारीलगायतका जीवनका अन्य क्षेत्रमा भेदभाव हुने जोखिम हुनसक्छ । यदि निर्वाचन व्यवस्थापन निकायले जानकारी संकलन गर्ने तर परिचयपत्रमा उल्लेख नगर्ने गरेको खण्डमा यो जोखिम हटाउन सकिन्छ । अपाङ्गता सम्बन्धी जानकारी संकलन गर्ने कि नगर्ने तथा जानकारी लाई परिचयपत्रमा समावेश गर्ने कि नगर्ने भन्ने निर्णय स्थानीय अपाङ्गता भएका व्यक्तिहरूको समुदायसँग सरसल्लाह गरेरमात्र गर्नुपर्दछ । निर्वाचन व्यवस्थापन निकायहरूले ती संकिलत जानकारीको प्रयोग कसरी गर्नेछन् भनेर स्पष्ट गर्नु पर्दछ । आफू स्वयंले परिचय खुलाउँदा हुने फाइदा सम्बन्धमा दिइने शिक्षाले निर्वाचन हुने दिनका लागि मात्र नभएर समग्र सेवाहरूको प्रावधानमा समेत टेवा पुऱ्याउन सक्छ । तथापि, अपाङ्गता भएका व्यक्तिहरूको समुदायको गोपनीयता सम्बन्धी अधिकारलाई सधैं पहिलो प्राथमिकतामा राख्नुपर्दछ ।

**राम्रो अभ्यास**

फिलिपिन्समा इन्टरनेशनल फाउण्डेशन फर इलेक्टोरल सिस्टम्सले निर्वाचन व्यवस्थापन निकायलाई अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण सम्बन्धी अन्तरनिकाय तथा गैरसरकारी संस्थाहरूको सञ्जाल स्थापना गर्न सहयोग गरेको थियो। त्यो कार्यसमूहले समावेशी नीतिहरू बनाई सिफारिशहरू दिएको थियो, जस्तैः अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाता नामावलीमा दर्ता गराउन देशव्यापी अभियान चलाउने । त्यसपछि निर्वाचन व्यवस्थापन निकायले अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाता नामावलीमा नाम दर्ता हुन प्रोत्साहित गर्न "अपाङ्गता भएका व्यक्तिहरूको हप्ता" मनाउने गर्दछ । उक्त हप्ताको वरिपरि चलाइने सञ्चार अभियानका अतिरिक्त, निर्वाचन व्यवस्थापन निकायले नामावली दर्ता गर्ने स्थानका लागि शपिङ मल लगायतका देशमा रहेका सबैभन्दा बढी पहुँचयुक्त भवनहरूको पनि गर्ने गर्दछ । त्यसैगरी पहुँचयुक्त वेवसाइट पनि निर्माण गरिएको थियो ।




*फिलिपिन्समा मतदाता नामावली दर्ता प्रक्रियाका बेलामा निर्वाचनका दिन गरिनुपर्ने अनुकूलताका बारेमा सूचना संकलन गरिँदै*

समावेशी मतदाता दर्ता प्रक्रियाका निम्नानुसारका विशेषता हुन्छन्:

- ✓ पहुँचयुक्त तथा समावेशी जन्म दर्ता प्रमाणपत्र र राष्ट्रिय परिचयपत्र सम्बन्धी कार्यविधिहरू,
- ✓ शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको पहुँच हुनसक्ने दर्ता स्थलहरू,
- ✓ सजिलै बुझ्न सकिने जानकारी पहुँचयुक्त ढाँचामा वितरण भएको,
- ✓ अपाङ्गतासँग सम्बन्धित निश्चित जानकारी संकलनका फाइदा तथा बेफाइदाहरूलाई स्पष्टसँग परिभाषित तथा लेखाजोखा गरिएको,
- ✓ अपाङ्गता सम्बन्धी सूचनाहरूको संकलन गर्न सहकार्य गर्ने कि नगर्ने भन्ने निर्णय गरेर ।



*एकजना नेपाली महिला मतदाता नामावली दर्ता सम्बन्धी सूचना पढ्दै ।*

*मतदाता शिक्षा*

मतदाता शिक्षाका लागि दुईद्वार अवधारणाको प्रयोग गर्नुपर्दछ । अपाङ्गता भएका व्यक्तिहरूलाई विशेषरूपमा लक्षित गरी मतदाता शिक्षा दिनुपर्दछ । त्यसका साथै मतदाता शिक्षा सम्बन्धी कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गराई मूलप्रवाहीकरण पनि गर्नुपर्दछ । मतदाता शिक्षा कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गराई मूलप्रवाहीकरण गर्दा ती कार्यक्रमहरू महँगा हुन्छन् भन्ने हुँदैन । उदाहरणका लागि, निर्वाचन व्यवस्थापन निकाय तथा राजनीतिक दलहरूले उनीहरूका टेलिभिजन विज्ञापनहरूमा अपाङ्गता भएका कलाकारलाई थप खर्चबिनै समावेश गराउन सक्छन् । त्यसका लागि छुट्टै खर्च लाग्दैन ।

निर्वाचन व्यवस्थापन निकाय तथा राजनीतिक दलहरूले सञ्चालन गर्ने मतदाता शिक्षा कार्यक्रमका अतिरिक्त दाताहरूले अपाङ्गता भएका व्यक्तिहरूका संस्था र नागरिक समाजका संस्थाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी मतदाता शिक्षा अभियान सञ्चालन गर्न सहयोग गर्नुपर्दछ । विशेषगरी कुनै निश्चित तालिमको आवश्यकता पर्ने अवस्था, जस्तैः स्पर्श मतपत्र प्रयोग गर्ने तरिकाको सन्दर्भमा यस्तो तालिम अत्यन्त उपयोगी हुन्छ । अनुभवहरूले यो प्रमाणित गरिसकेको छ कि निर्वाचन व्यवस्थापन गर्ने निकाय र अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले निर्वाचनमा खटिने कर्मचारी र मतदाताहरूलाई एकैप्रकारको शिक्षा दिएको खण्डमा मतदाताहरू स्पर्श मतपत्र र त्यसको प्रयोग गर्ने तरिकाका बारेमा अझ बढी जानकार हुन्छन् ।

**राम्रो अभ्यास**

लोकतान्त्रिक निर्वाचनका लागि सुडानी सञ्जाल, ७० भन्दा बढी नागरिक समाजका संस्थाहरू तथा विश्वासमा आधारित समूहहरूको सञ्जाल हो । उक्त सञ्जालले आफ्नो साझेदार संस्थामा अपाङ्गता भएका व्यक्तिहरूको संस्थालाई समावेश गरेको थियो । दक्षिण सुडानको पहिलो निर्वाचनमा दक्षिण सुडानको अन्तरिम संविधानमा जोखिमयुक्त समूहलाई कल्याणकारी प्रावधानहरू भएको जानकारी सहित सर्वसाधारणलाई लक्षित गरि कार्यक्रम गरिएको थियो । अपाङ्गता भएका व्यक्तिहरूलाई खोजी गर्ने विशेष प्रावधान सहितको मतदाता शिक्षा कार्यक्रमले अपाङ्गता भएका मतदाताको संख्यामा वृद्धि भयो । त्यसैगरी, उक्त प्रावधान सहितको मतदाता शिक्षालाई दक्षिण सुडानको सीमान्तकृत जनसंख्याको सहभागीता वृद्धि गर्नमा समेत अपनाइएको थियो ।

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू वा कम साक्षर व्यक्तिहरूलाई पढ्न र बुझ्न सरल हुने ढाँचामा तयार गरिएका चित्रसहितका मतदाता शिक्षा सामग्री उपयोगी हुन सक्छन् । साथै घरदैलो मतदाता शिक्षा अभियानहरूमा त्यस्ता व्यक्तिले मतदाता शिक्षकसँग व्यक्तिगत रूपमा प्रत्यक्ष कुराकानीसमेत गर्न सक्ने भएकाले उनीहरूका लागि घरदैलो मतदाता शिक्षा अभियान पनि फाइदाजनक हुनसक्छ । चित्रसहितका निर्वाचन शिक्षा सामग्रीहरू समुदायस्तरमा नागरिक तथा मतदाता शिक्षा सञ्चालन गर्न प्रयोग हुने उपयोगी सामग्रीहरू हुन्। चित्र सहितका सामग्रीहरू प्रयोग गरी दिइने शिक्षामा तालिमप्राप्त सहजकर्ताले सहभागीहरूमाझ निर्वाचन सम्बन्धी विषयमा छलफल गराउन विभिन्न चित्रहरूको क्रमबद्ध श्रेणीहरू प्रदर्शन गर्दछन् ।

**चित्र नं. ५ः पहुँचयुक्त ढाँचाका उदाहरणहरू**

| पहुँचयुक्त ढाँचा | उपयोग गर्ने व्यक्तिहरू |
|---|---|
| श्रव्य सामग्री | दृष्टिविहीन वा न्यूनदृष्टि भएका व्यक्तिहरू र कम साक्षर भएका व्यक्तिहरू |
| ब्रेल | दृष्टिविहीन वा न्यूनदृष्टि भएका व्यक्तिहरू |
| तस्विरको मुनि लेखिएको विवरण (क्याप्सन) | बहिरा वा सुनाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू |
| पढ्न र बुझ्न सरल ढाँचा | बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, साक्षरता कम भएका वा मातृभाषा बोल्न नजान्ने व्यक्तिहरू |
| स्क्रिन रिडिङ सफ्टवेयरमा प्रयोग गरिने विद्युतीय अक्षर | दृष्टिविहीन वा न्यूनदृष्टि भएका व्यक्तिहरू, बौद्धिक वा सिकाई सम्बन्धी अपाङ्गता भएका वा साक्षरता कम भएका व्यक्तिहरू |
| ठूलो छापा अक्षर (१६-२० फन्ट साइज भएको) | दृष्टि कम भएका व्यक्तिहरू |
| चित्रहरू | बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, साक्षरता कम भएका वा मातृभाषा बोल्न नजान्ने व्यक्तिहरू |
| साङ्केतिक भाषा | सुनाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू |
| स्पर्श संचार | ब्रेल प्रयोग गर्न नजान्ने दृष्टिविहीन वा न्यूनदृष्टि भएका व्यक्तिहरू, र सुनाइ र देखाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू |

निर्वाचन व्यवस्थापन निकायको वेवसाइटमा राखिएका सूचना/जानकारी अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त हुनुपर्दछ । वेवसाइटलाई पहुँचयुक्त बनाउन अमेरिकी पुनःस्थापना ऐनको खण्ड ५०८ ले प्रदान गरेको निर्देशिकाको प्रयोग गर्न सकिन्छ।[३९] डेजी कन्सोर्टियम[४०], बबी अप्रुभ्ड[४१] र वर्ल्डवाईड वेव कन्सोर्टियम[४२] जस्ता पहुँच सम्बन्धी निर्देशिका पनि उपलब्ध छन् ।

३९ संयुक्त राज्य अमेरिका, न्याय विभाग । खण्ड ५०८ समीक्षा । १९९८ । <http://www.justice.gov/crt/508/>.


४० डेजी कन्सोर्टियम । <http://www.daisy.org/>.

४१ कोगान, डोनाल्ड । "बबी अप्रूभ्ड साईटस् : अपाङ्गता भएका व्यक्तिहरूका लागि वेव साइटमा पहुँचयुक्तता ।" <http://www.bobby-approved.com/>.

४२ वर्ल्डवाईड वेव कन्सोर्टियम । W3C. <http://www.w3.org/>.

कहाँ र कसरी मतदान प्रक्रियामा भाग लिने भन्ने कुराको अतिरिक्त अपाङ्गता भएका व्यक्तिहरूले जानीबुझी निर्णय गर्नका लागि राजनीतिक दलको पृष्ठभूमि र उम्मेदवारहरूका बारेमा पहुँचयुक्त ढाँचामा जानकारी पाउनु पर्दछ । चित्र नं. ५ मा धेरैजसो प्रयोग हुने पहुँचयुक्त ढाँचाका उदाहरण दिइएको छ र साथै ती ढाँचाबाट कस्ता व्यक्तिले फाइदा लिनसक्छन् भन्ने कुरा पनि उल्लेख गरिएको छ ।

निर्वाचन व्यवस्थापन निकायहरू, राजनीतिक दलहरू र नागरिक समाजका संस्थाहरूले मतदाता शिक्षा सामग्रीहरूका लागि बजेटको सुनिश्चितता गर्नुपर्दछ । त्यस अन्तर्गत पहुँचयुक्त ढाँचाका सामग्रीहरू, जस्तैः साङ्केतिक भाषा, ब्रेल, ठूला अक्षरमा लेखिएका सामग्री, पढ्न र बुझ्न सरल भाषा भएका चित्रसहितका सामग्री तथा तिनीहरूको वितरण लागत पनि समावेश गर्नुपर्दछ । तल उल्लेखित मतदाता शिक्षा सामग्रीहरू पहुँचयोग्य हुनुपर्दछ :



*यो चित्र सहितको सामग्री लोकतान्त्रिक रिपब्लिक कंगोमा प्रयोग गरिएको नियमित श्रृंखलाको एउटा अंश थियो ।*

- ✓ निर्वाचन व्यवस्थापन निकायको वेवसाइट
- ✓ हातेपर्चाहरू, पोस्टरहरू तथा इ-मेलहरू लगायतका छपाइ सामग्रीहरू
- ✓ टेलिभिजन र रेडियोमा प्रसारण हुने सार्वजनिक सूचना
- ✓ राजनीतिक दलका घोषणापत्रहरू तथा उम्मेदवारहरू सम्बन्धी जानकारीहरू




*गिनीको कानोक्रीस्थित सुनाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको विद्यालयमा एक मतदाता शिक्षा कार्यकर्ता “मतदान गर्नु” लाई साङ्केतिक भाषामा देखाउँदै ।*




ग्वाटेमालामा निर्वाचनको दिन मतदान गरिसकेपछि
मसि लागेको औंला देखाउँदै एक मतदाता ।

# परिच्छेद ३ : निर्वाचनको अवधि

**सम्भावित अवरोधहरू**

- पर्यवेक्षकहरूले पहुँचयुक्तताको सवाललाई अनुगमन नगर्नु,
- अपाङ्गता भएका मतदाताका महत्वका सवालहरू वा अपाङ्गता भएका उम्मेदवारहरूलाई मनोनयन गर्ने कुरामा राजनीतिक दलहरूले ध्यान नदिनु,
- राजनीतिक दलहरूका घोषणापत्रहरू पहुँचयुक्त ढाँचामा नहुनु,
- मतदानस्थलहरू पहुँचयुक्त नहुनु,
- अपाङ्गता भएका मतदाताहरूलाई कसरी सुरक्षित वातावरण बनाउने भनेर निर्वाचन सुरक्षाकर्मीहरू सचेत नहुनु,
- सञ्चरमाध्यमहरुले सूचनाको सम्प्रेषण पहुँचयुक्त ढाँचामा नगर्नु,
- विवाद निरूपण गर्ने प्रक्रिया पहुँचयुक्त नहुनु ।

निर्वाचनको अवधि भन्नाले निर्वाचनको दिनमात्र होइन अरू धेरै कुरा पनि आउँछन् ।
मुख्य क्रियाकलापहरू यसप्रकार छन् :

- पर्यवेक्षण
- दल तथा उम्मेदवारको मनोनयन
- राजनीतिक दल र उम्मेदवारहरूका निर्वाचन अभियानहरू
- मतदान तथा मतगणना
- तालिकिकरण तथा निर्वाचन परिणामको घोषणा
- निर्वाचन विवाद निरूपण

**पर्यवेक्षण**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक समूहहरू[४३] र अपाङ्गता भएका व्यक्तिका संस्थाहरू बीचमा साझेदारी गराउन अन्तर्राष्ट्रिय दाताहरू र कार्यान्वयनकारी साझेदारहरूले सहजीकरण गर्न सक्छन् । अपाङ्गता भएका व्यक्तिहरू लाई पनि छोटो र लामो समयका लागि पर्यवेक्षकका रूपमा समावेश गराउनु पर्दछ । लामो समयका पर्यवेक्षकहरूले निर्वाचन भन्दा अगाडि नै मतदाता नाम दर्ता प्रक्रियाहरूको पनि पर्यवेक्षण गर्दछन् । मूलधारका पर्यवेक्षकहरूको पर्यवेक्षण सूचीमा निर्वाचन पहुँच सम्बन्धी प्रश्नावलीहरू पनि हुनुपर्दछ र अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन पहुँचको अनुगमन कसरी गर्ने भनी तालिम पनि दिनुपर्दछ ।

४३ अपाङ्गता पहुँचका लागि निर्वाचन सञ्जाल । <http://www2.agendaasia.org/>.

सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा पहुँचमा केन्द्रित भएका निर्वाचन अनुगमन विधिहरू र तालिमको प्याकेज आईएफईएस र धेरै अपाङ्गता भएका व्यक्तिका संस्थाहरू र राष्ट्रिय पर्यवेक्षक समूहहरू मिलेर बनाएका छन् । अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सम्बन्धी महासन्धिले उल्लेख गरे अनुसार उनीहरूको राजनीतिक सहभागीताको अधिकारमा पहुँचलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार लेखाजोखा गर्ने खालका प्रश्नहरू पनि यी पर्यवेक्षण फारामहरूमा राखिएका छन् । यस्ता निर्वाचनका नयाँ अनुगमन सामग्रीहरूले अपाङ्गता भएका व्यक्तिहरूका साझेदार संस्थाहरूलाई विश्वसनीय अनुगमन तथ्यहरूका आधारमा आवश्यकताको प्राथमिकिकरण तथा लक्षित अवसरहरूको प्रयोग गरी निर्वाचन चक्रभरि अपाङ्गतामैत्री वातावरण बनाउन सहयोग गर्छ । दक्षिण पूर्वि एशिया तथा ल्याटिन अमेरिकाका अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूले उनीहरूका समस्याको पहिचान गरी अपाङ्गतामैत्री निर्वाचनका लागि वकालत गर्न यी अनुगमन सामग्रीहरूको प्रयोग गरिरहेका छन् ।

अपाङ्गता भएका व्यक्तिहरूका पहुँच सम्बन्धी सवालहरूको पर्यवेक्षणका साथै अपाङ्गता भएका व्यक्तिहरू मूलधारका निर्वाचन पर्यवेक्षणमा संलग्न हुनु आवश्यक छ । यस कुरालाई विषेश जोड दिनुपर्दछ कि अपाङ्गता भएका पर्यवेक्षकहरू निर्वाचन केन्द्रमा उपस्थित हुँदा अपाङ्गता भएका व्यक्तिहरू पनि समाजिक जीवनमा सहभागी हुनसक्छन् भन्ने समाजको धारणा तथा विचार परिवर्तन गर्न मद्धत पुग्दछ । अपाङ्गता भएका व्यक्ति लाई पनि आफू समाजको अभिन्न अंग भएको कुरामा पनि यसले जोड दिन्छ ।

**राम्रो अभ्यास**

अफगानिस्थानको वोलेसी जिर्घा (राष्ट्रियसभाको तल्लो सदन) को निर्वाचनमा एउटा पर्यवेक्षण टोलीले निर्वाचन सञ्चालन प्रशासन, निर्वाचन उजुरी प्रक्रिया, सुरक्षा, संचारमाध्यमको भूमिका, महिला, अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागीता जस्ता विभिन्न पक्षको विषयगत विश्लेषणहरू गरेको थियो । अपाङ्गता भएका मतदाताहरूका अधिकार संरक्षण गर्न पर्याप्त नियमहरू भएतापनि सन् २००५ को निर्वाचनको तुलनामा सन् २०१० को निर्वाचन अपाङ्गता भएका मतदाताहरूका लागि कम पहुँचयुक्त भएको यस पर्यवेक्षणको अन्तिम प्रतिवेदनले देखाएको छ । तथापि, यस प्रतिवेदनले निर्वाचन व्यवस्थापनमा सन् २००५ को व्यवस्था अनुरूप अपाङ्गता भएका व्यक्तिहरूको ५ प्रतिशत आरक्षणको लक्ष्य भने प्राप्त गर्न सफल भएको देखाउँछ ।

अपाङ्गता भएका व्यक्तिहरूको सहभागीता सम्बन्धी विश्लेषण र निर्वाचन व्यवस्थापनमा आरक्षण- यि दुई कुराको सुनिश्चितताले पर्यवेक्षण प्रतिवेदनले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागीता बृद्धि गर्नका लागि जग तयार गरेको थियो ।

मूलधारका पर्यवेक्षण समूहहरूले आफ्ना पर्यवेक्षण प्रश्नावलीहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्त निर्वाचन सम्बन्धी प्रश्नहरू समावेश गर्नुपर्दछ । केही पर्यवेक्षण समूहहरूले यसो गरे पनि धेरैले भने गरेका छैनन् । आईएफईएस र एनडीआईले अन्य अन्तराष्ट्रिय संस्थाहरूसँग मिलेर अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निर्वाचन पर्यवेक्षण सम्बन्धी मापदण्ड तयार गरेका छन् । निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूका लागि समान पहुँच भए नभएको तथा अपाङ्गता भएका व्यक्तिहरूले भोग्नुपरेका बाधाहरूका बारेमा अन्तिम पर्यवेक्षण प्रतिवेदनमा सिफारिश भए नभएको बारेमा थाहा पाउन यी मापदण्डहरूको आवश्यकता भएको हो । निर्वाचनमा अपाङ्गताका सवालहरूलाई पर्यवेक्षण प्रतिवेदनमा समावेश गर्न ज्यादै कम अतिरिक्त खर्च र तालिमको आवश्यकता पर्दछ । यो भविष्यमा हुने निर्वाचन चक्रहरूमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरूका सम्मान तथा सुनिश्चितताको लागि एउटा महत्वपूर्ण तरिका हुनसक्छ ।



*इन्डोनेसियाको एउटा मतदानस्थल पहुँचयुक्त नभएको बारेमा जानकारी लिँदै एजेन्डाका पर्यवेक्षक ।*

निर्वाचन पर्यवेक्षणमा देहायबमोजिमका गुण हुनु आवश्यक छ :

- ✓ पर्यवेक्षण खासगरी निर्वाचन पहुँचयुक्ततामा केन्द्रित हुनुपर्दछ ।
- ✓ मूलधारका पर्यवेक्षणहरूले पहुँचयुक्ततालाई एउटा मापदण्डको रूपमा समावेश गर्नुपर्दछ ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरूलाई मूलधारका निर्वाचन पर्यवेक्षण टोलीमा संलग्न गराउनु पर्दछ ।

> "मलाई लाग्छ कि कसैलाई छनौट गर्ने हाम्रो अधिकार हो तर निर्वाचित हुन पाउने यसको दोस्रो पक्ष भने हामीले भुलिरहेका छौं र प्रायजसो अपाङ्गता भएका व्यक्तिहरूले कहिलेयै जित्ने मौका पाएका पनि छैन्न, एक जना अपाङ्गता भएका व्यक्ति भने एउटा शक्तिसम्पन्न पदमा सहभागी भएका छन् । यति मात्र होइन कि, निर्णय निर्माणसँग सम्बन्धित सम्पूर्ण कुराहरूसँग राजनीतिक दलहरू लचिलो नभएका कारण राजनीतिक दलहरूमा अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना कुराहरू राख्ने कुनै स्थानै छैन ।"

ग्वाटेमाला सिटीका एक दृष्टिविहीन महिला, आईएफईएसले सञ्चालन गरेको निर्वाचन पहुँचमा अवरोधहरू सम्बन्धी लेखाजोखामा लक्षित समूह छलफल हुँदा सर्वसम्मत रूपमा रेकर्ड गरिएको भनाइ, ग्वाटेमाला[४४]

**मनोनयन**

अपाङ्गता भएका व्यक्तिहरूले दलहरूको सम्भावित उम्मेदवार हुनुभन्दा अगाडि अपाङ्गता भएका व्यक्तिहरूले कुनै राजनीतिक दलको सदस्य हुने र त्यसमा सक्रिय हुनै पर्दछ । उनीहरूको कम सहभागीता हुनुको कारण मध्येमा धेरै जसो निष्क्रिय भएर बस्नु, आत्मवलको कमी वा परिवारको दवाब आदि रहेका छन् । निष्क्रियताले सबै मतदातालाई प्रभाव पार्छ तर समावेशी कार्यक्रमहरूले पहुँचयुक्त ढाँचामा सूचना नदिएका कारण यस्ता निष्क्रियता भएका होईनन् भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ । यस्ता कार्यक्रमले अपाङ्गता भएका सदस्यहरू र/वा उम्मेदवारहरूलाई ल्याउन नचाहने जस्ता राजनीतिक दलहरूले गर्ने विभेदहरूलाई पनि सम्बोधन गर्नुपर्दछ ।

जिम्बाबे जस्ता केही देशले संसदमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चित गराउन आरक्षणको व्यवस्था पनि लागू गरेका छन् । त्यस्ता प्रतिनिधिहरूको कार्यकारी अधिकार क्षेत्र अन्य सदस्यहरूको जस्तो नहुने भन्ने धारणाका कारण पनि यस्तो आरक्षणको व्यवस्था कार्यान्वयन चुनौतीपूर्ण हुनसक्छ । लैङ्गिक आरक्षणको जस्तै अपाङ्गता भएका व्यक्तिहरूले आरक्षणमार्फत प्रतिनिधित्व भए तापनि कार्यकारी अधिकारका लागि संघर्ष गर्नुपरेको छ । अपाङ्गता आरक्षणलाई कसरी कार्यान्वयन गर्न सकिन्छ भनेर धेरै प्रश्न उब्जिएका छन् । निर्वाचन प्रणालीका प्रकार अनुसार भए पनि के प्रत्येक दलले निश्चित संख्यामा अपाङ्गता भएका व्यक्तिहरूलाई मनोनयन गर्नै पर्ने प्रावधानलाई

> **राम्रो अभ्यास**
>
> डाउन सिन्ड्रोम, आयरल्याण्डले छ वटा देश–आयरल्याण्ड, इटली, माल्टा, हंगेरी, स्पेन र डेनमार्कमा 'मेरो विचार, मेरो भोट' नामक परियोजना सञ्चालन गऱ्यो, जसले डाउन सिन्ड्रोम भएका प्रौढहरू लाई मतदान, उनीहरूका सवालहरूमा वकालत गर्ने लगायत सबै लोकतान्त्रिक प्रक्रियाहरूमा उनीहरूलाई अझ राम्ररी संलग्न हुनका लागि सशक्तीकरण गर्ने लक्ष्य राखेको थियो । यही परियोजना अन्तर्गत, दलहरूका राजनीतिक घोषणापत्रहरूलाई सजिलै पढ्न र बुझ्न सकिने ढाँचामा तयार पारिएको थियो, जसले गर्दा निर्वाचनका दिन मतदाताहरूले आफ्नो निर्णय जानी बुझी गर्न सके ।

४४ ग्वाटेमालामा निर्वाचन पहुँचमा अवरोधहरू सम्बन्धी लेखाजोखा । इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स, <http://www.IFES.org/Content/Publicati ons/News-in-Brief/2012/Dec/~/media/Files/Publications/Reports/2012/Guatemala Report_Survey_DPO Leaders_ FINAL.pdf>.

कानूनले अनुमति दिन्छ ? न्यूनतम संख्यामा अपाङ्गता भएका व्यक्तिहरू निर्वाचित भएको राज्यले कसरी सुनिश्चित गर्न सक्छ ? त्यसैगरी, अपाङ्गता भएको हो भनी कसले प्रमाणित गर्छ ? के उम्मेदवारको अपाङ्गता प्रष्ट देखिने खालको हुनैपर्छ ? के उम्मेदवारले विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्नुपर्छ ? आरक्षणमा केन्द्रित हुनुभन्दा मतदाता शिक्षाका क्रियाकलापहरू, जसले आम मानिसलाई अपाङ्गता भएका व्यक्तिहरूका अधिकार तथा क्षमताहरू बारेमा सचेत बनाउने क्रियाकलापहरूमा केन्द्रित हुनु झन् बढी प्रभावकारी हुनसक्छ । राजनीतिक दल केन्द्रित वकालतका क्रियाकलापहरूले दलहरूको अपाङ्गता सम्बन्धी बुझाइ नै परिवर्तन गर्नसक्छ । परिणामस्वरूप अपाङ्गता भएका व्यक्तिहरू नेतृत्व तहमा समावेश भई अन्य सदस्यहरू समान हुन्छन् । यस्ता सवालहरूको सम्बोधन गर्दा प्रत्येक देशको परिस्थितिहरू अनुरूप निर्णय गर्नुपर्दछ ।

अपाङ्गतासँग सम्बन्धित अवहेलनाका अतिरिक्त अपाङ्गता भएका उम्मेदवारहरूले आर्थिक अवरोधहरू पनि भोग्नुपर्दछ । संयुक्त अधिराज्यले निर्वाचित कार्यालय कोषमा पहुँच[४५] हुने प्रावधान लागू गरेको छ । यस्ता कोषले अपाङ्गता भएका उम्मेदवारहरूलाई पहुँचयुक्त यातायात वा सांकेतिक भाषा अनुवादकका लागि लाग्ने अतिरिक्त खर्चको व्यवस्था गर्न सहयोग गर्दछ । यो कोषले उम्मेदवारहरूलाई बेलायती पाउण्ड १०,००० (अमेरिकी डलर १६,०००) सम्मको मौद्रिक सहयोग दिन्छ । धेरै देशका सरकारलाई यस्तैखालको सहयोग गर्न सम्भव नहुन सक्छ, अन्तर्राष्ट्रिय दाताहरू र कार्यान्वयनकारी संस्थाहरूले अपाङ्गता भएका उम्मेदवारहरूलाई तालिमको रूपमा सहायता उपलब्ध गराउन सक्छन् ।

## निर्वाचन अभियानहरू

समावेशी अभियान प्रक्रियाको एउटा सबैभन्दा ठूलो अवरोध भनेको नै पहुँचयुक्त ढाँचामा सूचनाहरूको अभाव हुनु हो । अपाङ्गता भएका मतदाताहरूले सचेत भएर मतदान गर्नका लागि राजनीतिक दलका घोषणापत्रहरू, उम्मेदवार र निर्वाचन अभियानका क्रियाकलापहरूको सूचना थाहा पाउनु पर्दछ । निर्वाचन व्यवस्थापन निकाय तथा उम्मेदवारहरूलाई विभिन्न तरिकाले सहयोग पुऱ्याउन सकिन्छ, जसले गर्दा मतदाताहरूले आफ्नो रोजाइका बारेमा समीक्षा गर्ने अवसर पाएको सुनिश्चित गर्दछ ।

### *निर्वाचन सम्बन्धि प्रतिबद्धताको तर्जुमा*

राजनीतिक दलहरू तथा राजनीतिक नेताहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका सवालहरू सम्बोधन गर्नेखालका सार्वजनिक अपिलमा हस्ताक्षरका लागि आहवान गर्न निर्वाचनको अवधिमा अपाङ्गता भएका व्यक्तिका संस्थाहरूलाई अवसर पनि प्रदान गर्दछ । राजनीतिक कार्यकर्ताहरू स्वाभाविकरूपमा विभिन्न जनसमुदायको मत जति सक्यो धेरै संकलन गर्न आफ्नो प्रतिवद्धताहरू गर्न उद्धत हुन्छन् । निर्वाचनका वेला सृजना हुने यस्ता राजनीतिक अवसरहरूलाई अपाङ्गता भएका व्यक्तिका सवालहरू तथा अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले सञ्चालन गरेका वकालतका क्रियाकलापहरूमा उनीहरूको ध्यानाकृष्ट गर्न प्रयोग गर्न सकिन्छ । निर्वाचन अपिलहरूको तर्जुमा गर्नाले अपाङ्गता भएका व्यक्तिका संस्थाहरूलाई अपाङ्गता समुदायका आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि सकारात्मक दवावमूलक वातावरण सिर्जना गर्दछ । यस्ता निर्वाचन अपिलहरू अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको समग्र

**राम्रो अभ्यास**

सियरा लियोनमा एन.डी.आई. ले अपाङ्गता भएका व्यक्तिका संस्था पनि समावेश भएको नागरिक समाजका संस्थाहरूको एक गठबन्धन समूहलाई नोभेम्बर २०१२ को निर्वाचनमा भाग लिने दलहरूको आचार संहिता तर्जुमा गर्न सहयोग गऱ्यो । हिंसा र धाकधम्मीबाट मुक्त निर्वाचनको वातावरणलाई प्रवर्द्धन गर्ने र महिला तथा अन्य बहिष्करणमा पारिएका समुदायलाई निर्वाचन प्रक्रियामा सहभागी गराउन उत्प्रेरित गर्ने उद्देश्यले यो आचार संहिता तयार पारिएको थियो । यस संहितामा "दलको महिला, युवा र अपाङ्गता भएका उम्मे दवारहरूलाई निर्वाचन अभियान, यातायात तथा आर्थिक सहायता गरेर संसद् तथा परिषद्को निर्वाचनमा सशक्त बनाउने" भन्दै स्पष्टरूपमा दलहरूले महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई उम्मेदवार सूचीमा समावेश गर्ने छन् भनी उल्लेख गरेको छ । यस आचार संहिताले राजनीतिक दलहरूलाई चुनावी अभियानका क्रममा जवाफदेही बनाउन नागरिक समाजका संस्थाहरूलाई एउटा मान्य मापदण्ड बनाइ दिएको छ । उक्त आचार संहिता तर्जुमा गरेका गठबन्धनका सदस्य संस्थाहरूले उनीहरूको यस प्रयासलाई प्रवर्द्धन गर्न संचार माध्यममा अन्तर्वाता र उक्त आचार संहितालाई लेमिनेटेड गरी देशभरिका दलका कार्यालयमा वितरण गरे ।

४५ संयुक्त अधिराज्य । निर्वाचित कार्यालयमा पहुँच । सरकारी डिजिटल सेवा, २०१२, <https://www.gov.uk/government/news/access-to- elected-office>.

वकालत रणनीतिको एउटा प्रमुख पक्ष हुनसक्छ, जस्ले अपाङ्गता भएका व्यक्तिका संस्थाहरूलाई निर्वाचनपश्चातको अवधिमा त्यस्ता अपिलहरू अनुसार काम भए नभएको अनुगमन गर्नका लागि सहयोग गर्दछ । अपाङ्गता सम्बन्धी सवालहरूका बारेमा राजनीतिक दलको अपाङ्गता भएका व्यक्तिका संस्थाहरूसँगको अन्तर्क्रियालाई बढाउँछ, जसले निर्वाचन पछाडिको अवश्थाको यिनीहरू बीचको सहकार्यात्मक सम्बन्धलाई सुदृढ गर्दछ ।

*अपाङ्गता भएका व्यक्तिहरूसम्म पुग्न उम्मेदवारहरूको विशेष पहलहरू*

निर्वाचनका नियमित अभियानका सामग्रीहरू सबै नागरिकका लागि पहुँचयुक्त बनाउने कामका अतिरिक्त अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले निर्वाचनको यो अवसरलाई अपाङ्गता भएका व्यक्तिका सवालहरूका बारेमा उम्मेदवाहरू लाई बुझाउने काममा पनि निर्वाचनलाई प्रयोग गर्न सक्छन् ।

जुलाई २०१२ को निर्वाचनभन्दा अगाडि मेक्सिकोका अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको गठबन्धन समूहले अपाङ्गता सवालहरूका बारेमा तयार पारिएका प्रस्तावनाहरू बारम्वार राष्ट्रपति पदका उम्मेदवारहरूसँग आदनप्रदान गरे । यस्ता प्रस्तावनाहरूलाई उक्त गठवन्धन समूहले आफ्नो वेवसाइटमा प्रकाशन गऱ्यो र विभिन्न सामाजिक संजाल तथा मञ्चहरू मार्फत पनि प्रर्वद्धन गऱ्यो। यी प्रस्तावनाहरूको प्रकाशन पछाडि, अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको गठबन्धनले सबै राष्ट्रपति पदका उम्मेदवारसँग र मेक्सिको नगरपालिकाका उम्मेदवारहरूसँग, एक दलको अपवाद बाहेक एउटा संवाद पनि सञ्चालन गऱ्यो। राष्ट्रपति पदका उम्मेदवारहरू र अपाङ्गता समुदाय बीच मेक्सिकोमा पहिलो पटक भएको यस्तो छलफलमा अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको गठबन्धनलले नीतिगत सिफारिशहरू प्रस्तुत गऱ्यो र उम्मेदवारहरूले आफ्नै मञ्चहरूमा पनि यो विषयमा छलफल गरे । यस्ताखालका छलफलहरूका बारेमा राष्ट्रिय संचार माध्यमहरूले पर्याप्त प्रकाशन गरे, जसले अपाङ्गताका सवालहरूका बारेमा प्रचारप्रसार भयो र निर्वाचित अधिकारीहरू सँग यस विषयमा आफ्ना अडानहरूलाई प्रस्तुत गर्नका लागि सहयोग गऱ्यो । ग्वाटेमाला र डोमिनिकन रिपब्लिकमा अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले पनि उम्मेदवारहरूसँग यस्तैखालका क्रियाकलाप सञ्चालन गरेका थिए ।

*आचार संहिता*

निर्वाचनमा भाग लिने राजनीतिक दलहरू र उम्मेदवारहरूलाई जिम्मेवार बनाउन नागरिक समाजले आचार संहिताको प्रवर्द्धन गर्छन् । यस्ता आचार संहिताले राजनीतिक दलहरू र उम्मेदवारहरू लाई निर्वाचन प्रक्रिया सञ्चालन गर्ने नीति-नियमहरू प्रति सम्मान गर्न र जालसाजी र अनावश्यक वा अनैतिक प्रभाव पार्नबाट जोगाउँछ । आचार संहिताको निर्माणका वेला अपाङ्गता भएका व्यक्तिका संस्थाहरूलाई संलग्न गराउनाले सबै नागरिकका लागि निर्वाचन अभियानहरू पहुँचयुक्त बनाउनका लागि उनीहरूलाई प्रतिज्ञा गराउँन मौका प्रदान गर्दछ । यसका अतिरिक्त, यस्ता आचार संहिताहरू भएमा निर्वाचन अधिकारीहरूलाई पहुँचयुक्तता र समावेशिताका सवालहरूमा अझ बढी जवाफदेही बनाउन अपाङ्गता भएका व्यक्तिका संस्थाहरूलाई मौका पनि प्रदान गर्दछ।



*अपाङ्गता समावेशीकरणाको प्रावधान पनि भएको राजनीतिक दलहरूको लागि आचार संहिता सम्बन्धी सार्वजनिक कार्यक्रमको सहयोगका लागि उपस्थित सियरा लियोनका एक युवक ।*

*निर्वाचन बहश*

नागरिकले विभिन्न उम्मेदवारका बारेमा जान्ने र निर्वाचनका दिन आफैँले रोजेर मतदान गर्नलाई सजिलो बनाउने एउटा महत्वपूर्ण तरिका निर्वाचन बहश हो। अन्तर्राष्ट्रिय दातृ निकायहरू र कार्यान्वयनकारी संस्थाहरूले निर्वाचन व्यवस्थापन निकायलाई यस्ता बहशहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि कसरी पहुँचयुक्त बनाउने भनेर मार्गनिर्देशन दिई सहयोग गर्न सक्छन् । उदाहरणका लागि, ग्वाटेमालामा निर्वाचन व्यवस्थापन निकायले निर्वाचन बहशका लागि पेशागत साँकेतिक भाषाका दोभाषेहरू उपलब्ध गरायो, जसले गर्दा बहिरा र सुस्तश्रवण भएका मतदाताहरूले टेलिभिजनमा यस्ता बहशहरूमा समावेश हुन पाए । बहश सञ्चालन गर्ने संस्थाहरूसँग अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले समन्वय गर्नुपर्दछ, जसले गर्दा उनीहरूले बहश सञ्चालन हुने स्थान र यस सम्बन्धी सूचनाको आदानप्रदान गर्न सक्छन् र अपाङ्गता समुदायका महत्वपूण सवालहरूका बारेमा उम्मेदवारहरूलाई प्रश्नहरू पनि दिन सक्छन् ।



*सन २०१२ मा सर्बियाको राष्ट्रपतिय उम्मेदवारहरूका बीच भएको निर्वाचन बहशलाई साँकेतिक भाषामा अनुवाद गरि टेलिभिजबाट प्रसारण गरियो ।*[४६]

## निर्वाचनको दिनका गतिविधि

निर्वाचन अगाडिको अवधिमा गरिएको योजनाले नै निर्वाचनको दिन कति पहुँचयुक्त र समावेशी हुन्छ भनी निर्धारण गर्दछ । तलका पक्षहरूले निर्वाचनलाई प्रभाव पार्दछन् तर मतदानभन्दा अगाडि नै यिनीहरूलाई तयार पार्नु पर्दछ ।

- निर्वाचन कानून
- मतदानमा प्राथमिकता र मतदाताको योग्यता सम्बन्धी नीतिहरू
- मतदान केन्द्रको छनौट
- स्पर्श संकेतमा मतपत्रको तर्जुमा सम्बन्धी निर्देशिका
- म्याग्निफाइङ ग्लास वा ह्वीलचियर प्रयोगकर्ताका लागि पहुँचयुक्त मतदान केन्द्र जस्ता निर्वाचन सामग्रीहरूको खरिद र वितरण
- निर्वाचन व्यवस्थापन निकाय, मतदान कार्यकर्ता र सुरक्षा सेवाका व्यक्तिहरूलाई तालिम


*दक्षिणी सुडानमा भएको जनमतसंग्रहमा एक व्यक्ति मतदान गर्ने तयारी गर्दै*

४६ Reč na reč: Debata kandidata za predsednika Srbije 2012." Radio-televizija Srbije, June 16, 2012. <http://www.rts.rs/page/tv/sr/story/22/RTS Satelit/1103434/Reč na reč: Debata kandidata za predsednika Srbije 2012.html>.

● पर्यवेक्षण अनुमति र पर्यवेक्षण सूचीको तयारी

निर्वाचन कार्यकर्ताहरूले मतदानका दिन आउन सक्ने समस्याहरू सम्बन्धी आवश्यक सहयोग लिनका लागि केन्द्रिकृत प्राविधिक सहायता उपलब्ध हुनुपर्दछ । अपाङ्गता भएका व्यक्तिहरू वा अन्य कसैले पनि मतदान केन्द्रहरू पहुँचयुक्त नभएको, निर्वाचन कार्यकर्ताहरूको नराम्रो व्यावहार वा अन्य यस्तै समास्याहरू बारेमा खवर गर्न निर्वाचन व्यवस्थापन निकायले सम्पर्क नम्बर उपलब्ध गराउनु पर्दछ ।

## निर्वाचन परिणामको घोषणा

संचार क्षेत्र पहुँचयुक्त नभएका कारण अपाङ्गता भएका मतदाताहरूले कहिलेकाहीँ निर्वाचनको नतिजा अन्तिममा मात्र थाहा पाउँछन् । यस्तो प्रवृत्तिलाई समाधान गर्न केन्याको सुनाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय संघले २०१३ को निर्वाचन नतिजा घोषणा गर्दा एक राष्ट्रिय समाचार च्यानललाई त्यसको साँकेतिक भाषामा प्रत्यक्ष प्रसारण गर्न साझेदारी गऱ्यो ।[४७] सुनाइ सम्बन्धी अपाङ्गता भएका व्यक्ति, सुस्तश्रवण भएका व्यक्ति र सुन्नसक्ने व्यक्तिहरूले एकैपटक निर्वाचनको परिणाम सम्बन्धी सूचना पाएको केन्यामा यो पहिलोपटक हो ।

## निर्वाचन विवाद निरूपण

निर्वाचन उजुरी तथा विवादको उपचार पाउने अधिकार प्रभावकारी निर्वाचन उजुरीको निर्णय प्रणालीको सात मध्ये एक प्रमुख अन्तर्राष्ट्रिय मापदण्ड हो ।[४८] अपाङ्गता भएका व्यक्तिहरू प्रायःजसो यस्ता निर्वाचन उजुरी निर्णय प्रणालीको प्रक्रियामा छुट्छन् । निर्वाचनको परिणामलाई चुनौति दिँदै उजुरी गर्न तथा मतदानको दिन भएका दुर्व्यवहार विरूद्ध उजुरी गर्न पनि अपाङ्गता भएका मतदाताहरू सक्षम हुनुपर्दछ । निर्वाचन व्यवस्थापन निकायले उजुरी कसरी गर्ने भनी पहुँचयुक्त ढाँचामा मतदाता शिक्षा अभियान सञ्चालन गर्नुपर्दछ । अनलाइन वा टेलिफोनबाट उजुरी गर्न मिल्ने जस्ता पहुँचयुक्त ढाँचाहरूमा घटना व्यवस्थापन प्रणालीको विकास गर्नुपर्दछ । अनुसन्धानकर्ताहरू र न्यायाधीशहरूलाई यस सम्बन्धी अभिमुखीकरण तालिमहरू पनि सञ्चालन गर्नुपर्दछ ।

उदाहरणका लागि, मेक्सिकोमा भएको २०१२ को निर्वाचनमा एक जना बौद्धिक अपाङ्गता भएकि महिलालाई मतदान गर्नका लागि अनुमति दिइएन । निर्वाचन उजुरी निर्णय प्रणाली पहुँचयुक्त थियो, त्यसैले उनी निर्वाचन व्यवस्थापन निकायमा उजुरी गर्न सफल भइन् जसले उनको उजुरीमाथि अनुसन्धान शुरू गऱ्यो । मानसिक क्षमता कम भएका व्यक्तिहरूले मतदान गर्न नपाउने भन्ने संघीय निर्वाचन निकाय तथा प्रक्रियाहरू सम्बन्धी संहितामा भएको विभेदकारी प्रावधानका अनुसार मतदान अधिकारीले उनलाई मतदान गर्नबाट बञ्चित गरेको कुरा अनुसन्धानमा पत्ता लाग्यो । निर्वाचन व्यवस्थापन निकायले निर्वाचन अगाडि नै यस प्रावधानमा संसोधन गरेको थियो र ती मतदान अधिकारीले यो संसोधित प्रावधानका बारेमा पहिला नै थाहा पाएको भए ती महिलाले मतदान गर्न सक्ने थिइन । यस उदाहरणले निर्वाचन कार्यकर्ताहरूका लागि प्रभावकारी तालिमको महत्व देखाउँछ तर उजुरी दिनका लागि पहुँचयुक्त सूचनाले कसरी अपाङ्गता भएका नागरिकको सक्रिय सहभागीतामा योगदान पुऱ्याउँछ भनेर पनि देखाउँछ ।[४९]

४७ "Uhuru Kenyatta is Announced 4th President." YouTube. <http://www.youtube.com/watch?v=IdMd1rbbbSQ>.

४८ Vickery, Chad, ed. *Guidelines for Understanding, Adjudicating, and Resolving Disputes in Elections (GUARDE)*. International Foundation for Electoral Systems. 2011. <http://www.IFES.org/~/media/Files/Publications/Books/2011/GUARDE_final_publication.pdf>.

४९ Diaz, Ariane. "No dejaron votar a una discapacitada." La Jornada. July 6, 2012: 13. Web. December 6, 2013. <http://www.jornada.unam.mx/2012/07/06/politica/013n3pol>..




नेपालमा निर्वाचनका बारेमा मतदाताहरूलाई जानकारी दिदै एक सडक नाटककर्मी ।

# परिच्छेद ४ : निर्वाचनपछिको अवधि

**सम्भावित अवरोधहरू**

- निर्वाचन सम्बन्धी सिकाइहरूको आदानप्रदान प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको संलग्नता नहुनु।
- निर्वाचन सम्बन्धी अधिकारहरूका बारेमा अपाङ्गता भएका व्यक्तिका संस्थाहरू जानकार नहुनु ।
- नागरिक शिक्षाले अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू बारेमा समेट्न नसक्नु तथा पहुँचयुक्त ढाँचामा वितरण नहुनु ।
- निर्वाचन आयुक्तहरूको छनौटका मापदण्डहरू अपाङ्गता समावेशी नहुनु ।

निर्वाचनपछिको अवधिले निर्वाचनको कार्यान्वयनको लेखाजोखा गर्ने एउटा मौका दिन्छ । अपाङ्गता समावेशीकरणाको दृष्टिकोणबाट हेरिनु पर्ने मुख्य क्रियाकलापहरू हुन :

- मतदानस्थलको लेखाजोखा
- अघिल्ला दुईवटा निर्वाचन चक्रहरूको अवधिलाई पुनरावलोकन गर्ने र सिकाइहरूको पहिचान गर्ने ।
- सरकारी कार्यलयहरूको पहुँचयुक्ततामा सुधार ल्याउने ।
- निर्वाचन कर्मचारी, नागरिक समाजका संस्थाहरू, राजनीतिक दलहरूको क्षमता अभिवृद्धिका क्रियाकलापहरू सञ्चालन गर्ने ।
- कानूनी तथा प्रशासनिक सुधार तथा यसको कार्यान्वयनका लागि वकालत गर्ने ।
- आवश्यकता परेमा मतदाता दर्ता अद्यावधिक गर्ने ।
- निर्वाचन व्यवस्थापन निकायको दीर्घकालीन रणनीतिहरू पुनरावलोकन गर्ने ।
- नागरिक शिक्षा सम्बन्धी पाठ्यक्रमहरू पुनरावलोकन गर्ने ।
- नयाँ आयुक्तहरूको छनौट मापदण्ड पुनरावलोकन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूमा निर्वाचित अधिकारीहरूको जवाफदेहीतालाई सुनिश्चित गर्न अनुगमन योजना बनाउन



*जाम्बियामा मतदान केन्द्रहरूको पहुँचयुक्तताको लेखाजोखा गरिँदै*

### मतदानस्थलको लेखाजोखा

धेरैजस्तो अवस्थामाा पहुँचयुक्त निर्वाचनस्थलहरूका लागि कानूनहरू बनेका हुन्छन् तर निर्वाचनस्थलहरूको छनौट यस्ता कानूनहरू अनुसार गरेको पाईंदैन । निर्वाचनको दिन पहुँचयुक्तताको अनुगमन गर्ने एउटा सरकारी निकाय नै हुनुपर्दछ, जसले पहुँचयुक्तताका मापदण्डहरू नभएको पाएमा कारवाही पनि गर्न सकोछ । उदाहरणका लागि, संयुक्त राज्य अमेरिकाको न्याय विभागले पहुँचयुक्तता सम्बन्धी राष्ट्रिय कानूनहरू अनुसार निर्वाचन पहुँचयुक्त भए नभएको अनुगमन गर्दछ । कानून अनुसार पहुँचयुक्त नभएका त्यस्ता स्थानीय सरकारी निकायहरूलाई आवश्यक कानूनी कारवाही पनि गर्दछ । यस्तो प्रावधानले कानूनहरू सही तरिकाले कार्यान्वयन भएको सुनिश्चित गर्न सहयोग गर्दछ ।

### सिकाइहरूको संकलन

निर्वाचनको पुनरावलोकनमा निर्वाचन व्यवस्थापन निकाय, अपाङ्गता भएका व्यक्तिहरूको संस्था तथा पर्यवेक्षकहरूका विचार पनि समेटिनु पर्दछ। यस्ता पुनरावलोकनहरूले पहुँच अभिवृद्धि गर्नका लागि सञ्चालन भएका क्रियाकलापहरूको प्रभावका बारेमा लेखाजोखा गर्नुपर्दछ । के अघिल्ला निर्वाचनमा भन्दा यस निर्वाचनमा केही सुधार भए ? भविष्यमा अझ बढी समावेशी निर्वाचनका लागि सरोकारवालाहरूले के गर्न सक्छन् ? निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचनका अघिल्ला चरणहरूमा प्रयोग गरिएका स्पर्श संचारको ढाँचामा बनाइएको मतपत्र निर्देशिका जस्ता सामग्रीहरूको प्रभावकारिताको पनि लेखाजोखा गर्नु पर्दछ । राजनीतिक दलहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि यस निर्वाचनमा गरेका क्रियाकलापहरू पर्याप्त भए नभएको हेर्ने र भविष्यमा अपनाउनु पर्ने रणनीतिहरू पनि तयार पार्नु पर्दछ । नागरिक समाजका संस्थाहरूले सञ्चालन गरेका नागरिक शिक्षा तथा पर्यवेक्षणलाई अपाङ्गता भएका व्यक्तिहरू समावेशी तथा पहुँचयुक्त बनाउनका लागि यस्ता क्रियाकलाप सञ्चालनका तरिकाहरूमा सुधार गर्नु पर्ने छ कि भनी लेखाजोखा गर्नुपर्दछ ।

> **राम्रो अभ्यास**
>
> म्यासेडोनियाको पोराका नामक बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधि संस्थालाई राजनीतिक दलहरूले सरकार बनाएको १०० दिनभित्रमा सी.आर.पी.डी.लाई अनुमोदन गराउन एउटा प्रतिज्ञापत्र बनाउन एन.डि.आई. ले सहयोग उपलब्ध गराएको थियो।
>
> सी.आर.पि.डि. अनुमोदनको आवश्यकतालाई संचार माध्यम मार्फत वृहत रूपमा प्रचारप्रसार गर्नको लागि पोराकाले हस्ताक्षर गरिएका प्रतिज्ञापत्रहरू प्रयोग गरेको थियो । यस अभियानको समाप्तिसँगै म्यासेडोनियाको संसद सभाले सर्वसहमतिबाट सी.आर.पी.डी. को अनुमोदन गऱ्यो । यो सफल अभियानका कारण त्यस अपाङ्गता भएका व्यक्तिहरूको संस्था एक सफल र सक्षम नागरिक संस्थाको रूपमा परिचित भयो, जसका कारण अपाङ्गता भएका व्यक्तिहरू पनि सशक्त नागरिक भएको सकारात्मक सन्देश दिन सकेका छन् ।

निर्वाचनपछिको अवधिका अवसरहरू प्रयोग गर्दै अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले नीतिमा नै सुधार ल्याउन स्पष्टखालका सिफारिशहरू गर्नुपर्दछ । यस्ता पुनरावलोकनहरूमा लामो र छोटो अवधिमा कार्यान्वयन गर्न सकिने नीतिगत सुधारहरूको विश्लेषण पनि समावेश गर्नुपर्दछ । निर्वाचनपछिको अवधिमा हुने निर्वाचन कानूनहरूको सुधार सम्बन्धी कुनै पनि क्रियाकलापहरूमा अपाङ्गता भएका व्यक्तिका संस्थाहरू संलग्न हुनुपर्दछ । अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले निर्वाचनका बेला राजनीतिक शक्तिहरूसँग विकास भएको सम्बन्धलाई पनि प्रगाढ बनाई राख्नु पर्दछ । यदि अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले निर्वाचनमा पहुँचयुक्तताका बारेमा पर्यवेक्षण गरेको भए त्यस्ता पर्यवेक्षणबाट पत्ता लागे अनुसारका सिफारिशहरू निर्वाचन पछिको अवधिमा तर्जुमा गर्नुपर्दछ । यदि अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले निर्वाचनभन्दा अगाडि राजनीतिक दलहरूसँग पैरवी गरेको र समावेशी नीतिहरू बनाउनेबारेमा दलहरूसँग कुनै सहमति भएको भए चुनाव जितेका उम्मेदवारहरूसँग त्यस्ता नीतिहरूको कार्यान्वयन भएको सुनिश्चित गराउन निर्वाचन पछिको अवधिमा अनुगमन गर्नुपर्दछ ।

### सरकारी कार्यालयहरूको पहुँचयुक्तता

यद्यपि सबै खालका अवरोधहरू हटाउन सकिन्छ र अपाङ्गता भएका व्यक्तिहरू स्थानीय, क्षेत्रीय वा राष्ट्रिय प्रतिनिधि वा निर्वाचन व्यवस्थापन निकायका अधिकारीका रूपमा छनौट हुनसक्छन्, तर चुनौतीहरू भने अझै बाँकि रहन्छन् । धेरै जस्तो ठाउँमा, राजनीतिकर्मी र राष्ट्रसेवक कर्मचारीहरूले कार्य गर्ने भवनहरू वा आफ्नो काममा जानका लागि प्रयोग गर्नु पर्ने सार्वजनिक यातायात पहुँचयुक्त छैनन् । सरकारले हाल तयार गरि रहेका कानून र नीतिहरू सम्बन्धी सूचना

पहुँचयुक्त ढाँचामा उत्पादन भएको नहुनसक्छ । अपाङ्गता भएका निर्वाचित प्रतिनिधिहरूले पहुँच सम्बन्धी यस्ता खाँचोहरूका बारेमा उनीहरूका कार्यालयबाट महत्वका साथ कुरा उठाइनु पर्दछ । उनीहरूले स्रोत विनियोजन गरिने तथा सरकारको प्राथमिकता प्राप्त क्षेत्रमा पार्नका लागि गरिएका वकालत सम्बन्धी पहलहरूमा पनि योगदान पुऱ्याउन सक्छन् ।

## अपाङ्गता भएका व्यक्तिहरूका संस्थाको क्षमता अभिवृद्धि

यो थाहा भएकै कुरा हो कि प्रायजसो अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको कार्यक्षमता अन्य नागरिक समाजका संस्थाहरूको भन्दा कम छ । यसका विभिन्न कारण छन् तर प्रायजस्तो अवस्थामाा विद्यालय तथा स्थानीय स्रोत साधानहरू उनीहरूको पहुँचमा नभएका कारण विद्यालय शिक्षा कम हुनु हो। यस्ता कारणहरूले गर्दा उनीहरूलाई परियोजना तथा कोषको व्यवस्थापन, तालिम जस्ता अतिरिक्त सहयोगहरू आवश्यक पर्न सक्छन् । अपाङ्गता भएका व्यक्तिका संस्थाहरूसँग साझेदारी गरी कार्यान्वयन गर्ने संस्थाहरूले कर्मचारीहरूको अतिरिक्त समय तथा स्रोतहरूको पनि योजना गरी राख्नुपर्दछ।

आधारभूत परियोजना व्यवस्थापन सिपका अतिरिक्त निर्वाचन र राजनीतिक प्रक्रिया तथा अपाङ्गताको अन्तरसम्बन्ध विषयमा पनि अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूको ज्ञान तथा क्षमतामा कमी छ । यस्तो प्रवृत्तिको अद्वितीय नमूना इन्डोनेसियामा छ, जहाँ निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सम्बन्धी केन्द्र नामक एक डीपीओले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा निर्वाचन सम्बन्धी अधिकारहरूको बारेमा वकालत गर्दछ । यो संस्था एक जना तानाशाहको पतनपछि गठन भएको थियो किनकि अपाङ्गता भएका व्यक्तिहरूको समुदाय पनि लोकतन्त्रका लागि दवाव दिने त्यस प्रक्रियामा छुट्न चाहँदैन थियो । धेरैजसो अपाङ्गता भएका व्यक्तिका संस्थाहरू लोकतन्त्र र शासन सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन गर्न तथा यसका लागि प्रभावकारी वकालतकर्ता हुनुभन्दा अगाडि उनीहरूलाई निर्वाचन प्रक्रिया, सीआरपीडी र अन्य सम्बन्धित कानूनहरू विषयमा तालिमको आवश्यकता थियो ।

**राम्रो अभ्यास**

जर्जियामा नागरिक शिक्षा कक्षाका विद्यार्थीहरूले उनीहरूको लोकतन्त्र र नागरिकता भन्ने कक्षा पुस्तिका श्रव्य सामग्रीका रूपमा बनाए । ती विद्यार्थी विश्वविद्यालयस्तरका नागरिक शिक्षामा दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थीहरूको पहुँच प्रवर्दन गर्ने पैरवीकर्ताहरू भए र ती सीडीहरू दृष्टिविहीन युवाहरूलाई वितरण गरे ।

प्रायजसो अपाङ्गता भएका व्यक्तिका संस्थाहरूलाई अधिकारमा आधारित वकालत सम्बन्धी तालिम दिनु आवश्यक छ। धेरैजसो अपाङ्गता भएका व्यक्तिका संस्थाहरू उनीहरूका लागि सेवा सम्बन्धी प्रावधानहरूमा मात्र केन्द्रित भएका छन् र अधिकारमा आधारित वकालत सम्बन्धी तालिम उनीहरूका लागि फाइदाजनक हुनसक्छ । निर्वाचन व्यवस्थापन निकायसँगको प्रत्यक्ष सम्बन्धसँगसँगै संसद र विधायीका समितिहरूका सदस्यकेन्द्रित वकालतले विद्यमान नियमहरूको प्रभावकारी कार्यान्वयन भएको सुनिश्चित गर्न सहयोग गर्दछ । यस्ता कार्यले केवल समान पहुँचका लागि वकालत गर्ने मात्र होइन, निर्वाचन व्यवस्थापन निकायसँग भएका उपलब्धिहरूलाई विधायिकाले रोक्दैन भन्ने कुराको पनि सुनिश्चित गर्दछ र अपाङ्गता भएका व्यक्तिहरूले भोग्नुपर्ने अवरोधहरूका बारेमा पनि नीति निर्णय निर्माणकर्ताहरूलाई सचेत गराउँछ । धेरैजसो लोकतन्त्र भएका विकासशील देशमा विधायिकाको सबै पक्षको ख्याल शुरूवाति अवस्थामा नै भएकाले यो अपाङ्गता भएका व्यक्तिका संस्थाहरूलाई उदाहरणीय कार्य गर्ने अवसर पनि हो । अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको वकालत सम्बन्धी क्रियाकलापहरूमा सहयोग गर्ने कार्यक्रमहरूले उनीहरुको निर्वाचन व्यवस्थापन निकाय, विधायिका संसद् र मानव अधिकार सम्बन्धी राष्ट्रिय निकायहरूसँग अन्तर्क्रिया गर्नसक्ने क्षमता विकास पनि गर्दछ ।

## निर्वाचन आयुक्तको छनौट मापदण्ड

सम्भावित निर्वाचन आयुक्तहरूले विभिन्नखालका छनौटका मापदण्डहरू पूरा गर्नुपर्दछ तर अपाङ्गता समावेशी नीति तथा प्रक्रियाहरूको सन्दर्भमा उनीहरूको ज्ञानका बारेमा भने अति कममात्र मूल्यांकन गरिन्छ । फिलिपिन्सको निर्वाचन आयोग (कोमेलेक) जस्ता केही निर्वाचन व्यवस्थापन निकायहरूले भने अपाङ्गता अधिकारका लागि जिम्मेवार हुनेगरी

विशेष आयुक्त नै नियुक्त गरेको छ । यद्यपि, यस्ता आयुक्तहरूसँग अपाङ्गता अधिकार सम्बन्धी अनुभव वा पृष्ठभूमि नहुन पनि सक्छ ।

**समावेशी नागरिक शिक्षा**

निर्वाचनका सबै चक्रमा नागरिक शिक्षा सञ्चालन हुनुपर्दछ तर यस निर्देशिकामा भने निर्वाचनपछिको अवधिको सत्रमा यसलाई यसर्थ उल्लेख गरिएको छ कि यस अवधिमा अघिल्ला निर्वाचनको समीक्षा र मतदाताहरूको ज्ञानमा भएका कुनै कमी-कमजोरीको समीक्षा पनि गर्न सकिन्छ । नागरिक शिक्षाले नागरिकका अधिकार तथा दायित्वहरूका बारेमा व्याख्या गर्दछ । सरकार, नागरिक र सम्बन्धित कानूनहरूका बारेमा थाहा पाउँदा उनीहरूले आफ्नो समाज निर्माणमा निर्वाह गर्नु पर्ने सक्रिय भूमिकाका बारेमा थाहा दिँदै प्रत्येक व्यक्तिलाई सशक्तीकरण गर्दछ ।

जर्जियामा आ.एफ.ई.एस. ले अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै नागरिकका अधिकारहरूलाई उठाउँदै विश्वविद्यालय नागरिक शिक्षा कोर्स निर्माण गरेको छ । त्यस कोर्सको पुनरावलोकनका क्रममा एक जना विद्यार्थीले भने “हामीले अपाङ्गता भएका व्यक्तिहरूलाई देखेका छैनौं । हामीले पहिला यस्ता व्यक्तिहरूका बारेमा सोचेनौं, अहिले यस्तो लाग्छ कि हाम्रो जस्तै सामाजिक अधिकारहरू र शिक्षा तथा निर्वाचन सम्बन्धी अधिकारहरू पाउन उनीहरू योग्य छन् । व्यक्तिहरू अपासमा छुट्याउनेखालको हाम्रो समाज हुनुहुँदैन ।”




जर्जियामा नागरिक शिक्षा सम्बन्धी पुस्तकलाई सी.डी.मा
रेकर्ड गर्दै विश्वविद्यालयका विद्यार्थी



ईन्डोनेसियामा मतदान पश्चात मेटाउन नमिल्ने
मसी देखाउँदै एक महिला

# परिच्छेद ५ : चुनौतीहरू

समावेशी लोकतन्त्र र सुसाशन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा धेरै चुनौतीहरू आइ पर्छन् । यस्ता चुनौतीहरूको समाधान गर्ने उपयुक्त तरिकाहरूका बारेमा पनि सबै सहमत छैनन् र यस्ता चुनौतीहरू देश अनुसार फरक फरकखालका छन् ।




*यो चित्र लोकतान्त्रिक गणतन्त्र कंगोमा आम नागरिकलाई मतदान प्रक्रियाका बारेमा शिक्षा दिन प्रयोग गरिएको  चित्रहरु मध्येको एक चित्र थियो ।*

### तथ्यांकको अभाव

विभिन्न देशमा अपाङ्गता भएका व्यक्तिहरूका बारेमा विश्वसनीय तथा विस्तृत तथ्यांक पाईंदैन । समावेशी लोकतन्त्र र सुशाशन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा धेरै चुनौतीहरू आइपर्दछन् । राष्ट्रिय जनगणनामा अपाङ्गता सम्बन्धी तथ्यांक संकलन गरिएपनि विभिन्न राज्यहरूले अपाङ्गताको परिभाषा फरक फरक तरिकाले गर्ने र धेरै जसो त्यस्ता जनगणनाले विश्व स्वास्थ्य संगठन (डब्लू.एच.ओ) ले अपाङ्गताको जनसंख्या बारेमा गरेको १५ प्रतिशतको अनुमानभन्दा अपाङ्गता भएका व्यक्तिहरूको संख्या धेरै कम देखाउने गरेका छन् । अपाङ्गता समावेशी करण एउटा प्राथमिकता प्राप्त क्षेत्र हो भनेर स्थानीय सरकारी अधिकारी र अन्तर्राष्ट्रिय दातृ निकायहरूलाई विश्वास दिलाउन तथ्यांकको अभावले अझ असजिलो बनाएको छ। देश अनुसार अपाङ्गताको परिभाषा फरक फरक हुँदा कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्नका लागि आधार बनाउन पनि असजिलो भएको छ ।

### विभेद

अपाङ्गता भएका व्यक्तिहरूको क्षमताका बारेमा सरकारी अधिकारी र परिवारका सदस्यहरूले समेत गलत अनुमान लगाउँछन् । हनोइ इन्डेपेन्डेन्ट लिभिङ सेन्टरले तयार पारेको एक प्रतिवेदनले ५० अपाङ्गता भएका व्यक्तिहरूका परिवारलाई सोधिएका मध्ये आधाले अपाङ्गता भएका व्यक्तिहरूले मतदान गर्नु आवश्यक छ भन्ने कुरा नै विश्वास गरेन्न किनकि उनीहरूले राजनीतीक सवालहरूका बारेमा चासो राख्नु पर्दैन ।[५०] मानिसहरू प्रायजसो यो अनुमान गर्छन् कि अपाङ्गता भएका नागरिक उम्मेदवार वा निर्वाचन कार्यकर्ता हुन सक्दैनन् र उनीहरू राजनीतिमा चासो राख्दैनन् वा यसले उनीहरूको जीवनमा प्रभाव पार्दैन । अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय परिचयपत्र वा जन्मदर्ता प्रमाणपत्र नहुनुको एउटा साझा कारण यो हो कि परिवारका सदस्यहरूले उनीहरूको यस्ता प्रमाणपत्र हुनु आवश्यक छ भन्ने नै सोच्दैनन् । निर्वाचनस्थलमा सहयोगको आवश्यकता पर्ने वा पहुँचयुक्त सबारी साधन नभएका अपाङ्गता भएका व्यक्तिहरूलाई कहिले काहीँ परिवारका सदस्यहरूले पनि सहयोग गर्न अनिच्छा देखाउँछन् । उनीहरूका अधिकार बारेमा आम नागरिकलाई चेतना फैलाउनेखालका निर्वाचन शिक्षाले यस्ताखालका पूरातन सोचलाई हटाउन सक्छ ।

> “मैले मतदान गरिन किनकि मतदानस्थलमा गोली चलेको र यस्तो स्थानमा बहिरा व्यक्तिलाई झन खतरा हुनेभएकाले मेरो परिवारले मलाई मतदान गर्न जान दिन सहज महशुस गरेनन् ।”
>
> जानेरिस, अपाङ्गता भएका युवा महिला, डोमिनिकन रिपब्लिक

५० *Election Access for Persons with Disabilities in Vietnam*. Hanoi Independent Living Center. AGENDA. 2013.

## निर्वाचन सञ्चालन हुँदाको वातावरण

कुनै कुनै राष्ट्रमा राजनीतिक अधिकारका बारेमा बोल्दा सरकारले नै बदला लिनसक्ने डर हुन्छ । यस्ता अवस्था तथा सवाल बृहत् राजनीतिक अधिकारसँग सम्बन्धित हुन्छन् र विशेषगरी अपाङ्गता अधिकारसँग सम्वन्धित हुँदैनन् । अपाङ्गता अधिकारका कार्यक्रमहरू गर्दा निष्पक्षता कायम गर्नुपर्दछ तर मानव अधिकारको अवस्था चुनौतीपूर्ण भएका मुलुकहरूमा अन्तर्राष्ट्रिय दाताहरू र कार्यान्वयन गर्ने संस्थाहरूले साझेदार संस्था छनौट गर्दा अतिरिक्त समय उपलब्ध गराउनु पर्दछ ।

## अनिवार्य मतदान

केही राष्ट्रमा सबै नागरिकले अनिवार्य मतदान गर्नु पर्ने कानूनी व्यवस्था हुन्छ । यातायात, मतदानस्थल तथा सूचना पहुँचयुक्त नभएकाले, अनिवार्य मतदान गर्नु पर्ने व्यवस्था भएका राष्ट्रहरूले कहिले काहीँ अपाङ्गता भएका नागरिक र/वा जेष्ठ नागरिकहरूका हकमा यस्ता प्रावधान लागू नहुने गराउँछन् ।

सन् २०११ मा पेरूको निर्वाचन व्यवस्थापन निकायले २० हजार भन्दा बढी बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको नाम मतदाता नामावलीबाट हटायो। अपाङ्गताका कारण उनीहरूले मतदान गर्दैनन् भन्ने निर्वाचन व्यवस्थापन निकायले अनुमान गऱ्यो । मतदाता नामावलीबाट हटाउँदा मतदान नगरेका कारण उनीहरूले जरिवाना तिर्नु पर्दैन, जसले उनीहरूलाई नै सजिलो हुन्छ भन्ने निर्वाचन व्यवस्थापन निकायले विश्वास गऱ्यो । तथापि, यी सबै प्रक्रियामा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूसँग परामर्श गरिएन र यस नीतिलाई सार्वजनिक गरिएन । परिणामस्वरूप, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो नाम नामावलीबाट हटेका कारण मतदान गर्न नपाएको थाहा पाउन निर्वाचनको दिन मतदानस्थलसम्म जानुपऱ्यो र त्यसदिन मतदाताहरूको उपस्थितिमा बृद्धि भयो ।

सी.आर.पी.डी.का दायीत्वहरू पूरा गर्न नसक्ने निर्वाचन व्यवस्थापन निकायहरूले निर्वाचनस्थलमा जान नसक्ने अपाङ्गता भएका व्यक्ति र/वा जेष्ठ नागरिकहरूलाई अनिवार्य मतदान गर्नु पर्ने र जरिवाना तिर्नु पर्ने प्रावधानमा छूट दिनुपर्दछ । तथापि, जरिवाना तिर्नबाट छूट दिने त्यस्ता जुनसुकै नीतिलाई पनि निर्वाचन प्रक्रियालाई पहुँचयुक्त बनाउने अन्य तरिकाका रूपमा बुझ्नु हुँदैन । अपाङ्गता भएका व्यक्तिहरूका संस्था तथा अन्य नागरिक समाज सम्बद्ध कार्यकर्ताहरूले निर्वाचन व्यवस्थापन निकायले निर्वाचन प्रक्रियालाई पहुँचयुक्त बनाउन चालेका कदमहरूको नियमितरूपमा अनुगमन गर्नुपर्दछ र सबै नागरिकको समावेशीकरणका लागि वकालत गर्नुपर्दछ ।

## नेतृत्व

अपाङ्गता भएका व्यक्तिहरू विकास अनुदान कार्यक्रमको लाभान्वित वर्ग मात्र नभई त्यस्ता कार्यक्रमका सक्रिय सहभागी तथा नेतृत्वकर्ता पनि हुनुपर्दछ । निर्वाचन व्यवस्थापन निकाय, गैर सरकारी संस्थाहरू र राजनीतिक दलहरू लाई अपाङ्गता भएका व्यक्तिहरूलाई जागिरमा छनौट गर्नका लागि विश्वस्त बनाउन गाह्रो छ । कहिले काहीँ नेतृत्वदायी जिम्मेवारी लिनका लागि आवश्यक आत्मवल र ज्ञान भएका अपाङ्गता भएका व्यक्तिहरू खासगरी अपाङ्गता भएका महिलाहरू पाउन पनि गाह्रो छ । यस्ता चुनौतीहरू समाधान गर्न र सक्षम अपाङ्गता भएका अगुवाहरूको विकास गर्नका लागि



*कम्बोडियामा अपाङ्गता भएका र नभएका महिला नेतृत्व विकास तालिममा सहभागी हुँदै ।*

लोकतन्त्र, सुशासन र निर्वाचनका लागि स्रोत निर्माण[५१] (ब्रिज्) जस्ता नेतृत्व विकास तालिम कार्याक्रमहरूले सहयोग गर्न सक्छन् ।

### पहुँचयुक्त प्रविधि

विद्युतीय मतदानयन्त्र जस्ता निर्वाचन प्रविधिहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त निर्वाचन प्रक्रिया बनाउने तरिकाका रूपमा लिइन्छ । प्राविधिक समाधानको खोजी आफैँ गर्ने क्षमता नभएका देशलाई उच्च प्राविधिक सहयोग गर्नुभन्दा अगाडि निर्वाचन व्यवस्थापन निकायले प्राविधिक तथा यसको व्यवस्थापकिय पक्षमा विशेष ध्यान दिनु पर्दछ। यस्ता उदाहरणमा सामान्यखालका प्रविधिहरू जसका केही जोखिम भए पनि कसरी निर्वाचन प्रक्रियालाई पहुँचयुक्त बनाउन सक्छन् भनेर उल्लेख गरेका छन् । उदाहरणका लागि, अस्ट्रेलियामा पूर्ण दृष्टिविहीन वा न्यूनदृष्टि भएका व्यक्तिहरूले आफ्नो मोवाइलबाट पनि मतदान गर्न सक्छन् ।

अपाङ्गता भएका व्यक्तिहरूलाई  निर्वाचन प्रक्रिया पहुँचयुक्त बनाउने अर्को एउटा समाधानको रूपमा विद्युतीय मतदान लाई पनि लिइन्छ । इस्टोनिया जस्ता केही युरोपेली देशले विद्युतीय मतदानलाई मान्यता दिएका छन् र यो प्रक्रिया अझ बढी पहुँचयुक्त भएको दाबी गरेका छन् । तथापि, विद्युतीय मतदानका लागि पहिला त यसको प्रणालीमा विश्वास गर्नुपर्दछ । भने त्यसको साथै उच्च प्राविधिक ज्ञान तथा स्रोत र क्षमता पनि चाहिन्छ, जुन धेरै देशमा उपलब्ध नहुन पनि सक्छ ।

### अनुगमन र मूल्याङ्कन

कार्यक्रमको विस्तृत विवरण बनाउँदा वा प्रस्तावना आहवान गर्दा दाताहरूले अपाङ्गताका आधारमा कार्यक्रमका सूचकहरू पनि प्रष्ट रूपमा उल्लेख गर्नु पर्दछ । अपाङ्गता समावेशीकरण सम्बन्धी विवरणात्मक वा गुणात्मक तथयांक पनि संकलन गरिएको हुनुपर्दछ।

अपाङ्गता समावेशीकरणाको अनुगमन र मूल्यांकन कार्यक्रम बनाउनु अलि असजिलो हुन पनि सक्छ । माथि उल्लेख गरिए जस्तै अपाङ्गताको परिभाषा राष्ट्र अनुसार फरक फरकखालका छन् । कार्यक्रम गर्ने राष्ट्र, कार्यान्वयन गर्ने साझेदारको राष्ट्र, दाताको राष्ट्र र विश्व स्वास्थ्य संगठनले गरेका विभिन्न चार प्रकारका परिभाषा प्रयोग गर्न सकिन्छ । अपाङ्गताको सर्वस्वीकृत साझा परिभाषाको विश्वव्यापी अभावले अपाङ्गता सम्बन्धी सूचनाहरूको तुलना गर्न असमानता ल्याएको छ ।

दाताहरूका प्रायजसो अपाङ्गता सम्बन्धी कार्यक्रम सूचकहरू हुँदैनन् र त्यसैले केही कार्यान्वयन साझेदार संस्थाहरूले आफ्नै सूचकहरू बनाउछन् । यसो गर्दा परियोजनालाई त उपयोगी हुन्छ तर यसल दाता तथा कार्यान्वयनकर्ता साझेदारहरूलाई सबै कार्यक्रमहरूको प्रभावलाई एकत्रित गर्न झन् असजिलो बनाउँछ ।

#### सूचकहरूका उदाहरण

अपाङ्गता भएका समुदायलाई सहयोग गर्ने यूएसएआईडीका कार्यक्रमहरूलाई यसका लक्ष्यहरूका आधारमा बनाइएका उद्देश्य, परिणाम र उपलब्धि सूचकहरू आवश्यक पर्दछ । यूएसएआईडीका आफ्नै सूचकहरूलाई वाह्य सहयोग सूचकहरूका मापदण्ड वा एफ–ईन्डिकेटर्स भनिन्छ । आईएफईएसको लिवियामा भएको परियोजनाको उदाहरण तल उल्लेख गरिएको छ ।

**उद्देश्यः** लिवियाको संक्रमणकालीन राजनीतिक  प्रक्रियाका बारेमा उच्चस्तरको नागरिक बुझाइले गर्दा बहिष्करणमा पारिएका र न्यून प्रतिनिधित्व भएका समूहरूको नागरिक सहभागीता वृद्धि भएको हुनेछ ।

**अल्पकालीन परिणामः** निर्वाचन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुऱ्याउनका लागि उनीहरूका प्रमुख सवाल, आवश्यकता र अवरोधहरूका बारेमा निर्वाचन व्यवस्थापन निकाय र निर्वाचन सरोकार वालाहरूको चेतनास्तरमा सुधार हुनेछ ।

**परिणाम सूचक (आईएफईएसले संशोधन गरेको)** : अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताहरूलाई सम्बोधन गर्न मतदान प्रक्रियामा गर्नु पर्ने आवश्यक सुधारहरूका लागि निर्वाचन व्यवस्थापन निकाय र निर्वाचन सरोकारवालाहरूलाई गरिएका सिफारिशहरूको संख्या ।

**परिणाम सूचक (एफ–ईन्डिकेटर्स)** : वकालत सम्बन्धी कार्यमा संलग्न संयुक्त राज्यबाट सहायता प्राप्त नागरिक समाजका संस्थाहरूको संख्या ।

५१ Building Resources in Democracy, Governance and Elections. <http://bridge-project.org/>.

नियमित अनुगमन र मूल्यांकनबाहेक पनि दाताहरूले कार्यक्रमको प्रभावको लेखाजोखा गर्न प्रोत्साहित गर्नुपर्दछ। यस्ता लेखाजोखाले अपाङ्गता सम्बन्धी कार्यक्रमहरूको प्रभावको निक्यौल गर्दछ । यस्ता दाता निकायहरूले अपाङ्गता सम्बन्धी कार्यक्रमहरूले समाजमा पारेको वृहत प्रभावहरू जस्तै सामाजिक धारणामा आएको कुनै परिवर्तनहरू, अपाङ्गता भएका व्यक्तिहरू प्रति सरकारको उदारपना वा खुला राजनीतिक प्रक्रिया आदिको निक्यौल गर्न पनि सहयोग गर्दछन् ।

## सिकाइहरूको आदानप्रदान

सीआरपीडीको धारा ३२ ले अनुभवहरू र राम्रा प्रयासहरू सम्बन्धी सूचनाहरूको एक आपसमा साटासाट गरी अन्तर्राष्ट्रिय सहकार्य गर्नको लागि आहवान गर्दछ । यस प्रावधानले अन्तर्राष्ट्रिय सहयता कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त तथा समावेशी भएको र सिकाइहरू संकलन तथा वितरण गरिएको सुनिश्चित गर्दछ । समावेशी निर्वाचन तथा राजनीतिक कार्यक्रमहरूका राम्रा अभ्यासहरू विश्वभरि नै देखिएका भए पनि प्रायजसो अपाङ्गता भएका व्यक्तिका संस्थाहरू र सरकारी निकायहरूले अझै पनि आधारभूत कार्यहरूमात्रै गरिरहेका छन् । यस अभावको परिपूर्तिका लागि आईएफइएसको वेबसाईट (ElectionAccess.org)[५२] ले अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त वकालत र शिक्षा सामग्रीका रूप विश्वभरि नै सेवा पुऱ्याएको छ । यो वेबसाइटले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागीता सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरूका बारेमा विशेष जानकारीहरू दिन्छ र स्पर्श संचार निर्देशिका जस्ता समावेशी मतदाता शिक्षा तथा सहयोग सामग्रीका उदाहरणहरू महत्वका साथ उल्लेख गर्दछ ।

५२ www.ElectionAccess.org . इन्टरनेशनल फाउण्डेशन फर इलेक्टोरल सिस्टम्स । <http://www.ElectionAccess.org/>.




डोमीनीकन रिपब्लिकमा एक विद्यार्थी निर्वाचन पर्यवेक्षक हुनका लागि तालिममा सहभागी हुँदै ।




डोमीनीकन रिपब्लिकमा मतदाता नामावलीमा आफ्नो
विवरण रूजू गर्दै एक मतदाता

# परिच्छेद ६ : डोमीनीकन रिपब्लिकको अवस्था-अध्ययन

**प्रमुख सरोकारवालाहरू :**

- अपाङ्गता भएका व्यक्तिका संस्थाहरू
- निर्वाचन व्यवस्थापन निकायहरू
- आई.एफ.ई.एस.
- राष्ट्रिय निर्वाचन अनुगमन समूहहरू
- राजनीतिक दलहरू र उम्मेदवारहरू
- अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय परिषद्

**समिक्षा**

विश्व स्वास्थ्य संगठनका अनुसार डोमीनिकन रिपब्लिकमा १५ लाखभन्दा बढी अपाङ्गता भएका व्यक्ति छन् । उनीहरूलाई निर्वाचन र राजनीतिक प्रक्रियामा विरलै सहभागी गराइन्छ । आई.एफ.ई.एस. ले आफ्नो साझेदार अपाङ्गता भएका व्यक्तिहरूको संस्था ला रेडसँग मिलेर अपाङ्गता भएका डोमिनिकनहरूको राजनीतिक अधिकारहरूका बारेमा सचेतना जगाउने कार्य गरेको थियो । यस कार्यक्रमले विभिन्नखालका सरोकारवालाहरू (अपाङ्गता भएका व्यक्तिहरूसहित निर्वाचन व्यवस्थापन निकाय, राजनीतिक दलहरू र उम्मेदवारहरू) सँग मिलेर त्यस्ता सवाललाई सम्बोधन गर्ने कार्य गऱ्यो र डोमिनिकन रिपब्लिकले सन् २००९ मा अनुमोदन गरेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिमा व्यक्त गरेका प्रतिवद्धताहरूलाई थप प्रकास पारेको छ ।

आई.एफ.ई.एस. र ला रेडले सन् २०१२ को राष्ट्रपतीय निर्वाचन अगाडि र पछि पनि अपाङ्गता भएका डोमिनिकन नागरिकको मतदान तथा राजनीतिक जीवनमा अझै धेरै संलग्नता बढाउन २ वर्षे परियोजनामार्फत् काम गऱ्यो । यो घटना अध्ययनमा नागरिक समाज, सरकार र राजनीतिक दलहरूको सहकार्यमार्फत भएका सकारात्मक प्रभावहरूका बारेमा उल्लेख गरिएको छ ।

> “ हामीले धेरै अपाङ्गता भएका व्यक्ति उम्मेदवार भएको तथा मतदाता भएको देख्न पाउनेछौँ भन्ने कुरामा म विश्वस्त छु किनभने यो हाम्रो देशको राजनीतिक गन्तव्य हो । अहिले हामीले गरेका कामले गर्दा अरू धेरै नागरिकहरूले राजनीतिक प्रक्रियामा भाग लिन पाउने आधार तयार हुने छ भन्ने मलाई लाग्छ । ”
>
> क्रिस्टिना फ्रान्सिस्को, संस्थापक, फाउन्डर अफ सर्कल अफ वुमेन विथ डिसअबिलिटिज, डोमीनीकन रिपब्लिक

**परियोजनाले अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन र राजनीतिक जीवनमा कसरी संलग्न गरायो ?**

*व्यवस्थापन* – परियोजनाको व्यवस्थापनका लागि आई.एफ.ई.एस. ले अपाङ्गता भएका महिलाहरूलाई छनौट गऱ्यो र अपाङ्गता भएका व्यक्तिका स्थानीय संस्थाहरूलाई अनुदान उपलब्ध गरायो, जसका कारण सबै महिलाको समूहले परियो जनाको नेतृत्व  गर्न पाए । परियोजनाका सम्पूर्ण क्रियाकलापको तयारी यसै समूहसँगको सहकार्यमा भयो ।

*आपसी सम्झौता* – आई.एफ.ई.एस. ले जुन्टा सेन्ट्रल ईलेक्टोरल र १८ वटा स्थानीय अपाङ्गता भएका व्यक्तिका संस्थाबीच आपसी समझदारी गर्न सहजीकरण गर्‍यो । जुन्टा सेन्ट्रल ईलेक्टोरलको अपाङ्गता भएका व्यक्तिका संस्थाहरूसँग अहिलेसम्मकै पहिलो सम्झौता थियो । यसले निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागीता र पहुँच बृद्धि गर्न यी संस्थाबीच आपसी सहकार्य बढाएको छ ।

> “म यो काम गर्न विशेषगरी इच्छुक थिए किनकि यसले निर्वाचन पर्यवेक्षणमा अपाङ्गता भएका व्यक्तिहरूले भोग्नु पर्ने अवरोधहरूका बारेमा उजागर गरेको छ ।”
>
> मारिया डेल कार्मन ग्वेरेरो जर्मन, निर्वाचन पर्यवेक्षणका लागि तालिम प्राप्त २३ वर्षिया विद्यार्थी, डोमीनीकन रिपब्लिक

*राजनीतिक अधिकार सम्बन्धी तालिम* – आई.एफ.ई.एस. र ला रेडले निर्वाचन प्रक्रिया र मतदानको महत्व विषयमा क्षेत्रीय तथा नगरस्तरीय कार्यशालाहरू सञ्चालन गर्‍यो । यी कार्यशालामा २,२७९ जना अपाङ्गता भएका व्यक्ति सहभागी भए । २२ जना नगरस्तरीय अपाङ्गता भएका व्यक्तिका संस्थाका अगुवाले सहजकर्ताको रूपमा अपाङ्गता भएका व्यक्तिहरूका निर्वाचन सम्बन्धी अधिकारहरूका बारेमा जनचेतना जगाउन तालिम प्रदान गरे । यसका साचै, १००० प्रति पोष्टर र मतदाता शिक्षा सम्बन्धी पर्चामार्फत् पनि जनचेतना जगाउने कार्य भयो ।

*राजनीतिक मंच* – १८ वटा स्थानीय अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले पहुँचयुक्त संरचना र समावेशी शिक्षालगायतका महत्वपूर्ण सवालहरूका बारेमा राजनीतिक मंचमा छलफल गर्न एउटा कार्यदल गठन गरे। चार दलका राष्ट्रपतिका उम्मेदवार सहभागी भएको एउटा कार्यक्रममा यस मंचका बारेमा प्रस्तुत गरियो । सबै उम्मेदवारले आफूले निर्वाचन जितेमा यस मंचले उल्लेख गरेका प्रावधानहरूको कार्यान्वयन गर्ने प्रतिवद्धता सहित हस्ताक्षर गरे । निर्वाचनमा जितेका उम्मेदवारको सरकारले उक्त दस्तावेजका सिफारिशहरूलाई कार्यान्वयन गरेका छन् । यस्तो कार्यान्वयन भएका कार्यहरूमा अपाङ्गता सम्बन्धी राष्ट्रिय कानून, सडकपेटीमा कर्व र्‍याम्पको निर्माण र देशका लागि साक्षरता कार्ययोजनाहरू पर्दछन् ।

*मतदाता दर्ता* – जे.सी.ई (जुन्टा सेन्ट्रल ईलेक्टोरल) को “भेरिफिकेट” अभियानमा ६ जना अपाङ्गता भएका महिलालाई नेतृत्वदायी भूमिकामा समावेश गर्न आई.एफ.ई.एस. र ला रेडले जे.सी.ई सँग सहकार्य गरे, जसले आम नागरिकहरूलाई आफ्नो मतदाता दर्ता र मतदानस्थल सम्बन्धी विवरणहरू ठीक भए नभएको जाँच्न आहवान गर्‍यो ।




*मतदान सम्बन्धी जानकारी भएका पोष्टर तथा पर्चाहरू विश्वविद्यालय, पुनःस्थापन केन्द्र र सामुदायिक केन्द्रहरू लगायत देशभरि नै वितरण गरिएको थियो ।*




*निर्वाचनका दिन मतदानस्थलको रूपमा प्रयोग गरिएको बास्केटवलको मैदानमा मतदाताहरू प्रवेश गर्दै ।*

यस अभियानले धेरैभन्दा धेरै अपाङ्गता भएका व्यक्तिहरूलाई जानकारी दिन आई.एफ.ई.एस.ले डोमिनिकन एसोसियसन अफ रिहाविलिटेसन भन्ने संस्थालाई भेरिफिकेट अभियानका क्रियाकलापहरू सञ्चालन गर्ने मुख्य जिम्मेवारी दियो । यसको परिणाम स्वरूप १००० भन्दा बढी अपाङ्गता भएका व्यक्तिले आफ्नो मतदाता सम्बन्धी विवरणहरूको प्रमाणीकरण गर्ने मौका पाए ।

*मतदान कर्मचारीको तालिम* – ला रेड र राष्ट्रिय अपाङ्गता परिषदसँगको सहकार्यमा जे.सी.ई ले १५४ जना अधिकारी लाई अपाङ्गता भएका व्यक्तिहरूका लागि कसरी मतदान सञ्चालन गर्ने भनी प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्न सहयोग गऱ्यो। यस प्रशिक्षणमा आधारभूत सांकेतिक भाषाको सत्रलगायत विविधखालका विशेष प्राविधक सिपहरू पनि समावेश गरिएको थियो। त्यसपछिका नगरपालिकास्तरीय निर्वाचनमा ती प्रशिक्षक अधिकारीहरूले निर्वाचनमा खटिने कर्मचारीहरूलाई पुनः तालिम प्रदान गरे । निर्वाचनमा खटिने कर्मचारीहरूले मतदानको दिनमा प्रयोग गर्नका लागि एउटा पर्चा पनि बनाइएको थियो ।

*निर्वाचन शिक्षा* – जे.सी.ई. लाई अपाङ्गता भएका व्यक्तिहरूलाई केन्द्रित गरी टेलिभिजन सूचनाहरू[५३] उत्पादन गर्न आई.एफ.ई.एस. ले सहयोग गऱ्यो । निर्वाचन व्यवस्थापन निकायले पहिलोपटक यस्ता दृश्य सामग्रीहरूमा सांकेतिक भाषाको पनि प्रयोग गऱ्यो । यस्ता मतदाता शिक्षा सामग्रीहरूलाई एकै साथ ८ वटा फरक फरक टेलिभिजन र जे.सी.ई., राष्ट्रिय अपाङ्गता परिषद् र राष्ट्रपतिका उम्मेदवारहरूको वेवसाइटमा पनि वृहतरूपमा प्रचार प्रसार गरिएको थियो । निर्वाचनको अघिल्लो दिनसम्ममा यो भिडियो जे.सी.ई.को वेवसाइटमा सबै भन्दा बढी हेरिएको भिडियो थियो । वास्तवमा, जे.सी.ई.ले आफ्ना सबै संस्थागत आधिकारिक भिडियोहरू तथा टेलिभिजनहरूमा प्रसारण गरिएका कार्यक्रमहरूमा पहिलोपटक सांकेतिक भाषा प्रयोग गरेको थियो ।

*निर्वाचन पर्यवेक्षण* – निर्वाचनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सम्बन्धी ७ वटा प्रश्नावलीलाई निर्वाचन पर्यवेक्षणको प्रश्नावली सूचीमा संलग्न गराई आई.एफ.ई.एस.ले निर्वाचन पर्यवेक्षणमा अपाङ्गता मूलप्रवाहीकरणको कार्य शुरू गऱ्यो । आई.एफ.ई.एस.ले पार्टिसिपेसन सिइयुडाडाना (पि.सि) नामक राष्ट्रिय निर्वाचन पर्यवेक्षण समूह संग


५३ "Tu derecho a elegir!" YouTube. Junta Central Electoral, May 12, 2012. <http://www.youtube.com/watch?feature=player_embedded&v=ZojfAqP8K_U>.

ति प्रश्नहरु उनीहरूको पर्यवेक्षण प्रश्नावलीहरूमा समावेश गर्नका लागि सहकार्य गर्‍यो । उक्त संस्थाले देशभरि ३००० पर्यवेक्षक परिचालन गराएको थियो ।

*निर्वाचन पहुँच अनुगमन* – आई.एफ.ई.एस.ले २२ जना अपाङ्गता भएका व्यक्तिलाई निर्वाचन पहुँच पर्यवेक्षकका रूपमा कार्य गर्न तालिम प्रदान गर्‍यो जसमध्ये धेरैजसो अपाङ्गता भएका युवा महिला थिए । तालिममा पर्यवेक्षकहरूले अपाङ्गता भएका व्यक्तिहरूका निर्वाचनमा पहुँच सम्बन्धी सवालमा केन्द्रित भएको एउटा प्रश्नावलीको सूचीलाई कसरी प्रयोग गर्ने भन्नेबारेमा सिकेका थिए । मतदानको दिन निर्वाचन पहुँच पर्यवेक्षकहरूलाई देशभरिका मतदास्थलमा खटाइएको थियो ।

*जे.सी.ई.लाई सिफारिश* – भविष्यमा हुने निर्वाचनहरूलाई कसरी अझ बढी पहुँचयुक्त बनाउने भन्नेबारेमा निर्वाचन पहुँच पर्यवेक्षण प्रतिवेदनले पत्ता लगाएका अवरोधहरूका आधारमा आई.एफ.ई.एस. र ला रेडले जे.सी.ई.का लागि सिफारिशहरू तयार पारे। जे.सी.ई.ले पनि निर्वाचन प्रक्रियामा कसरी सुधार गर्ने भनेर अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू र राष्ट्रिय अपाङ्गता परिषद्सँग सुझावहरू संकलन गर्‍यो ।

*निर्वाचन व्यवस्थापन निकायलाई तालिम* – जे.सी.ई. ले देशभरिका १५५ जना आफ्ना कर्मचारीलाई आई.एफ.ई.एस. र ला रेडले सञ्चालन गर्ने एक दिने निर्वाचनमा समावेशीकरण विषयक तालिममा पठाउने प्रतिवद्धता गर्‍यो । सबै क्षेत्रीय निर्वाचन कार्यलयले तालिमका सिकाइहरूलाई कार्यान्वयन गर्न कार्ययोजना पनि बनाए ।



*तालिमको अन्त्यमा, आफ्नो क्षेत्रको निर्वाचन प्रक्रियालाई पहुँचयुक्त बनाउने कार्ययोजना प्रस्तुत गर्दै जे.सी.ई. अधिकारीहरू ।*

*अपाङ्गता भएका युवाका लागि तालिम* – अपाङ्गता भएका युवा राजनीतिक जीवन तथा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूमा सक्रियता पूर्वक लागेका हुँदैनन् । यी युवामा सिप विकास गरी भविष्यका अगुवा बन्नका लागि सहयोग गर्न, आई.एफ.ई.एस. र ला रेडले देशका सबै प्रान्तबाट १६ जना अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका उदीयमान सदस्यहरूलाई नेतृत्व सिप विकास तालिम प्रदान गर्‍यो। सहभागीहरूका लागि यो पहिलो तालिम थियो, जस्ले उनीहरूको नेतृत्व तथा संचार सिप विकास गर्न सहयोग पुर्‍यायो । यो तालिमको परिणाम स्वरूप ८ जना अब्बल सहभागीले संचारका तरिकाहरू सम्बन्धी अतिरिक्त तालिम तथा व्यावहारिक सहयोग पाए । त्यसका कारण उनीहरूले अपाङ्गता भएका व्यक्तिहरूका अधिकार तथा नयाँ राष्ट्रिय अपाङ्गता सम्बन्धी कानूनका बारेमा आफ्नो समुदायका सदस्यहरूलाई व्याख्या गर्न सक्नेछन् ।

*सिकाईहरूको आदानप्रदान* – ला रेडले सरकार तथा नागरिक समाजका सरोकारवालाहरूसँग गरेका अन्तर्क्रियाहरूका आधारमा भएका सिकाईहरू सम्बन्धी पुस्तिका[५४] प्रकाशन गरेका छ । यस पुस्तिकालाई उनीहरूले अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू तथा सबै क्षेत्रका निर्वाचन व्यवस्थापन निकायहरूलाई पनि वितरण गरेका छन् ।

---

५४ *Project: "Right to Choose" Manual for Best Practices and Lessons Learned*. International Foundation for Electoral Systems. La Red Iberoamericana de Entidades de Personas con Discapacidad, May 12, 2012. <http://www.IFES.org/~/media/FBD32B2B184542CDA3D753431C4331C3.pdf>.

### चुनौती तथा सिकाइहरू
अपाङ्गता समुदाय विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू भएका समूह र नागरिक समाज एवं राष्ट्रिय अपाङ्गता परिषद् गरी २ तरिकाले बाँडिएका थिए । अपाङ्गता समुदायलाई राजनीतिक मंचमार्फत एकित्रत गर्दा उनीहरूका महत्वपूर्ण सवालहरूमा संगठित हुन सहयोग गऱ्यो र ती सवाललाई सरकारको राजनीतिक मुद्दा गराउन थप मद्दत पुऱ्यायो । यसको परिणामस्वरूप अपाङ्गता समुदायले राष्ट्रिय अपाङ्गता कानून स्वीकृत भएको र अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर तथा सामाजिक अवस्थामाा सुधार ल्याउन विशेषखालका व्यवस्थाहरू सहितको "अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक संरक्षण" सम्बन्धी कार्यक्रम सरकारले जारी गरेको आफैँ साक्षी बस्न पाए ।

- निर्वाचन तथा राजनीतिक प्रक्रिया सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्न सक्ने सक्षम कर्मचारी अपाङ्गता भएका व्यक्तिका संस्थाहरूमा अत्यन्त कम थिए ।
- निर्वाचन व्यवस्थापन निकायहरू तथा अन्य सरकारी अधिकारीहरू कसरी सी.आर.पी.डी ले उनीहरूको काममा प्रभाव पार्छ भनेर प्रायजसो जानकार छैनन् ।
- राजनीतिक दलहरूले अपाङ्गता भएका व्यक्तिहरूसँग भेटघाट त गरेका छन् तर उनीहरूलाई दलको नेता वा उम्मेदवार बनाउन अन्यन्त संकुचित भएका छन् ।
- सरकार र डोमिनिकन गणतन्त्रमा[५५] बसोबास गर्ने हैटि मुलका वासिन्दाबीचको तनावपूर्ण स्थितिका कारण मतदाता दर्ता जस्ता केही परियोजनाका क्रियाकलापलाई राजनीतिक रूपले संवेदनशील सवाल बनाई दियो ।

### प्रभावहरू
- अपाङ्गता भएका व्यक्तिका संस्थाहरू र जे.सी.ई.बीच भएको आपसी समझदारीले अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा पहुँच सम्बन्धी सवालहरूका बारेमा छलफल गर्न सकिने एउटा मंचको स्थापना गरिदियो ।
- जे.सी.ई.का हरेक टेलिभिजन कार्यक्रमहरूमा पहिलो पटक सांकेतिक भाषा प्रयोग गरेका कारण सुनाई सम्बन्धी अपाङ्गता भएका डोमिनिकनहरूले निर्वाचन प्रक्रियाको बारेमा सिक्न सक्षम भए ।
- देशैभिरका राष्ट्रिय पर्यवेक्षकहरूको पर्यवेक्षण प्रश्नावलीमा अपाङ्गता केन्द्रित प्रश्नहरू पनि समावेश भएको थियो ।
- राष्ट्रिय अपाङ्गता कानून फेब्रुअरी २०१३ मा स्वीकृत भयो । यस परियोजनाले विकास गरेका तथा सञ्चालन गरेका राजनीतिक मंचहरूले यो कानून स्वीकृत गराउन योगदान पुऱ्याएको थियो । डोमिनिकन गणतन्त्रले सी.आर.पी.डी मा व्यक्त गरेका प्रतिबद्धता अनुरूप यो नयाँ कानून बनेको छ तथा क्षेत्रीय तथा प्रान्तीय कार्यालयहरू स्थापना गरेर राष्ट्रिय अपाङ्गता परिषद्को संस्थागत सबलीकरण पनि गरेको छ ।
- हाल जे.सी.ई.मा अपाङ्गता समावेशीकरणाका लागि अपाङ्गता सम्पर्क व्यक्तिको पनि स्थापना भएको छ ।

५५ "Dominican Republic Overview." World Directory of Minorities and Indigenous Peoples. Minority Rights Group International. <http://www.minorityrights.org/2565/dominican-republic/dominican-republic-overview.html>.

## सिफारिशहरू

परियोजनाका क्रियाकलापहरू सफल हुनुमा परियोजना कार्यान्वयनकर्ताहरूले निम्न पक्षहरूको प्रमुख योगदान भएको पत्ता लगाएका छन् ।

- परियोजनाको निर्माण तथा कार्यान्वयनको प्रक्रियामा विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिलाई समावेश गराउने ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई नेतृत्वदायी पदहरू जस्तैः परियोजना व्यवस्थापक, निर्वाचन पर्यवेक्षक, अस्थायी निर्वाचन व्यवस्थापन निकायका कर्मचारी तथा प्रशिक्षक आदिमा छनौट गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू, निर्वाचन व्यवस्थापन निकाय, राजनीतिक दल र निर्वाचन पर्यवेक्षण समूहहरू बीच साझेदारी स्थापना गर्ने ।
- सरकारी अधिकारीहरू तथा नागरिक समाजलाई अझ बढी समावेशी हुने विशेष तरिकाहरूका बारेमा मार्गनिर्देश गर्ने ।
- अपाङ्गता समावेशीकरण र पहुँचयुक्तताका लागि वकालत गर्ने इच्छाशक्ति तथा राजनीतिक प्रभाव पार्न सक्ने खालको निर्वाचन व्यवस्थापन निकायका कर्मचारी पत्ता लगाउने ।



*मतदानका लागि प्लान्टिलाको प्रयोग गरिसकेपछि*
*मतदान गर्दै एक मतदाता*



मतदानका दिन फिलिपिन्सका एक मतदाता ।

# अनुसूचीः निर्वाचन पहुँच सम्बन्धी प्रमुख उपलब्धीहरू

तलका विवरण अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक जीवनमा सहभागीता सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय समयावधिहरूबाट साभार गरिएका हुन् । पूर्ण पाठका लागि कृपया तल उल्लेखित लिंकमा हेर्नुहोला ।

**डिसेम्बर १९४८ – मानव अधिकारको विश्वव्यापी घोषणापत्र[५६] – धारा २१**

१. प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्ररूपले छानिएका प्रतिनिधिहरू मार्फत आफ्नो देशको सरकारमा भाग लिन पाउने अधिकार छ ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा समान पहुँच पाउने अधिकार छ ।

३. जनताको इच्छा नै सरकारको अख्तियारीको आधार हुनेछ । यो इच्छा विश्वव्यापी र समान मताधिकारद्वारा हुने आवधिक र निष्पक्ष निर्वाचनहरूद्वारा अभिव्यक्त गरिनेछ र यस्तो निर्वाचन गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रक्रियाहरूबाट सम्पन्न हुनेछ ।

**मार्च १९७६ – नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र[५७] – धारा २५**

प्रत्येक नागरिकलाई धारा २ मा उल्लेख गरिएका कुनै पनि भेदभावविना तथा अनुचित प्रतिवन्धहरू विना देहायका कुराको अधिकार तथा अवसर प्राप्त हुनेछः

(क) प्रत्यक्षरूपमा वा स्वतन्त्ररूपमा छानिएका प्रतिनिधिहरूमार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने,

ख) सर्वव्यापी तथा समान मताधिकारबाट र गोप्य मतदानबाट मतदाताहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने स्वच्छ आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने,

(ग) आफ्नो देशमा समानताका सामान्य शर्तहरूमा सार्वजनिक सेवामा पहुँच प्राप्त गर्ने ।

अनुसूची

५६ "The Universal Declaration of Human Rights." United Nations. <http://www.un.org/en/documents/udhr/>.

५७ United Nations Human Rights, "International Covenant on Civil and Political Rights." <http://www.ohchr.org/en/professionalinterest/pages/ccpr.aspx>.

**सेप्टेम्बर २००१ – अपाङ्गता भएका व्यक्तिहरूविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी अन्तर अमेरिकी महासन्धि[५८] – धारा ३**
यस महासन्धिको उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरूलेदेहाय बमोजिमका कार्यहरू गर्ने कबुल गर्दछन् :

१. अपाङ्गता भएका व्यक्तिहरूविरूद्ध हुने भेदभाव निर्मूल गर्न कुनै पनि कानूनी, सामाजिक, शैक्षिक, श्रम सम्बन्धी वा अन्य कुनै पनि उपयाहरू अवलम्बन गर्न र समाजमा उनीहरूको पूर्ण समायोजन हुन तथा प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्रतापूर्वक चुनिएका प्रतिनिधिहरू मार्फत आफ्नो देशको सरकारमा भाग लिने अधिकार छ ।

क) विभेदलाई विस्तारै निर्मूल गर्न तथा सरकारी निकाय र/वा निजी क्षेत्रले प्रदान गर्ने वस्तु वा सामग्री, सेवा, कार्यक्रमहरू र रोजगारी, यातायात, संचार, आवास, मनोरञ्जन, शिक्षा, खेलकुद, कानूनको कार्यान्वयन र न्याय सम्बन्धी गतिविधिहरू र राजनीतिक तथा प्रशासनिक जस्ता क्रियाकलापहरूमा उनीहरूलाई समायोजन गर्न आवश्यक उपयाहरू अवलम्बन गर्ने ।

**मे २००८ – अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि[५९] – धारा २९**
पक्ष राष्ट्रहरूले अन्य व्यक्तिहरूसरह अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक अधिकार तथा त्यस्ता अधिकारहरूको उपभोग गर्ने अवसरको प्रत्याभूति दिने छन् र देहायका अनुसार गर्न कबुल गर्ने छन् :

(क) अन्यव्यक्ति सरह अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने तथा निर्वाचित हुनेलगायत प्रत्यक्ष वा स्वतन्त्ररूपमा चुनिएका प्रतिनिधिहरूमार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवं पूर्णरूपमा सहभागी हुनसकेको भनी अरू कुराका अतिरिक्त देहायका कुराहरूबाट सुनिश्चित गर्ने :

(अ) मतदान प्रक्रिया, सुविधा, मतदानमा प्रयोग भएका सुविधा तथा सामग्रीहरू उपयुक्त छन् तथा पहुँचयोग्य, बुझ्न एवं प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने,

(आ) अपाङ्गता भएका व्यक्तिहरूले भयमुक्त वातावरणमा निर्वाचन र सार्वजनिक जनमत संग्रहरूमा गोप्य मतदान प्रक्रियाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवार हुने, सरकारका सबै तहहरू र सार्वजनिक कार्यहरूमा पदधारण गर्न र कार्य सम्पादन गर्न पाउने अधिकारको संरक्षण गर्ने तथा उपयुक्त भएको अवस्थामा सहयोगात्मक र नयाँ प्रविधिहरूको प्रयोगलाई सहज बनाउने,

(इ) अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाताको रूपमा आफ्नो इच्छा स्वतन्त्ररूपमा अभिव्यक्त गर्नसक्ने अधिकार प्रत्याभूत गर्न तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरूको अनुरोधमा मतदान गर्न उनीहरूले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने ।

(ख) अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरूसरह समान आधारमा विनाभेदभाव सार्वजनिक क्रियाकलापहरूको सञ्चालनमा प्रभावकारी तथा पूर्णरूपमा सहभागी हुनसक्ने वातावरणको सक्रियरूपले प्रवर्द्धन गर्ने तथा देहायका कुराहरू लगायत सार्वजनिक क्रियाकलापहरूमा उनीहरूको सहभागीतालाई प्रोत्साहित गर्ने :

(अ) मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी संघ/संस्थाहरूमा तथा राजनीतिकदलहरूका गतिविधि र सञ्चालनमा सहभागीता,

(आ) अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्न अपाङ्गता भएका व्यक्तिहरूको संगठन खोल्ने र त्यस्तो संगठनको सदस्य बन्ने ।

---

५८ "Inter-American Convention on the Elimination of All Forms of Discrimination against Persons with Disabilities." Organization of American States. <http://www.oas.org/juridico/english/sigs/a-65.html>.

५९ *The Convention on the Rights of Persons with Disabilities and Optional Protocol*. International Foundation for Electoral Systems, 2012. <http://www.IFES.org/~/media/Files/Publications/Books/2012/CRPD Final.pdf>.

## मे २०१० – मानव अधिकार सम्बन्धी युरोपेली अदालत – किसंविरुद्ध हंगेरी[६०]

(ख) समानुपातिकताको सिद्धान्त

३९. यो अदालत के टिप्पणी गर्दछ भने प्रश्नमा रहेको प्रतिबन्धले पूर्ण अभिभावकत्वमा रहेका र आंशिक अभिभावकत्वमा रहेकाहरू (माथि अनुच्छेद ११ हेर्नुहोस्) का बीचमा कुनै फरक गरेको छैन र अभिभावकत्व समाप्त भएपछि सो प्रतिबन्धलाई पनि हटाइने छ (माथि अनुच्छेद २७ मा सरकारको भनाई हेर्नुहोस्, जसका सम्बन्धमा निवेदकले पनि विवाद गर्नुभएको छैन) । तथापि, यसले अभिभावकत्वमा रहेका कारण मतदान गर्न नपाउने भनी मतदान गर्ने उमेरका ०.७५ प्रतिशत हंगेरियन जनताका विरूद्ध भेदभाव गरेको छ भन्ने माथि अनुच्छेद २९ मा निवेदकले लिएको दावी, जसलाई सरकारले अस्वीकार गरेको छैन, का सम्बन्धमा विचार गरेको छ । यसरी प्रतिबन्ध लगाइएको संख्यालाई महत्वपूण संख्याको रूपमा लिइएको छ र यसले नगन्यमात्रामा प्रभाव पार्दछ भनेर दावी गर्न सकिदैन ।

४०. आफ्नो निर्णयको परिणामको लेखाजोखा गर्न सक्ने र विवेकपूर्ण निर्णय गर्न सक्ने क्षमता भएका व्यक्तिलाई मात्र सार्वजनिक जीवनमा सहभागी हुनसक्ने नियमहरू बनाउनका लागि संसद्लाई कानून बनाउन दिइनु पर्छ भनी युरोपेली संघको सदस्य राष्ट्रले आफ्नो सन्दर्भ हेरी कानून बनाउन पाउने सिद्धान्तका आधारमा सरकारले तर्क गरेको छ ।

४१. अदालत यो कुरा स्वीकार गर्दछ कि मतदान गर्ने अधिकारमा सिमितता ल्याउने सवाललाई आधुनिक समयमा तर्कसंगत गराउन सकिन्छ वा सकिँदैन र सकिन्छ भने कसरी उचित सन्तुलन कायम गर्न सकिन्छ भन्ने विषयमा राष्ट्रिय सरकारलाई आफ्नो सन्दर्भ हेरी कानून बनाउन पाउने सिद्धान्तका आधारमा निर्णय लिन फराकिलो अधिकार दिनु पर्दछ । विशेषगरी, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू मतदान गर्नका लागि योग्य भए नभएको जाँच गर्नका लागि कस्तो नियम बनाउने भन्ने कुराको निर्णय गर्ने काम संसद्को हुनुपर्दछ । अदालत यो मान्दछ कि अहिलेसम्म त्यस्ता अप्रत्यक्ष चासोहरूको लेखाजोखा गर्ने वा कित प्रतिबन्धित गर्ने भन्ने अनुपातको लेखाजोखा पनि अहिलेसम्म हंगेरियन संसद्ले गरेको छैन ।

४२. तर आंशिक अभिभाकत्वमा रहेका व्यक्तिहरूको दिमागको अवस्था जे जस्तो भए तापनि आफ्नो सन्दर्भ हेरी कानून बनाउन पाउने सिद्धान्तका आधारमा तिनीहरूले मतदान गर्न नपाउने गरी पूर्ण प्रतिबन्ध लगाउने कुरालाई स्वीकार गर्न यो अदालत तयार छैन । वास्तवमा, यो अदालत आफ्नो सन्दर्भ हेरी कानून बनाउन पाउने सिद्धान्त फराकिलो भए तापनि यसका आधारमा सबै काम गर्न सकिन्छ भन्ने होइन भनी पुन: जोड दिन चाहन्छ (हर्स्टविरूद्ध संयुक्त अधिराज्य (२ नम्बर) (जी.सी), Op. cit., §८२) । यसका अतिरिक्त, मानसिक अपाङ्गता भएका व्यक्ति जस्ता समाजमा धेरैअगाडि देखि नै विभेद भोग्दै बहिस्करणमा परेका कमजोर समुदायका मानिसहरूलाई यस्ता मौलिक अधिकारहरूमा प्रतिबन्ध लगाइएमा सन्दर्भ हेरी कानून बनाउन पाउने सिद्धान्त अन्तर्गत राज्यको क्षेत्राधिकार धेरैमात्रामा साँघुरिँदै जान्छ र प्रतिबन्ध लगाउनुको समर्थनमा धेरै नै बलिया कारणहरू रहेको हुनुपर्छ (उदाहरणका लागि हेर्नुहोस्: लैङ्गिकताका आधारमा भएको फरक व्यावहारका उदाहरणहरू – अब्दुल्लाजिज, काबालिस र बाल्कान्डलीविरूद्ध संयुक्त अधिराज्य, २८ मे १९८५, §७८, श्रेणी क नम्बर ९४, रेस – डि.एच. र अन्यविरूद्ध दि चेक रिपब्लिक (जी.सी) नम्बर ५७३२५/००, §१८२ ईसीएचआर २००७ – ...., वा यौनिक सचेतना – ई.बी. विरूद्ध फ्रान्स (जी.सी) नम्बर ४३५४६/०२, ९४, ईसिएचआर २००८– ....)। यस्ता समूहहरू प्रति ऐतिहासिकरूपमा नै पूर्वाग्रह राख्दा सामाजिक बहिस्करणमा परेकाले यो अवधारणा ल्याउनु परेको हो। यस्ता पूर्वाग्रह विधायकको पुरातनवादी सोच पनि हुनसक्छन् जसले व्यक्तिलाई आफ्नै क्षमताहरू र आवश्यकताहरूको मूल्यांकन गर्नबाट रोक्दछ (सी.एफ.स्टुकाटुरोभविरूद्ध रसिया, नम्बर ४४००९/०५, § ९५, २७ मार्च २००८) ।

---

६० "Participation of Persons with Disabilities in the ASEAN Community." Bali Declaration on the Enhancement of the Role and Participation of Persons with Disabilities in the ASEAN Community. Association of Southeast Asian Nations. <http://www.asean.org/archive/documents/19th summit/Bali_Declaration_on_Disabled_Person.pdf>.

४३. आंशिक अभिभाकत्वमा भएका व्यक्तिहरूलाई मतदान गर्न नपाउने गरी स्वनियन्त्रित र निरपेक्षरूपमा लगाइएको प्रतिबन्धका कारण यस मुद्दाका निवेदकले यस्तो व्यवस्थाबाट पीडित भएको दाबी गर्न सक्छ । अदालतले यो कुरा स्वेच्छिक आलेख नम्बर १ को धारा ३ को आवश्यकतासँग मिल्नेगरी मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई सिमित प्रतिवन्धहरू लगाइए पनि निवेदक अझै पनि मतदान गर्ने अधिकारबाट वञ्चित भएका हुनेछन् भनी अदालतले अनुमान गर्न सक्दैन (संयुक्त अधिराज्य (नम्बर २), Op. cit., §§ ४८ देखि ५२) ।

४४. वौद्धिक वा मनोसामाजिक अपाङ्गता भएका सबै व्यक्तिलाई एउटै वर्गमा राखी गरिने व्यवहार प्रश्नयोग्य वर्गीकरण हो र उनीहरूका अधिकारलाई सिमित पार्ने कामलाई विशेषरूपमा धेरै विचार गरेरमात्र राख्नुपर्दछ भन्ने यस अदालतको धारणा रहेको छ । यो पद्दति अन्य अन्तर्राष्ट्रिय कानूनका लिखतहरूमा पनि प्रतिविम्बित भएको छ, जसलाई माथि संकेत गरिएको छ (अनुच्छेद १४–१७) । तसर्थ, अदालत यो निस्कर्ष निकाल्द छ कि व्यक्तिगत न्यायिक मूल्यांकनविना र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई आंशिक अभिभावकत्व आवश्यक परेको भन्ने आधारमा जथाभावी तरिकाले मतदान अधिकारबाट बञ्चित गर्ने कुरालाई वैधानिक तरिकाले मतदान गर्न पाउने अधिकारबाट वञ्चित गरेको हो भनी मान्न मिल्दैन । त्यसकारण, उक्त व्यवस्थाबाट महासन्धिको स्वेच्छिक आलेख नम्बर १ को धारा ३ को उल्लंघन भएको छ ।

### नोभेम्बर २०११ – आसियान समुदायमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागीता तथा भूमिका अभिवृद्धि सम्बन्धी बाली घोषणपत्र[६१]

हामी, दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संघका सदस्य राष्ट्रहरू ब्रुनाई दारेसलाम, कम्बोडिया अधिराज्य, गणतन्त्र इन्डोनेसिया, जनवादीको लोकतान्त्रिक गणतन्त्र लाओ, मलेसिया, म्यान्मारको संघ, गणतन्त्र फिलिपिन्स, गणतन्त्र सिंगापुर, अधिराज्य थाइल्याण्ड र समाजबादी गणतन्त्र भियतनामका नागरिक तथा यसको प्रतिनिधित्व गर्ने राष्ट्रप्रमुख वा सरकारका प्रतिनिधिहरू यो घोषणा गर्दछौ कि :

७) अपाङ्गता भएका व्यक्तिहरूलाई स्थानीय तथा राष्ट्रियस्तरका नेता तथा संसद्को निर्वाचनहरूमा समान राजनीतिक सहभागीता तथा विकासका सबै पक्षहरूमा उनीहरूको सहभागीता बढाउन प्रोत्साहन गर्न ।

### नोभेम्बर २०११- अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागीता सम्बन्धी पक्ष राष्ट्रहरूका मन्त्रीस्तरीय समितिको युरोप सिफारिश परिषद् सी.एम/रेक(२०११) १४[६२]

२.४. मतदान प्रक्रियाहरू, मतपत्र र सुविधाहरू

सबै तहका निर्वाचनको अगाडि वा पछाडि तथा आम नागरिकहरूलाई सहभागी गराई सञ्चालन गरिने सार्वजनिक गतिविधिहरूमा पक्ष राष्ट्रहरूले पहुँचयुक्त नियम तथा प्रक्रियाहरूको महत्व र आवश्यकताका बारेमा पर्याप्त ध्यान पु¥याउनु पर्दछ । नागरिकलाई राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागी हुन उत्प्रेरित गर्नका लागि मतदान प्रक्रिया, मतपत्रहरू तथा यसका सुविधाहरू सम्बन्धी जानकारीहरूलाई पढ्न र बुझ्न सरल ढाँचा जस्ता पहुँचयुक्त ढाँचाका माध्ययमबाट वृहत रूपमा वितरण गर्नुपर्दछ ।

६१ "Participation of Persons with Disabilities in the ASEAN Community." Bali Declaration on the Enhancement of the Role and Participation of Persons with Disabilities in the ASEAN Community. Association of Southeast Asian Nations. <http://www.asean.org/archive/documents/19th summit/Bali_Declaration_on_Disabled_Person.pdf>.

६२ "Recommendation CM/Rec(2011)14 of the Committee of Ministers to Member States on the Participation of Persons with Disabilities in Political and Public Life." Council of Europe. <https://wcd.coe.int/ViewDoc.jsp?id=1871285&Site=CM>.

सर्वमान्य संरचनाका मापदण्ड तथा सिद्धान्तहरूले अपाङ्गता भएका व्यक्तिहरूको भौतिक वातावरण, सामान तथा सेवा, सूचना तथा संचार र खासगरी मतदान प्रक्रिया र मतपत्र आदिमा उनीहरूको पहुँच सम्बन्धी विद्यमान अवरोधहरूलाई हटाउन सहयोग गर्दछ र नयाँखालका त्यस्ता अवरोधहरू आउनबाट पनि रोक्दछ। एक्सन लाइन नम्बर ६ "वातावरणको निर्माण", नम्बर ७ "यातायात", नम्बर ३ "सूचना तथा संचार" मा उल्लेख गरिए अनुसारका उद्देश्य तथा विशेष कार्यहरू र महासन्धिका सम्बन्धित प्रावधानहरू खासगरी धारा ९ "पहुँचयुक्तता", धारा २१ "विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनामा पहुँच" र धारा १३ "न्यायमा पहुँच" जस्ता प्रावधानलाई माथि उल्लेख गरिए अनुसार अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण पहुँचयुक्तताका लागि मार्गदर्शक तरिकाहरूका रूपमा प्रयोग गर्नुपर्दछ।

३. कानूनी क्षमताको प्रयोग गर्दा हुने विभेद

युरोप अपाङ्गता कार्ययोजना २००६–२०१५ को एक्सन लाइन १२ मा उल्लेख गरिएको "कानूनी संरक्षण" सम्बन्धी व्यवस्थालाई र महासन्धिको सम्बन्धित धारा १२ "कानूनको अगाडि समान मान्यता" लाई ध्यानमा राख्दै राज्यका सबै कानूनहरूले अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागी हुन पाउने अधिकारको कुनै भेदभाव नगरेको पक्ष राष्ट्रहरूले सुनिश्चित गर्नुपर्दछ। यु.एन.सी.आर.पी.डी को धारा २९ तथा पक्ष राष्ट्रहरू भईसकेका अन्य अन्तर्राष्ट्रिय सम्बन्धित कानूनहरूले व्यवस्था गरे अनुसार त्यस्ता देशले जीवनका विभिन्न चरणमा आफ्नो कानूनी क्षमता प्रयोग गर्दा सहयोग चाहिने व्यक्तिहरू खासगरी मतदान गर्ने जस्ता विश्वव्यापी अधिकारको प्रयोग गर्दा उनीहरूलाई राज्यले आवश्यक सहयोग उपलब्ध गराउनु पर्दछ। अपाङ्गता भएका व्यक्तिहरूको मतदान गर्ने अधिकार वा निर्वाचनका पक्षमा बस्ने अधिकारबाट बञ्चित गर्ने प्रावधानहरू राज्यका सबै तहका कानूनहरूमा नभएको पक्ष राष्ट्रहरूले सुनिश्चित गर्नुपर्दछ।

शारीरिक, ज्ञानेन्द्रिय वा बौद्धिक अपाङ्गता भएका, मानसिकरूपमा अस्वस्थ वा दीर्घ रोगी जे भए पनि सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई अन्य नागरिकसरह नै मतदान गर्न पाउने अधिकार छ र व्यक्तिको समान कानूनी क्षमतालाई सिमित पार्ने कुनै पनि न्यायिक वा अन्य निर्णय वा व्यक्तिको अपाङ्गता, संज्ञानात्मक कार्यहरू, वा उनीहरूको ग्रहण गर्ने क्षमताका आधारमा बनाइएका कुनै पनि तरिकाहरूबाट उनीहरूको मतदान गर्न पाउने अधिकार लाई वञ्चित गर्नु हुँदैन। सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य नागरिकसरह निर्वाचनको पक्षमा उभिने अधिकार छ र व्यक्तिको समान कानूनी क्षमतालाई सिमित पार्ने कुनै पनि न्यायिक वा व्यक्तिको अपाङ्गता, संज्ञानात्मक कार्यहरू वा उनीहरूको ग्रहणक्षमताका आधारमा वा अन्य कुनै पनि उपयाहरूका आधारमा गरिएका निर्णयले उनीहरूलाई यस अधिकारबाट वञ्चित गर्नु हुँदैन।

मतदान गर्ने, निर्वाचनको पक्षमा बस्ने, जनादेशको प्रयोग गर्ने र/वा राजनीतिक दल वा गैर सरकारी संस्थामा सक्रिय हुने वा सार्वजनिक कर्तव्यको पालन गर्ने जस्ता राजनीतिक तथा सार्वजनिक जीवनका सबै क्षेत्रमा अपाङ्गताका आधारमा हुने भेदभावलाई रोक लगाइएको पक्ष राष्ट्रहरूले सुनिश्चित गर्नुपर्दछ। अपाङ्गता भएका व्यक्तिहरूले पूर्णरूपमा राजनीतिक अधिकारहरूको प्रयोग गर्नका लागि उपयुक्त अनुकूलता (माथिको बुँदा २ हेर्नुहोस्, "पहुँचयुक्तता") को कार्यान्वयन गर्नु पर्ने दायित्व पूरा नहुनुलाई पनि विभेदपूर्ण गतिविधिहरूको रूपमा लिनुपर्दछ।

**डिसेम्बर २०११- अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा सहभागीता सम्बन्धी राम्रो अभ्यासको संहिता सम्बन्धी परिमार्जित भेनिस आयोगको व्याख्यात्मक घोषणा**[६३]

अ. **कानूनद्वारा लोकतन्त्रका लागि युरोपेली आयोग (भेनिस आयोग)** ले अक्टोबर २००२ मा पारित गरेको निर्वाचन सम्बन्धी राम्रा अभ्यासहरूको संहितामा उल्लेख भएको छ कि "युरोपको निर्वाचन संस्कृतिका पाँच अन्तरनिहित सिद्धान्तहरू विश्वव्यापी, समान, स्वतन्त्र, गोप्य र प्रत्यक्ष मताधिकार हो (आईटम अ)।" यस संहिताको अ.१.१ मा "सैदान्तिकरूपमा विश्वव्यापी मताधिकारको अर्थ यो हो कि सबै मानवलाई मतदान गर्ने र निर्वाचनमा पक्षमा रहने अधिकार छ भन्ने पनि उल्लेख छ।"

१. तसर्थ, अपाङ्गता भएका व्यक्तिहरू पनि अन्य नागरिकसरह समानरूपमा निर्वाचित प्रतिनिधिहरूका रूपमा निर्वाचनमा मतदान गर्ने र राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागी हुनको लागि सक्षम हुनुपर्दछ। लोकतान्त्रिक समाजको विकासका लागि सबै नागरिक राजनीतिक तथा सार्वजनिक जीवन र लोकतान्त्रिक प्रक्रियामा सहभागी हुनु अति महत्वपूर्ण छ।

**आ. संहितामा उल्लेख गरिएका सिद्धान्तहरूलाई तलका विवरणहरूले पूरा गर्दछन्।**

१. सबै बालिगहरूका लागि प्राप्त मताधिकार

२. सबै बालिगहरूका लागि मताधिकार प्राप्त गर्न पाउनु युरोपको निर्वाचन संस्कृतिको आधारभूत सिद्धान्त हो। अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको[६४] धारा २९ र मानव अधिकार सम्बन्धी युरोपेली अदालतको[६५] कानूनले सुनिश्चित गरे अनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई यस्तो व्यवस्थामा भेदभाव गरिने छैन।

३. मतदान प्रक्रिया र सुविधाहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त हुनुपर्दछ, जसले गर्दा उनीहरू आफ्नो लोकतान्त्रिक अधिकारहरू प्रयोग गर्न सक्छन् र मतदान व्यक्तिगत हुनुपर्दछ भन्ने सिद्धान्तका आधारमा आवश्यकता अनुसार सहयोगीमार्फत मतदान गर्न पाउने प्रावधानहरूका निम्ति अनुमति प्रदान गर्दछ (संहिता, आईटम अ.४.ख)।

४. मतदाताले मतदान गर्न सक्नेगरी र निर्वाचन सूचनामा पहुँच पुग्नेगरी सर्वमान्य संरचनाका सिद्धान्तहरूको[६६] प्रयोग र यसको निर्माणका सबै चरणहरूमा मतदाताहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागीता नै मतदानस्थल र निर्वाचन प्रक्रियालाई पहुँचयुक्त बनाउने प्रभावकारी तरिकहरू हुन्।

---

६३ Council of Europe and Venice Commission. "Revised Interpretative Declaration to the Code of Good Practice in Electoral Matters on the Participation of People with Disabilities in Elections." December 19, 2011. <http://www.venice.coe.int/webforms/documents/CDL-AD(2011)045.aspx>.

६४ The Convention on the Rights of Persons with Disabilities was adopted on December 13, 2006, by the United Nations in New York.

६५ European Court of Human Rights, case of *Kiss v. Hungary*, application No. 38832/06, judgment May 20, 2010. *See* in particular par. 43-44, with a reference to Article 29 of the UN Convention.

६६ Recommendation CM/Rec(2009)8 of the Committee of Ministers to member states on achieving full participation through Universal Design: Universal Design is a strategy which aims to make the design and composition of different environments, products, communication, information technology and services accessible and understandable to, as well as usable by, everyone, to the greatest extent in the most independent and natural manner possible, preferably without the need for adaptation or specialized solutions. The terms "design for all," "integral accessibility," "accessible design," "inclusive design," "barrier-free design," "transgenerational design" and "accessibility for all" are regarded as converging towards the term "Universal Design" used in this text.

### २. समान मताधिकार

५. "अवसरहरूमा समानताको सिद्धान्त सबै दल र उम्मेदवारलाई समान तरिकाले भएको सुनिश्चित गर्नुपर्दछ" (संहिता, आइटम अ.२.३.क) । अवसरहरूमा समानताको यो सिद्धान्त निर्वाचनमा सहभागी भएका अपाङ्गता भएका व्यक्तिहरूलाई पनि लागू हुनुपर्दछ ।

### ३. स्वतन्त्र मताधिकार

६. "मतदाताहरूलाई निर्वाचनमा सहभागी भएका उम्मेदवारहरूको सूची थाहा पाउन सक्षम बनाउने" (संहिता, आइटम अ.३.१.ख.आ) भन्ने कर्तव्य अन्तर्गत माथि उल्लेख गरिए अनुसारका सूचनाहरू यथासम्भव धेरै र उपयुक्त अनुकूलताको सिद्धान्तहरू[६७] अनुसार कानूनी नियम र वास्तविक सम्भाव्यतालाई पनि ध्यानमा राख्दै आवश्यक सबै वैकिल्पक ढाँचाहरूमा उपलब्ध तथा पहुँचयुक्त छ भनी सरकारी अधिकारिहरूले सुनिश्चित गर्नुपर्दछ । त्यसरी उपलब्ध गराइएका सूचनाहरू सजिलै पढ्न र बुझ्न सकिने हुनुपर्दछ ।

### ४. गोप्य मताधिकार

७. अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाताका रूपमा आफ्नो इच्छा स्वतन्त्ररूपमा अभिव्यक्त गर्न सक्ने अधिकार प्रत्याभूत गर्दै तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरूको अनुरोधमा मतदान गर्न उनीहरूले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने र त्यस्तो अवस्थामाा उनीहरू आफैंले छनौट गरेका[६८] व्यक्तिहरूले अनावश्यक प्रभाव पार्न नसक्ने गरी उनीहरूले गोप्य मतपत्रबाट मतदान गर्न पाउने अधिकारको संरक्षण गरिनु पर्दछ ।

अनुसूची

६७ Article 2 – Definitions of the United Nations Convention on the Rights of Persons with Disabilities; "reasonable accommodation" means necessary and appropriate modification and adjustments, not imposing a disproportionate or undue burden, to ensure to people with disabilities the enjoyment of human rights and fundamental freedoms on an equal basis with others.

६८ Article 29 (iii) of the United Nations Convention on the Rights of Persons with Disabilities; cf. item II.2 above, and the Code, item I.4.b.

## डिसेम्बर २०११- एसिया तथा प्यासिफिक क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग - अपाङ्गता भएका व्यक्तिहरूको एसिया तथा प्यासिफिक दशक २००३-२०१२ (दोस्रो सत्र) कार्यान्वयनको अन्तिम पुनरावलोकनमा उच्चस्तरीय अन्तरसरकारी बैठकका लागि सरोकारवालाहरूसँग गरिएको क्षेत्रीय परामर्श[६९]

लक्ष्य २: राजनीतिक तथा निर्णय निर्माणमा प्रक्रियाहरू सहभागीताको प्रवर्द्धन ।

छलफलका लागि निम्नलिखित सल्लाहहरू दिइएको छ ।

(अ) "राष्ट्रिय, क्षेत्रीय र स्थानीय पैरवी संस्थाहरूमा स्वावलम्बी संस्थाहरू र पारिवारिक वकालत समूहहरूको सहभागीता बढाउने" विषयक एउटा नयाँ लक्ष्य राख्ने ।

(आ) "अपाङ्गता भएका युवा", "बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू", "मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू", "बहु/विविध अपाङ्गता भएका व्यक्तिहरूले मतदान गर्ने अधिकार प्रयोग गर्नका लागि उनीहरूको क्षमता अभिवृद्धि तथा उपयुक्त अनुकूलता" र "अपाङ्गता भएका व्यक्तिहरू तथा उनीहरूका परिवारका सदस्यहरूका संस्थाहरूको प्रतिनिधि" थप्ने ।

(इ) "अपाङ्गता भएका व्यक्तिहरूको स्थानीयस्तरका व्यवस्थापकिय निकायहरू र न्यायिक प्रक्रियामा सहभागीता", "अन्य विकासका क्षेत्रगत निकायहरूको निर्णय निर्माण तहमा", "विविध अपाङ्गता भएका समूहहरूको राष्ट्रिय समन्वय संरचनामा मात्र होइन कि क्षेत्रीय समन्वय संरचनाहरूमा (प्रादेशिक/राज्य र स्थानीय) मा सहभागीता ।

(ई) अपाङ्गता भएका व्यक्तिहरूको मतदाता नामावली दर्तालगायत विविध अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाचन सम्बन्धी सूचना सामग्रीहरू र प्रक्रियाहरू पहुँचयुक्त बनाउनु पर्ने आवश्यक भए थप्ने ।

(उ) "राष्ट्रिय निर्वाचन आयोग वा त्यस्तैखालका निर्वाचन व्यवस्थापन निकायमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण" लाई थप्ने ।

## डिसेम्बर २०११ - अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागीता सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयद्वारा गरिएको विषयगत अध्ययन[७०]

६८. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिले उनीहरूको राजनीतिक सहभागीताका क्षेत्रमा एउटा नयाँ युगको थालनी गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूले अन्य नागरिकसरह राजनीतिक अधिकार तथा अवसरहरूको प्रयोग गर्न पाउने कुराको पक्ष राष्ट्रहरूले सुनिश्चितता गर्नु पर्ने धारा २९ ले उल्लेख गरेको छ । यस प्रावधानले कुनै कारणसहित रोक लगाउनु पर्ने आवश्यकता पनि देख्दैन र कुनै त्यस्ता अपवादजन्य कुराहरू गर्न स्वीकृति पनि दिँदैन । जीवनका सबै पक्षमा अपाङ्गता भएका व्यक्तिहरूको कानूनी क्षमता अन्य नागरिक सरह समान भएको पहिचान गर्ने धारा १२ ले पनि यसको सैद्धान्तिक पक्षमा कुनै अपवाद भएको मानेको छैन र "अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको कानूनी क्षमता समान रूपमा उपभोग गर्नमा पहुँच पुऱ्याउनका लागि आवश्यक पर्न सक्ने सहयोग" गर्नका लागि पक्षराष्ट्रहरूले उपयुक्त उपयाहरू अवलम्बन गर्नु पर्ने आवश्यकता भएको औँलाएको छ ।

६९ "Regional Stakeholder Consultation for the High-level Intergovernmental Meeting on the Final Review of the Implementation of the Asian and Pacific Decade of Disabled Persons, 2003-2012." Social Development in Asia and the Pacific. The Social Development Division of the United Nations Economic and Social Commission for Asia and the Pacific. <http://www.unescapsdd.org/disability/event/regional>.

७० Office of the United Nations High Commissioner for Human Rights. "Thematic study by the Office of the United Nations High Commissioner for Human Rights on participation in political and public life by persons with disabilities." United Nations. December 21, 2011. <http://www.ohchr.org/Documents/Issues/Disability/SubmissionThematicStudy/A.HRC.19.36_en.doc>.

६९. यस महासन्धिका आधारमा यो निष्कर्षमा पुग्न सकिन्छ कि अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको अपाङ्गताका आधारमा राजनीतिक अधिकारबाट वहिस्करण वा वञ्चितीकरण गर्नु धारा २ को परिभाषा अनुसार "अपाङ्गता आधारमा भएको भेदभाव" हो र यस्तो विषय महासन्धिसँग बाझिन्छ ।

७०. ओ.एच.सी.एच.आर. का प्रश्नावलीमा प्रतिक्रिया दिएका धेरैजसो राष्ट्रले मनोसामाजिक र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको राजनीतिक अधिकार सम्बन्धी कानूनी क्षमतासँग सम्बन्धित संविधान वा कानूनी व्यवस्थाहरूका आधारमा मतदान गर्ने र निर्वाचित हुने अधिकारबाट निरन्तर वञ्चित भएका छन् । यस्ता प्रतिवन्धहरू पक्ष राष्ट्रहरू सहमत भएका महासन्धिका धाराहरू २, १२ र २९ अनुसार विमेल खाने खालका छन् र महासन्धिको धारा ४, अनुच्छेद १ (क) र (ख) अनुसार राष्ट्रिय कानूनहरूमा भएका यस्ता प्रावधान प्राथमिकताका साथ हटाउनु पर्दछ । मनोसामाजिक वा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको मतदान गर्ने र निर्वाचित हुने अधिकारलाई सुनिश्चित गर्नका लागि महासन्धिको धारा १२ को अनुच्छेद ३ र २९ को (क) (इ) अनुसार अपाङ्गता भएका व्यक्तिहरूले रोजेको व्यक्तिको सहयोग लिनेलगायतका उनीहरूलाई आवश्यक पर्न सक्ने सहयोगहरू उपलब्ध गराउन पक्ष राष्ट्रहरूले उपयुक्त पयाहरू अवलम्बन गर्नुपर्दछ ।

७१. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २५ लाई अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको क्षेत्रमा भएका विकासहरूलाई पनि ध्यानमा राखी विश्लेषण तथा व्याख्या गरिनु पर्दछ । नवीनतम विकासका आधारमा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनमा भएका यस्ता प्रगति उन्मुख विकासलाई सम्बोधन गर्नका लागि सार्वजनिक जीवनमा सहभागी हुन पाउने अधिकार, मतदान गर्न पाउने अधिकार र सार्वजनिक सेवामा समान पहुँच सम्बन्धी अधिकारहरू सम्बन्धी सामान्य कैफियत संख्या २५ (१९९६) लाई मानव अधिकार समितिले पुनरावलोकन गर्नुपर्दछ ।

७२. यस्ता प्रश्नावलीमा दिइएका उत्तरहरूमा पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिलाई पनि अन्य व्यक्तिहरूसरह आफ्नो मतदान गर्ने अधिकार सुनिश्चित गर्नका लागि चालेका कदमहरू सम्बन्धी धेरै सकारात्मक उदाहरण छन् । तथापि, यसले यो पनि देखाएको छ कि धेरै देशमा अझै पनि अपाङ्गता भएका व्यक्तिले पहुँचयुक्त नभएका निर्वाचन स्थलहरू देखि पहुँचयुक्त ढाँचामा सूचना नपाउनेसम्मका भौतिक र संचार सम्बन्धी अवरोधहरू भोग्नु परेको छ जसले उनीहरूको सार्बजनिक जीवनमा समान तथा प्रभावकारी सहभागीतालाई सिमित पार्दछ वा रोक्दछ । अपाङ्गता भएका व्यक्तिले राजनीतिक अधिकारको समान तथा प्रभावकारी उपभोग गरेको सुनिश्चित गर्नका लागि अझै धेरै गर्नुपर्ने छ ।

७३. मतदान गर्न पाउने अधिकार स्वतन्त्ररूपमा आफैँले प्रयोग गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूले नै रोजेका व्यक्तिमार्फत मतदान गर्नका लागि पक्ष राष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नु पर्ने आवश्यकता भएको धारा २९ (क) (इ) ले औँलाएको छ । यसको उत्तर स्वरुप पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने अधिकार प्रयोग गर्नका लागि डाँकको माध्यमको प्रयोग, विषेश मतदान केन्द्र लगायत राजनीतिक सहभागीता सुनिश्चित गर्न प्रयोगमा ल्याइएका विभिन्न तरिकाहरुको सूचि प्रस्तुत गरेका थिए ।

७४. मतदान सम्बन्धी यस्ता उपयाहरूको प्रभावकारितालाई अपाङ्गता भएका व्यक्तिहरूलाई समाजका सबै पक्षहरूमा समावेश हुनका लागि चाहिने सामान्य दायित्वहरूसँग दाँजेर हेर्नुपर्दछ र उनीहरूको स्वतन्त्रता, स्वायत्तता र मर्यादालाई प्रवर्द्धन गर्ने हुनुपर्दछ । अन्य व्यक्तिहरूले जस्तै अपाङ्गता भएका व्यक्तिहरूले पनि मतदान गर्न असम्भव भएका वा मतदान गर्न नसकिने अवस्थामा मात्र मतदानका बैकिल्पक तरिकाहरू प्रयोग गरिनु पर्दछ । अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागीता सुनिश्चित गर्न आम विश्वासका आधारमा उनीहरूलाई मतदान गर्दा दिइने सहायता र मतदानका बैकिल्पक तरिकाहरू महासन्धिको धारा ४ र २९ अन्तर्गत पक्ष राष्ट्रहरूको सामान्य दायित्वसँग नमिल्ने पनि हुनसक्छ ।

## नोभेम्बर २०१२ - निर्वाचनमा समान पहुँच सम्बन्धी बाली प्रतिवद्धता[७१]

हामी, निर्वाचन व्यवस्थापन निकायहरू, अपाङ्गता भएका व्यक्तिका संस्थाहरू र नागरिक समाजका संस्थाहरू, अन्तर्राष्ट्रिय संस्थाहरूका सदस्यहरू, र शैक्षिक क्षेत्रका प्रतिनिधिहरू यो पहिचान गर्दछौँ कि देशको राजनीतिक प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरू प्रायजसो वहिष्करणमा परेको स्वीकार गर्दछौँ र उनीहरूका लागि निर्वाचन प्रक्रियाहरू अझ बढी समावेशी तथा पहुँचयुक्त बनाउनका लागि आवश्यक पहलहरू गर्न प्रतिबद्ध छौँ ।

हामी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिमा घोषणा गरिएका अधिकार तथा सिद्धान्तहरूको पुनपुष्टि गर्दछौँ ।

हामी स्वतन्त्र, स्वच्छ र पहुँचयुक्त निर्वाचन र गोप्य मतपत्रको माग गर्दछौँ । यी अधिकारहरू शारीरिक, ज्ञानेन्द्रिय, बौद्धिक वा मनोसामाजिकरूपमा अपाङ्गता भएका लगायत सबै नागरिकमा समानरूपले लागू हुन्छ ।

हामी दक्षिणपूर्व एसियाका प्रत्येक देशले यो स्वीकार गर्दछौँ कि हाम्रा आ-आफ्नै खालका विशेष अवरोधहरू छन् । हामी आसियान सदस्य राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको सहभागीता तथा भूमिका अभिवृद्धि सम्बन्धी बाली घोषणा पत्रको धारा ७ मा घोषणा गरिएको प्रतिवद्धतालाई पुनस्मरण गर्दछौँ ।

हामी सबै अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण र समान राजनीतिक सहभागीताविरूद्ध हुने सबैखालका विभेदहरू हटाउन प्रतिवद्ध हुने निर्णय गर्दछौँ । यी दायित्वहरूलाई आत्मसात गर्दै, हामी यसपछि उल्लेख गरिए अनुसार अपाङ्गता भएका व्यक्तिहरूको समान अवसरको सुनिश्चितताका लागि सँगसँगै कार्य गर्न मञ्जुरी गर्दछौँ ।

१. राष्ट्रिय परिचयपत्र बनाउने र मतदानका लागि दर्ता हुने ।
२. निर्वाचन कानूनमा समान हैसियत गराउने ।
३. नागरिक तथा मतदाता शिक्षा र राजनीतिक दलका मञ्चहरूमा सांकेतिक भाषा, ब्रेल, श्रव्य सामग्री, ठूलो छापा अक्षर, चित्रहरू र पढ्न र बुझ्न सरल जस्ता पहुँचयुक्त ढाँचामा प्राप्त गर्ने ।
४. मतदानकेन्द्रमा सहयोगीको व्यवस्था, स्पर्श संचार ढाँचामा मतपत्र सम्बन्धी मार्गनिर्देशिका, कम उचाईमा मतदान केन्द्र, ठूलो देखाउने सिसा (म्याग्निफाईङ ग्लास) र समात्ने ठाउँ ठूलो भएको कलम (लार्ज ग्रीप पेन) जस्ता उपयुक्त अनुकूलताका उपयाहरू अबलम्बन गर्ने ।
५. र्‍याम्प र सहयोग सामग्री प्रयोग गर्ने व्यक्तिहरूका लागि सजिलै आवागमन गर्न सकिने भवनहरू जस्ता पहुँचयुक्त संरचनाहरू भएको ।
६. निर्वाचनको मतगणना र परिणामहरूको पहुँचयुक्त ढाँचामा घोषणा ।
७. उजुरी दिने र निर्वाचन विवाद निरूपण प्रक्रियामा सहभागीता जनाउने ।
८. उम्मेदवार, निर्वाचन व्यवस्थापन अधिकारी, निर्वाचन कार्यकर्ता र पर्यवेक्षक भई नेतृत्वदायी भूमिका लिने ।

हामी यस सम्मेलनबाट आफ्नो देशमा फर्केपछि यहाँका अनुभव र उपलब्धि हाम्रा सरकार, अपाङ्गता भएका व्यक्तिका संस्थाहरू, नागरिक समाज, संचार क्षेत्र र अन्य सरोकारवालाहरूसँग आदानप्रदान गर्नेछौ । हामी यस सहकार्यलाई नियमित गर्न र हाम्रा सिकाइ तथा राम्रो अभ्यासहरू एक आपसमा साटासाट गर्न इच्छुक भएको पनि सुनिश्चित गर्दछौ ।

* सहभागीहरूले निर्वाचन व्यवस्थापन निकायहरूलाई दर्ता प्रक्रियाका बेलामा अपाङ्गताका प्रकारका बारेमा पनि सूचना संकलन गर्न उत्प्रेरित गर्नेछन् ।

७१ “Bali Commitments on Equal Access to Elections.” International Foundation for Electoral Systems. <http://www.IFES.org/Content/Publications/Articles/2012/~/media/Files/Publications/International Standards/2012/Bali Commitments on Equal Access to Elections_Nov 2012.pdf>.

USAID
FROM THE AMERICAN PEOPLE

INTERNATIONAL FOUNDATION FOR ELECTORAL SYSTEMS
IFES
25 YEARS

NDI
NATIONAL DEMOCRATIC INSTITUTE